# “पहाडी पुकार” को कृतिगत विश्लेषण

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**


शोधार्थी
**पवित्रा पन्थी पौडेल**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्व विद्यालय
कीर्तिपुर, काठमाडौँ

२०६९

शोध निर्देशक
सह प्रा.- रमेश प्रसाद भट्टराई

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, एम्.ए. दोस्रो वर्षका छात्रा **पवित्रा पन्थी पौडेल**ले **पहाडी पुकारको कृतिगत विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँले निकै परिश्रमपूर्वक तयार पार्नु भएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०६९ ।   ।

.......................................

**सह-प्रा. रमेश प्रसाद भट्टराई**
त्रिभुवन विश्व विद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०६९

**त्रिभुवन विश्व विद्यालय**
**मानविकी तथा समाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिक शास्त्र सङ्काय अर्न्तगत नेपाली केन्द्रीय विभागका छात्रा पवित्रा पन्थी पौडेलले स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्रको प्रयोजनको लागि तयार पार्नु भएको **पहाडी पुकारको कृतिगत विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ।

## शोधपत्र मूल्याङ्कन समिति

प्रा.डा. देवी प्रसाद गौतम ........................................
(विभागीय प्रमुख)

सह-प्रा. रमेश प्रसाद भट्टराई ........................................
(शोधनिर्देशक)

सह-प्रा. हेमनाथ पौडेल ........................................
(बाह्य परीक्षक)

मिति : २०६९ ।   ।

# कृतज्ञता ज्ञापन

प्रस्तुत 'पहाडी पुकारको कृतिगत विश्लेषण' शीर्षकको स्नातकोत्तर तह नेपाली विषयको शोधपत्र खण्डकाव्यको सिद्धान्त र त्यही सिद्धान्तका धरातलमा टेकी 'पहाडी पुकार' काव्यको अध्ययन गरिएको छ । प्रस्तुत शोधकार्य मैले आदरणीय गुरुवर सहप्राध्यापक रमेश प्रसाद भट्टराईको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो विविध कार्य व्यस्तता हुँदाहुँदै पनि मलाई यस शोधकार्यका क्रममा अतुलनीय योगदान पुऱ्याउनु हुने शोध-निर्देशक गुरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सामग्री सङ्कलन गर्न महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुहरू सहप्राध्यापक डा. खगेन्द्र लुइटेल र उपप्राध्यापक डा. सुकुम शर्माप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

सर्वप्रथम प्रस्तुत शीर्षकमा शोधकार्य गर्ने अनुमति दिने विभागीय प्रमुख सहित नेपाली केन्द्रीय विभाग कीर्तिपुरप्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । त्यस्तै पूर्वकार्य अन्तर्गत यस कृतिका बारेमा समीक्षा गर्ने समीक्षकहरूप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । त्यसका अतिरिक्त आवश्यक पुस्तकालयीय सामग्रीहरू उपलब्ध गराइ दिने केन्द्रीय पुस्तकालय, त्रि.वि.वि. कीर्तिपुरप्रति पनि आभार व्यक्त गर्दछु । यसै गरी प्रस्तुत शोधपत्र तयार पार्नका लागि आवश्यक सल्लाह, सुझाव र वातावरण मिलाइ दिने पुत्रहरू प्रशान्त पन्थी र प्रज्ज्वल पन्थी एवंम् प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने श्रीमान् थानेश्वर पन्थी तथा विभिन्न तहबाट सहयोग गर्ने सुशिला प्रसाई, लीला बानियाँ, हेमन्ता सुवेदी लगायतका मित्रहरूप्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्दछु । सङ्कलित सामग्रीहरू होसियारीपूर्वक टङ्कन गरिदिने सहदेव महर्जनप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा म प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सविनय अनुरोध सहित नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्व विद्यालय कीर्तिपुर समक्ष पेश गर्दछु ।

मिति : २०६९ ।   ।

पवित्रा पन्थी पौडल
स्नातकोत्तर तह, दोस्रो वर्ष
समूह २०६५/२०६६
नेपाली केन्द्रीय विभाग
त्रि.वि.वि. कीर्तिपुर

# संक्षेपीकरण

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| आइ.एस्सी. | इन्टर मिडियट लेबल इन साइन्स |
| क्र.स. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि.वि. | त्रिभुवन विश्व विद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| पाँ.सं. | पाँचौं संस्करण |
| पृ. | पृष्ठ |
| वी.ए. | ब्याचलर लेबल इन आर्ट्स |
| वी.एल. | ब्याचलर लेबल इन ल |
| वि.सं. | विक्रम सम्बत् |
| स्व. | स्वर्गीय |
| सा.द. | साहित्यदर्पण |
| सं. | संस्करण |

# विषयसूची


| | | |
|---|---|---|
| **परिच्छेद एक** | | **१-६** |
| **१.** | **शोधपरिचय** | **१** |
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्व कार्यको समीक्षा | २ |
| १.५ | अध्ययनको औचित्य | ५ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ५ |
| १.७ | शोधविधि | ६ |
| १.८ | शोधपत्रको रूपरेखा | ६ |
| **परिच्छेद - दुई** | | **७-१९** |
| **२.** | **खण्डकाव्यको सैद्धान्तिक स्वरूप** | **७** |
| २.१ | साहित्यको एक विधाका रूपमा कविता | ७ |
| २.२ | कविताको एक उपविधाका रूपमा खण्डकाव्य | ७ |
| २.३ | खण्डकाव्यसम्बन्धी पूर्वीय साहित्यशास्त्रीय चिन्तन | ८ |
| २.४ | खण्डकाव्यसम्बन्धी पाश्चात्य चिन्तन | १० |
| २.५ | नेपाली साहित्यमा खण्डकाव्यसम्बन्धी चिन्तन | ११ |
| २.६ | कविताको मध्यम विधाका रूपमा खण्डकाव्य | १३ |
| २.७ | खण्डकाव्यको परिभाषा | १३ |
| २.८ | खण्डकाव्यका तŒव | १३ |
| २.८.१ | शीर्षकीकरण | १४ |
| २.८.२ | आख्यानात्मक वा आख्यानविकल्पी प्रबन्धविधान | १४ |
| २.८.२ क | कथावस्तु | १५ |
| २.८.२ ख | पात्र विधान | १५ |

२.८.२ ग परिवेश विधान १५

२.८.३ भाव विधान १६

२.८.४ सर्ग योजना १६

२.८.५ कथन पद्धति १७

२.८.६ लय विधान १७

२.८.७ बिम्ब, प्रतीक र अलङ्कार विधान १८

२.८.८ भाषाशैली १८

२.९ निष्कर्ष १९

**परिच्छेद - तिन** **२०-३०**

**३. खण्डकाव्यकार देवकोटा र उनको खण्डकाव्ययात्रा** **२०**

३.१ रचनाकारको परिचय २०

३.२ कवि लक्ष्मी प्रसाद देवकोटा २१

३.३ नेपाली खण्डकाव्य परम्परामा कवि देवकोटाको आगमन २१

३.४ देवकोटाको खण्डकाव्य-यात्रा र चरण विभाजन २२

३.५ देवकोटाका खण्डकाव्यकृतिको कालक्रमिक विवरण २७

३.६ निष्कर्ष २९

**परिच्छेद- चार** **३१-७२**

**४. 'पहाडी पुकार' को कृतिगत विश्लेषण** ३१

४.१ रचनाको पृष्ठभूमि ३१

४.२ शीर्षकीकरण ३३

४.३ कृतिको विधागत पहिचान ३६

४.४ आख्यानात्मक संरचना ३८

४.४.१ कथावस्तु ३९

४.४.२ पात्रविधान ४५

४.४.३ परिवेश विधान ५१

४.५ भावविधान ५५

४.६ संरचना ५८
४.७ कथन पद्धति ५९
४.८ लय विधान ६०
४.९ बिम्ब, प्रतीक र अलङ्कार विधान ६२
४.१० वैचारिक चिन्तन ६६
४.१०.१ तत्कालीन अवस्थाको यथार्थ चित्रण ६६
४.१०.२ मानवतावाद ६७
४.१०.३ क्रान्ति चेत ६८
४.१०.४ प्रगतिशीलता ६८
४.११ भाषाशैली ७०
४.१२ निष्कर्ष वा उपसंहार ७२

**परिच्छेदं-पाँच** **७३-७९**

**५. शोधनिष्कर्ष र मूल्याङ्कन** ७३
५.१ परिच्छेद एकको निष्कर्ष ७३
५.२ परिच्छेद दुईको निष्कर्ष ७३
५.३ परिच्छेद तिनको निष्कर्ष ७४
५.४ परिच्छेद चारको निष्कर्ष ७५
५.५ मूल्याङ्कन ७७

**सन्दर्भग्रन्थ सूची** **८०-८२**

"पहाडी पुकार" को कृतिगत विश्लेषण - पवित्रा पन्थी पौडेल
२०६९

"पहाडी पुकार" को कृतिगत विश्लेषण - पवित्रा पन्थी पौडेल
२०६९

# परिच्छेद-एक

# १. शोधपरिचय

## १.१. विषय परिचय

नेपाली साहित्यका विशिष्ट व्यक्तित्व तथा साधक लक्ष्मी प्रसाद देवकोटा (वि.सं. १९६६-२०१६)द्वारा प्रवासमा रहँदा वि.सं. २००५ सालमा रचना गरिएको कृति 'पहाडी पुकार' हो । कृतिको रचना भएको उक्त कालखण्डमा राजनीतिक स्वतन्त्रताका लागि सङ्घर्ष गर्दै सफलता प्राप्त गरिरहेको अन्तर्राष्ट्रिय परिवेश विद्यमान थियो । अर्कोतिर देशभित्रै पनि 'मकै पर्व', 'सहिद काण्ड' आदि जस्ता राजनीतिक घटनाहरूबाट सचेत नेपालीहरूमा चेतनाको लहर सल्बलाइ रहेको थियो । निरङ्कुश तथा जहानियाँ राणा शासन विरुद्ध आवाज उठि रहेको तत्कालीन परिप्रेक्ष्यमा राणाहरूद्वारा 'पुस्तकालय पर्व' मा देवकोटा आफै पनि दण्डित हुनु परेको पृष्ठभूमिमा वनारस प्रवासमा रहँदा धक फुकाएर राणाशासनका विरुद्ध तमाम दीनहीन नेपाली जनतालाई जनक्रान्तिमा अग्रसर हुन आह्वान गर्दै यो काव्य लेखिएको हो ।

झ्याउरे लयमा लेखिएको यो कृति दुई/दुई पङ्क्तियुक्त (मुद्रित रूप चार हरफे ढाँचा देखिए तापनि) जम्मा सैंतिस श्लोकमा संरचित छ (अवस्थी, २०६१: ३७०) । नेपाली इतिहासको एउटा काल खण्डमा नवीन संचेतनालाई यथार्थ रूपमा प्रस्तुत गरिएको यस काव्यको कृतिपरक अध्ययन अहिलेसम्म हुन नसकेको अवस्थामा यस शोधपत्रले विधागत विश्लेषणका आधारमा कृतिगत अध्ययनलाई प्रस्तुत गरेको छ ।

## १.२ समस्याकथन

साहित्य समीक्षक तथा समालोचकहरूमा देवकोटाको यस काव्यात्मक कृतिलाई मुख्य रूपमा उनमा रहेको विद्रोह चेतको चर्चा गर्दा मात्र उद्धरण गरिने प्रवृति रहेकामा कृतिको अन्य कोणबाट भने पर्याप्त विश्लेषण गर्न नसकिएको अवस्थालाई यस शोधकार्यमा

शोध समस्याका रूपमा पहिचान गरिएको छ । बुँदागत रूपमा यस शोधकार्यको समस्या कथनलाई यसरी प्रस्तुत गरिएको छ ।

क. ‘पहाडी पुकार’ काव्यमा के-कस्ता खण्डकाव्यीय विशेषताहरू पाइन्छन् ?

ख. ‘पहाडी पुकार’ मा अभिव्यक्त देवकोटाको वैचारिक चिन्तन के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोध समस्यामा केन्द्रित रही देवकोटाको ‘पहाडी पुकार’ काव्य कृतिको कृतिगत विश्लेषण गर्नुका साथै कवि देवकोटाले उक्त काव्यमा प्रयोग गरेको विषय वस्तु, भावभूमि, शैली-शिल्प, विचार वा चिन्तन आदिको विवेचनात्मक अध्ययन गर्नु र त्यसबाट प्राप्त हुने निष्कर्ष प्रस्तुत गर्नु यस शोधकार्यको उद्देश्य हो । यसलाई बुँदामा यसरी दिन सकिन्छ ।

क. खण्डकाव्य तत्वका आधारमा ‘पहाडी पुकार’ को कृतिगत विश्लेषण गर्नु ।

ख. ‘पहाडी पुकार’ मा अभिव्यक्त देवकोटाको वैचारिक चिन्तनका बारेमा विवेचना गर्नु ।

## १.४ पूर्व कार्यको समीक्षा

कविता विधाका विभिन्न आयाममध्ये फुटकर कवितादेखि महाकाव्यसम्म रचना गरी परिमाणात्मक र गुणात्मक योगदान दिने वरिष्ठ प्रतिभा देवकोटाका धेरै जसो रचनात्मक कृतिको विभिन्न विद्वान्हरूद्वारा समीक्षा भइसकेको छ । ‘पहाडी पुकार’ कृतिका बारेमा पनि समय समयमा विभिन्न विद्वान्हरूबाट भएका टिप्पणीहरूलाई यस शोधकार्यको पूर्वकार्य अन्तर्गत कालक्रमिक ढङ्गले प्रस्तुत गरिन्छ ।

**गोविन्द भट्ट**(२०२५) ले **‘भानु’** पत्रिकामा प्रकाशित “लक्ष्मी प्रसाद देवकोटामा क्रान्तिकारी प्रवृत्ति” शीर्षकको लेखमा राणाहरूको दमन चक्रका विरुद्ध खुलम खुला हाँक दिएको नेपाली

साहित्यको जेठो कृतिका रूपमा 'पहाडी पुकार' लाई चिनाएका छन् । यस भनाइलाई कृतिको महत्व र उद्देश्य लेखन कार्यमा सहयोगी मानी उपयोग गर्न सकिने देखिन्छ ।

**चूडामणि बन्धु** (२०३७) ले **'देवकोटा'** नामक जीवनीमूलक ग्रन्थमा नेपालीहरूमा आत्मबल भर्दै उनीहरूमा उज्यालो र चेतनाको विकासका निम्ति एवम् उनीहरूको मानवीय अधिकार प्राप्तिका निम्ति देवकोटा भदौका उग्र गर्मीमा आफ्नो एक आने 'पहाडी पुकार' हातमा लिएर गाइरहेका हुन्छन् भन्ने उल्लेख गरेका छन् । उनका समीक्षात्मक प्रस्तुतिमा जीवनीपरक र प्रभावपरक समालोचना पद्धतिको प्रयोग भएको छ । जुन कुरा यस कृतिको कृतिगत विश्लेषणको सैद्धान्तिक आधार, ढाँचा र प्रक्रिया निर्माणका लागि उपयोगी मान्न सकिन्छ ।

**पद्मप्रसाद देवकोटा** (२०३८) ले यसै कृति **'पहाडी पुकार'** को तेस्रो संस्करणको भूमिकाका रूपमा 'दुई शब्द' शीर्षकमा यस कृतिका बारेमा चर्चा गर्दै मानव मूल्यहरू स्थापना गर्ने आशाले ज्यानको बाजी लगाएर नेपाली जनताका पक्षमा र २००७ सालको क्रान्तिका पक्षमा जनसमर्थन जुटाउने उद्देश्यले यस कृतिको जन्म भएको भनी कृति लेखनको उद्देश्यलाई प्रस्ट पारेका छन् ।

**कृष्ण चन्द्रसिंह प्रधान** (२०४३) ले **'गरिमा'** पत्रिकामा प्रकाशित "नेपाली साहित्यमा स्वच्छन्दतावादः अङ्ग्रेजी प्रभाव र महाकवि देवकोटा" शीर्षक लेखमा प्रतिबन्धित राजनीतिक अवस्थामा मनभित्रका आक्रोश, जलन, असन्तुष्टि र जिजीविषाहरूलाई रोमान्टिकवाद मार्फत् अभिव्यक्त गरेका छन् । जुन कुरालाई 'पहाडी पुकार' कृतिको गम्भीरताको विश्लेषण र मूल्याङ्कनका निम्ति महत्त वपूर्ण मान्न सकिन्छ ।

**ताराकान्त पाण्डेय** (२०५५/५६) को **'वाङ्मय'** पत्रिकामा प्रकाशित "देवकोटाको खण्डकाव्यकारिताः प्राप्ति र सीमाका परिप्रेक्ष्यमा" शीर्षक लेखमा 'पहाडी पुकार' लाई पुष्ट र सबल खण्डकाव्यीय संरचना विहीन कृति भए तापनि यसमा व्यञ्जित विद्रोही चेतनाको गति र प्रवाह अरू खण्डकाव्यमा नपाइने उल्लेख गरेका छन् । जुन कुराले यस कृतिमा स्पष्ट खण्डकाव्यिक विशेषता नभएको तर विद्रोही चेतना प्रबल भएको कुराको पुष्टि गर्दछ ।

**महादेव अवस्थी** (२०६१) ले "लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता" नामक शोधग्रन्थमा 'पहाडी पुकार' लाई सैद्धान्तिक आधारका कोणबाट हेर्दा खण्डकाव्यात्मक लमाइको पुष्टता नपाइए तापनि नेपाली जनताले भोगेको थिचोमिचो, जेलनेल, गरिबी, अशिक्षा, बेरोजगारी र विदेश पलायन जस्ता कटुयथार्थ अभिव्यक्त गरिएको कृति भनेर यसको आयाम र तत्कालीन नेपाली जनताको वास्तविकतालाई औँल्याएका छन् ।

**नेत्रप्रसाद न्यौपाने** (२०६४) को **"देवकोटाका काव्यकृतिमा मानवतावाद"** शीर्षकको विधावारिधि शोध प्रबन्धमा 'पहाडी पुकार' लाई भाषिक सरलता, मानवमूल्य र जागृतिको त्रिवेणी भनेर परिचय दिइएको छ । यसलाई कृतिको रूपपक्ष र भावपक्षको विश्लेषणका क्रममा महत्वपूर्ण सामग्रीका रूपमा लिन सकिन्छ ।

**रामप्रसाद ज्ञवाली** (२०६५/६६) ले **'कुञ्जिनी'** पत्रिकामा प्रकाशित "महाकवि देवकोटाका रचनाहरूमा वर्गीय पक्षधरता र प्रगतिशीलता" शीर्षक लेखमा राणाशाहीका विरुद्ध जोखिम मोलेर सामन्ती अर्थतन्त्र र तानाशाही राज्यव्यवस्था विरुद्ध आक्रोशपूर्ण विद्रोही प्रगतिशील स्वर 'पहाडी पुकार' मा देखाउँदै यसलाई वर्गसङ्घर्षको पक्षमा लेखिएको कविताका रूपमा चिनाएका छन् ।

**वासुदेव अधिकारी** (२०६६) ले **'भृकुटी'** पत्रिकामा "पहाडी पुकार जनमर्मको म्युजियम" नामक समालोचनात्मक लेखमा यस कृतिलाई देवकोटाको सङ्घर्ष चेतको शीर्ष अभिव्यक्ति मान्दै त्यसभित्र जनताका मर्मैमर्मको खातलाई म्युजियमका रूपमा चित्रण गरेका छन् । यसलाई शोधकार्यमा महत्वका साथ लिन सकिन्छ ।

**ऋषिराज बराल** (२०६६) ले **'भृकुटी'** पत्रिकामा प्रकाशित "देवकोटामा विद्रोह चेतनाः मूल्य निरूपणको प्रयास" शीर्षक लेखमा 'पहाडी पुकार' लाई यथास्थितिवाद विरुद्ध तीव्र आक्रोश, घृणा र परिवर्तनको आह्वान गरिएको कृति भनेर परिचय दिएका छन् । यस कार्यलाई कृतिको मूल्याङ्कनका क्रममा सहायक सामग्री मान्न सकिन्छ ।

**खगेन्द्र प्रसाद लुइटेल** (२०६६) ले **'गरिमा'** पत्रिकामा प्रकाशित "पहाडी पुकारमा प्रगतिवादी क्रान्तिचेत" शीर्षक लेखमा सहजै उपलब्ध नहुने र धेरैलाई यसबारे विशेष जानकारी

नभएको क्रान्तिचेतयुक्त विचारप्रधान प्रगीतात्मक संरचनाको कविताका रूपमा 'पहाडी पुकार' लाई उल्लेख गरेका छन् । उनको यस टिप्पणीलाई शोधकार्यमा कृतिको आयामगत र भावगत विश्लेषण कार्यमा सहायक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ ।

**मोहनविक्रम सिंह** (२०६६) ले **'भृकुटी'** पत्रिकामा प्रकाशित "लक्ष्मी प्रसाद देवकोटाः वैचारिक पक्षको अध्ययन" नामक लेखमा वैचारिक दृष्टिले उनका रचनाहरूलाई मुनामदन पूर्वकाल, मुनामदन काल, पहाडी पुकार काल र प्रमिथस काल गरी चार खण्डमा विभाजन गर्नु उचित हुन्छ भन्दै  पहाडी पुकार कालमा देवकोटाको साहित्यमा राजनीतिले प्रवेश गर्दछ भनेर उनले देवकोटालाई एक राजनीतिक व्यक्तित्वका रूपमा पनि चिनाउन चाहेका छन् । यस भनाइलाई कृतिमा अभिव्यक्त चिन्तनको विश्लेषणमा सहायक मान्न सकिन्छ ।

**सुकुम शर्मा** (२०६७) ले **'कौशिकी'** पत्रिकामा प्रकाशित "पहाडी पुकारमा देवकोटाको क्रान्तिचेत" नामक समालोचनात्मक लेखमा यस कृति लेखन कालमा देवकोटामा प्रवाहमय रुमानी भाव मत्थर भई सामाजिक यथार्थ तर्फको सचेत लेखन प्रारम्भ भएको मान्दै सामाजिक क्रान्तिका धरातलबाट हेर्दा पहाडी पुकारलाई अब्बल कृति मानेका छन् । उनको यस भनाइलाई कृतिमा अभिव्यक्त क्रान्ति चेतको उत्कृष्ठ नमुनाका रूपमा चिनाउने सहायक सामग्री मान्न सकिन्छ ।

यसरी 'पहाडी पुकार' का सम्बन्धमा गरिएका पूर्व अध्ययनलाई हेर्दा प्रायः सबैले यसका वैचारिक पक्षको बारेमा बढी चर्चा गरेको पाइन्छ । देवकोटाको यस कृतिका विषयमा गरिएको अध्ययन र पूर्वकार्यले यस काव्यको आंशिक सन्दर्भ र विषयलाई मात्र प्रस्तुत गरेको हुँदा यसको समग्र पक्षको अध्ययन विश्लेषण हुन नसकेको देखिन्छ ।

## १.५ अध्ययनको औचित्य

प्रस्तुत शोधकार्यले चाहिँ यसको कृतिगत अध्ययनलाई पूर्णता दिने कार्य गरेको छ । 'पहाडी पुकार' राणाशासन, नेपाली राजनीति, तत्कालीन नेपाली जनताको आर्थिक, सामाजिक अवस्था र त्यसका विरुद्धको सशक्त काव्यात्मक अभिव्यक्ति हो । सोही संचेतनाको

अभिव्यक्तिका रूपमा रहेको यस काव्यको समग्र अध्ययन अहिलेसम्म हुन नसकेको अवस्थामा यसको अन्तर्वस्तु तथा रूपगत पक्षको अध्ययन गरी कृतिगत मूल्यको पहिचान गरिने हुँदा यो अध्ययन औचित्यपूर्ण र सान्दर्भिक रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा साहित्यका विभिन्न विधाहरू मध्ये कविता विधा, कविता विधाका विभिन्न आयाममध्ये खण्डकाव्यात्मक संरचना अन्तर्गत् रहेर 'पहाडी पुकार' को विधातात्विक विश्लेषण गरिएको छ । यस बाहेक कृतिमा अभिव्यक्त वैचारिक चिन्तनका बारेमा पनि अध्ययन गरिएको छ । देवकोटाले आधा दर्जन महाकाव्य, करिब तिन दर्जन खण्डकाव्य र प्रशस्त फुटकर कविताहरू सिर्जना गरेको भए तापनि उनको यसै 'पहाडी पुकार' कृतिमा मात्र केन्द्रित रहेर अध्ययन विश्लेषण गर्नु नै यस शोध कार्यको सीमा हो ।

## १.७ शोधविधि

### क. सामग्री सङ्कलन विधि

यस अन्तर्गत प्राथमिक स्रोतका रूपमा 'पहाडी पुकार' कृतिलाई नै लिइएको छ भने द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय अध्ययन विधि र विषय विशेषज्ञको सहयोगलाई आधार मानिएको छ ।

### ख. सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

शोधकार्यमा सङ्कलित सामग्रीको विश्लेषण गर्दा पूर्वीय र नेपाली सैद्धान्तिक अवधारणालाई वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाई गुणात्मक शोधविधि अन्तर्गत रहेर गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

शोधकार्यलाई निम्न लिखित पाँच परिच्छेदमा सङ्गठित गरिएको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : खण्डकाव्यको सैद्धान्तिक स्वरूप

परिच्छेद तिन : खण्डकाव्यकार देवकोटा र उनको खण्डकाव्ययात्रा

परिच्छेद चार : पहाडी पुकारको कृतिगत विश्लेषण

परिच्छेद पाँच : शोधनिष्कर्ष र मूल्याङ्कन

## परिच्छेद- दुई

# २. खण्डकाव्यको सैद्धान्तिक स्वरूप

खण्डकाव्यको विश्लेषण खण्डकाव्यको सिद्धान्तका आधारमा गरिन्छ । 'पहाडी पुकार' काव्यलाई पनि काव्यतत्वका आधारमा विश्लेषण गरिने हुँदा यसको सैद्धान्तिक पक्षको निरूपण आवश्यक छ । यस शोध कार्यमा खण्डकाव्यका तत्वलाई सैद्धान्तिक आधार मानेर त्यसैका धरातलमा टेकी यस कृतिको विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यसैले प्रस्तुत परिच्छेदमा खण्डकाव्यका आवश्यक तत्वहरूलाई प्रस्तुत गरिएको छ ।

## २.१ साहित्यको एक विधाका रूपमा कविता

जीवन जगत्बाट प्राप्त अनुभूतिलाई कलात्मक भाषाका माध्यमबाट अभिव्यक्त गर्नु नै साहित्य हो । त्यो साहित्यलाई गद्य र पद्य गरी सर्वप्रथम दुई भागमा विभाजन गर्न सकिन्छ । गद्य अन्तर्गत आख्यान र आख्यानेतर साहित्य जस्तो कथा, उपन्यास, नाटक, निबन्ध आदि पर्दछन् भने पद्य अन्तर्गत आख्यानरहित फुटकर कवितादेखि आख्यानयुक्त खण्डकाव्य र महाकाव्य समेत पर्दछन् । साथै पछिल्लो समयमा गद्य कविताहरू पनि प्रशस्त देखा परेका छन्  तर गद्य र पद्य जे जस्तो रूपमा लेखिए पनि लयात्मकता कविताको मूल पहिचान हो ।

## २.२ कविताको एक उपविधाका रूपमा खण्डकाव्य

कविताका विभिन्न उपविधाहरू हुन्छन् । दुई हरफे लघुतम् कवितादेखि लिएर एक लाख भन्दा बढी श्लोक सङ्ख्या भएका बृहत्तम रूप महाकाव्यसम्मलाई पनि कविताका उपविधा अन्तर्गत राख्न सकिन्छ । संरचना र अनुभूति विस्तारका दृष्टिले कविताका यी विभिन्न उपभेदहरूलाई लघुतम रूप, लघुरूप, मध्यम रूप, बृहत्रूप र बृहत्तम रूप भनिन्छ । यसका अतिरिक्त यिनीहरूलाई क्रमशः मुक्तक, फुटकर कविता, खण्डकाव्य, कलात्मक महाकाव्य र विकासशील महाकाव्य पनि भनेर चिनाउन सकिन्छ (त्रिपाठी, २०६५:१२) ।

यसरी खण्डकाव्यले कविताका विभिन्न उपविधाहरू मध्ये मध्यम रूपको प्रतिनिधित्व गर्दछ । त्यसैले कविताको लघुरूप मानिने फुटकर कविताभन्दा ठुलो बृहत् रूप मानिने महाकाव्य भन्दा सानो मध्यम स्तरको आयाम भएको एक कवितात्मक उपविधा नै खण्डकाव्य हो । यसमा जीवनको एक पक्ष वा अंशलाई अनुभूतिमा घोलेर अभिव्यक्त गरिएको हुन्छ ।

## २.३ खण्डकाव्यसम्बन्धी पूर्वीय साहित्यशास्त्रीय चिन्तन

पूर्वीय साहित्यमा खण्डकाव्यलाई पारिभाषिक शब्दका रूपमा प्रयोग गर्ने प्रथम आचार्य विश्वनाथ (इसाको चौधौं शताब्दी) हुन् ।

संस्कृत साहित्यशास्त्रमा काव्य वा साहित्यबारे सैद्धान्तिक चर्चा आचार्य भरत मुनिदेखि सुरु भएको हो । उनले 'नाट्यशास्त्रमा' साहित्यलाई विधागत रूपमा चिनाए पनि खण्डकाव्यका बारेमा कुनै उल्लेख गरेका छैनन् । छैटौं शताब्दीका भामहले आफ्नो ग्रन्थ 'काव्यालङ्कार' मा छन्द वा वृत्तलाई आधार मानेर काव्यको चर्चा गरेका छन् । उनले यसमा काव्यलाई वृत्तबन्ध र अवृत्तबन्ध भनी विभाजन गरी खण्डकाव्यलाई वृत्तबन्ध अन्तर्गत राखेका (भामह, २०१९; ९-१०) छन् ।

रुद्रट (इसाको आठौं शताब्दी) ले 'महान्' र 'लघु' भनेर काव्यका दुई भेद देखाई महाकाव्यका व्यतिरेकमा लघु काव्यलाई चिनाएका छन् र उदाहरणका रूपमा कालिदासको 'मेघदूत' लाई प्रस्तुत गरेका छन् । यस धारणालाई आधार मान्दा परवर्ती आचार्य विश्वनाथले रुद्रटले बताएको 'लघु' काव्यलाई खण्डकाव्य भनेका हुन् भन्ने देखिन्छ । रुद्रटका अनुसार पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम र मोक्ष) मध्ये कुनै एकको मात्र अभिव्यक्ति नै जीवनको आंशिक अभिव्यक्ति हो र त्यही नै 'लुघुकाव्य' हो (रुद्रट, सन् १९६५; ४१८) । खण्डकाव्यमा पनि जीवनको एक खण्ड वा अंशको अभिव्यक्ति हुने भएकाले लघुकाव्य नै खण्डकाव्य हो भन्न सकिन्छ ।

आनन्दवर्द्धन (इसाको नवौं शताब्दी) र उनकै अनुयायी अभिनव गुप्त (दसौं शताब्दी) ले श्लोक सङ्ख्या र वर्णित विषयका आधारमा आफ्ना पूर्ववर्ती आचार्यहरूले भन्दा भिन्नै

प्रकारले पद्यलाई दश श्रेणीमा विभाजन गरेका छन् (गुप्त, २०२१; ३५३-३५५) । ती हुन्- मुक्तक, युग्मक, विशेषक, कलापक, कुलक, पर्यायबन्ध, परिकथा, खण्डकथा, सकलकथा र सर्गबन्ध । यस वर्गीकरण अनुसार खण्डकाव्यको छुट्टै पहिचान भएको कुनै काव्य देखिदैन तापनि लक्षणका आधारमा उपर्युक्त कवितात्मक भेदहरूमध्ये खण्डकथाले नै खण्डकाव्यको अवधारणा समेटेको पाइन्छ ।

त्यसपछि पूर्वीय आचार्य विश्वनाथले 'साहित्यदर्पण' लक्षण ग्रन्थमा मुक्तकदेखि सर्गबन्धसम्मका गद्य-पद्य दुवै साहित्यिक विधाहरूको चर्चा गरेका छन् । जसमा काव्यलाई निम्न चार तरिकाले विभाजन गरेका छन् (विश्वनाथ, २०१२; ५४७ - ५५५)।

क. काव्य-कुनै एक कथालाई लिएरै एकै विषयमा लेखिएको असमग्र पद्यकाव्य,

ख. खण्डकाव्य-जीवनको कुनै एक खण्डको मार्मिक अभिव्यक्ति भएको प्रबन्धात्मक काव्य,

ग. एकार्थकाव्य-खण्डकाव्य र महाकाव्य बिचको काव्य,

घ. महाकाव्य-सिङ्गो जीवनको व्याख्या गरिएको सर्गबन्ध विशिष्ठ काव्य

यसरी काव्यको मूल विभाजन गरी विशेष परिचय दिने प्रथम आचार्य विश्वनाथ नै भएको देखिन्छ । उनले आफ्नो साहित्यशास्त्र 'साहित्यदर्पण' मा खण्डकाव्यको चर्चा यसरी गरेका छन् ।

खण्डकाव्यं भवेत् काव्यस्यैक देशानुसारिच । (सा.द.६/३२९)

यिनको खण्डकाव्यसम्बन्धी धारणालाई बुझ्न यिनकै महाकाव्य सम्बन्धी मान्यताका बारेमा चर्चा गर्नु आवश्यक छ किनकि उनले महाकाव्यकै सापेक्षतामा खण्डकाव्यलाई हेरेका छन् । यिनले महाकाव्यलाई सर्गबन्ध, पञ्चसन्धियुक्त, सिङ्गो जीवनको परिधिमा लेखिएको, पुरुषार्थ चतुष्टय आदिको पूर्ण सङ्गठनात्मक काव्यका रूपमा चिनाएका छन् भने महाकाव्यकै एक देशको वा एक पक्षको उद्घाटन गर्ने प्रबन्धकाव्यका रूपमा खण्डकाव्यलाई

हेरेको देखिन्छ । अर्थात् खण्डकाव्यमा जीवनको कुनै एक खण्डको मार्मिक अभिव्यक्ति यसमा स्थूल आख्यान वा सूक्ष्म आख्यान जे भए पनि असमग्र सन्धिभित्र जीवनको एक पक्षलाई हेर्ने गरिन्छ भन्ने कुरालाई औल्याउँन खोजेका छन् ।

यसरी विश्वनाथले खण्डकाव्य शब्दकै उल्लेख गरी यसको चिनारी समेत प्रस्तुत गरेकाले उनको यही मत नै खण्डकाव्य सम्बन्धी खास पूर्वीय दृष्टिकोण हो ।

## २.४ खण्डकाव्यसम्बन्धी पाश्चात्य चिन्तन

खण्डकाव्य पूर्वीय कविता-परम्परामा देखा परेको र मध्यम आकार-प्रकार एवम् मझौला आयाम-विस्तारको प्रबन्ध काव्य हो भने पश्चिमी परम्परामा यसको ठ्याक्कै प्रयोगको प्रचलन पाइदैन । त्यहाँ खण्डकाव्यसँग समानता वा सादृश्य राख्ने काव्यरूप जस्तो-शोककाव्य (एलिजी), गाथाकाव्य (लिरिकल ब्यालेड), छन्दोवद्ध रोमाञ्चकाव्य (मेट्रिकल रोमान्स), पद्य नाट्यगाथा (पोयटिक ड्रामा), व्यङ्ग्यकाव्य (पोयटिक सेटायर) र लामो कविता (लङ पोइम) आदि विभिन्न भेदहरू पाइन्छन् (अवस्थी, २०६४: ४८) । तीमध्ये सूक्ष्माख्यानको प्रयोग गरी शोकभावद्वारा समस्त श्लोकहरूलाई अन्वित तुल्याई प्रबन्धन प्रदान गरिने हुँदा 'शोककाव्य' भावको विस्तार र व्यवस्थापनका दृष्टिले खण्डकाव्यसँग मिल्दोजुल्दो देखिन्छ ।

त्यस्तै जीवनको अंश विशेषको समग्रतालाई व्यक्त गर्ने आख्यानको उपयोग गरी रचिने 'गाथाकाव्य' पनि खण्डकाव्यको निकै नजिक देखिन्छ ।

आख्यानात्मकताको चाप बढी रहने भए तापनि वीरताको अद्भूत र रोमाञ्चक वर्णन साथै सुन्दरी र प्रेमका कथालाई आख्यानका रूपमा प्रयोग गरी लेखिएका छन्दोबद्ध 'रोमाञ्चकाव्य' लाई पनि खण्डकाव्यकै समकक्षमा राख्न सकिन्छ ।

नाटकीय परिवेश र संवादात्मकता समेत दिई रचिएका खण्डकाव्यसमकक्षी रचनाका रूपमा 'नाट्यगाथा' वा 'नाट्यकाव्य' लाई पनि लिन सकिन्छ ।

सूक्ष्म आख्यान, पात्र आदिको प्रयोग गरी हास्यगर्भित व्यङ्ग्यात्मक कविता 'व्यङ्ग्यकाव्य' पनि मझौला आयामको खण्डकाव्यनिकट मान्न सकिन्छ ।

यसका अतिरिक्त प्रथम विश्वयुद्ध पछिका प्रयोगवादी कविता क्षेत्रमा बढी प्रचलित र प्रतिष्ठित हुन पुगेको अनि आधुनिक नेपाली कवितामा समेत प्रचलनमा रहेको कविताको खण्डकाव्यात्मक आयाम नजिकको अर्को रूप 'लामो कविता' पनि हो । अवचेतन मनका भावप्रवाहको विस्तारित अमूर्त लेखन, कथानकहीन अन्तर्कथा, खण्डित चरित्रयुक्त अन्तर्पात्र र मुक्त मनोभावहरूको चित्रण गरिने हुँदा यी लामा कविताहरू कम सम्प्रेष्य बनेका देखिन्छन् (अवस्थी, २०६४: ५०)।

यसरी खण्डकाव्यको पाश्चात्य सैद्धान्तिक चिनारीतर्फ लाग्दा संस्कृत र नेपाली परम्पराका खण्डकाव्य वा लघुकाव्य समेतका निकटमा पाश्चात्य जगत्का दीर्घ कविता, शोककाव्य, गाथाकाव्य, छन्दोवद्ध रोमाञ्चकाव्य, पद्यनाट्यकाव्य, व्यङ्ग्यकाव्य आदिलाई समेट्न सकिन्छ । साथै तिनीहरू महाकाव्य, गाथाचक्र तथा कलात्मक महाकाव्य भन्दा सङ्क्षिप्त खण्डकाव्यात्मक स्वरूपका कविता हुन् भन्न सकिन्छ ।

## २.५ नेपाली साहित्यमा खण्डकाव्यसम्बन्धी चिन्तन

नेपाली साहित्यका विद्वान्हरूले पनि खण्डकाव्यका बारेमा आ-आफ्ना धारणा प्रस्तुत गरेका छन् । यस क्रममा सोमनाथ सिग्द्याल अगुवा ठहरिन्छन् ।

### (क) सोमनाथ सिग्द्याल

उनले आफ्नो ग्रन्थ 'साहित्य-प्रदीप' मा खण्डकाव्यको परिभाषा यसरी दिएका छन् - "काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर शृङ्खलित रूपमा बिचैबाट उठी बिचैमा टुङ्गिएको, सर्गबन्धन-सन्धिबन्धनहरू नभएको छोटो काव्य नै खण्डकाव्य हो" (सिग्द्याल, २०२८: १०७) ।

माथिको परिभाषामा खण्डकाव्यलाई महाकाव्यका सापेक्षतामा हेरिएको छ । विषय वस्तु छोटो भएर पनि शृङ्खलित हुने, जीवनको कुनै एक पक्षको उद्घाटन गर्न बिचबाटै उठेर बिचमै टुङ्गिने साथै महाकाव्यमा जस्तो सर्गबन्धन तथा सन्धिबन्धन नहुने काव्य भेदका रूपमा सोमनाथले खण्डकाव्यलाई चिनाएका छन् ।

**(ख) केशवप्रसाद उपाध्याय**

नेपाली साहित्यका अर्का चिन्तक केशवप्रसाद उपाध्यायको खण्डकाव्य सम्बन्धी अवधारणा यस्तो रहेको छ- "खण्डकाव्यमा जीवनको एक अंश विशेषको झलक प्रस्तुत गरिन्छ, जसमा एउटै चरित्र, एउटै प्रभाव उपस्थित हुन्छ, यसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित हुन्छ (उपाध्याय, २०३०: १५३)।"

उनको अवधारणामा घटना, चरित्र, प्रभाव, रस तथा छन्दको एकल प्रभावमा जोड दिइएको पाइन्छ । उपाध्यायका अनुसार खण्डकाव्यमा घटना र चरित्रको विविधता सामान्य रूपमा क्षम्य भए पनि त्यस्ता खण्डकाव्यहरूलाई आर्दशकाव्य मान्न नसकिने बताएका छन् ।

**(ग) वासुदेव त्रिपाठी**

"खण्डकाव्य लगायत उक्त कविता रूपलाई कविता विधाको त्यस्तो मझौला आयामका उपविधागत भेद मान्न सकिन्छ जसमा कुनै आख्यान अँगाली वा नअँगाली जीवन जगत्को एक अंश वा मात्रालाई अन्वितिपूर्वक वद्ध वा मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ" (त्रिपाठी २०६५: ५७)।

त्रिपाठीका मतमा कविता विधाको मझौला आयामका रूपमा प्रस्तुत हुने भए पनि जीवन-जगत्को एक पक्षको चित्रण तथा कथावस्तुको अन्विति अनिवार्य सर्तका रूपमा रहनुपर्ने देखिन्छ ।

**(घ) भानुभक्त पोखरेल**

"कविताहरूमा पूर्वापर सम्बन्ध, एकान्विति अथवा कलात्मकता भए पनि खण्डकाव्य एक रसात्मक, द्रुतगामी, सानो काव्यकृति हो" (पोखरेल, २०४०: १३५)"।

प्रस्तुत परिभाषामा पोखरेलले खण्डकाव्यलाई कविताको सापेक्षतामा हेरेको देखिन्छ । पूर्वापर सम्बन्ध एकान्विति तथा कलात्मकता आदि गुणहरू कविता र खण्डकाव्यका समान

गुण भए पनि रसात्मक हुनु, द्रूतगामी तथा सङ्क्षिप्तता खण्डकाव्यको निजत्व हो भन्ने आशय पोखरेलको देखिन्छ ।

### (ङ) महादेव अवस्थी

"खण्डकाव्य कविताको त्यो प्रबन्धात्मक रूप हो, जो सर्गरहित वा सर्गसहित हुन सक्छ , जसले समग्र सन्धिको अपेक्षा गर्दैन , जो आख्यानात्मक वा आख्यानरहित अनि एकान्वितिपूर्ण पद्यहरूद्वारा संरचित हुन्छ र जसमा एकै उद्देश्य प्राप्तिमा प्रवृत्त जीवन खण्डको वा जीवनगत कालखण्डको कुनै एक पुरुषार्थ वा मानवार्थको र रस विशेषको अभिव्यक्ति हुन्छ" (अवस्थी, २०६४: ४५)।

माथि प्रस्तुत गरिएका पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वान्हरूको खण्डकाव्य सम्बन्धी परिभाषाहरूलाई विवेचना गरेर हेर्दा के देखिन्छ भने खण्डकाव्य भनेको काव्यको एक प्रकार हो, जसमा जीवनको कुनै एक खण्ड, एक घटना वा प्रसङ्गलाई लिएर लेखिएको भए तापनि त्यस अंशको पूर्ण, क्रमवद्ध, शृङ्खलित, लयात्मक भाषिक अभिव्यक्ति नै खण्डकाव्य हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## २.६ कविताको मध्यम विधाका रूपमा खण्डकाव्य

नेपाली साहित्यका अग्रणी विद्वान् वासुदेव त्रिपाठीले कविताका लघुतम, लघु, मध्यम, बहत् र वृहत्तर गरी पाँच भेद बताएका छन् । यिनै वर्गीकरण अन्तर्गत पर्ने कविताको मझौला उपविधा जसमा जीवनको कुनै एक महत्वपूर्ण खण्डको क्रमवद्ध प्रस्तुति हुन्छ ।

आकार-प्रकार, विषयवस्तुको आयाम तथा आख्यान र संरचनाको विस्तृतिले गर्दा खण्डकाव्य फुटकर कविताभन्दा ठुलो हुन्छ । कविताको लघुरूप भन्दा ठुलो र बृहत् रूपभन्दा सानो मध्यविन्दुको रचना भएको हुनाले नै खण्डकाव्यलाई कविताको मझौला वा मध्यम रूप भनिएको हो ।

## २.७ खण्डकाव्यको परिभाषा

खण्डकाव्य कविता विधाको त्यस्तो प्रबन्धात्मक रूप हो । जसमा जीवनजगत्को एक देश वा खण्डलाई उद्घाटन गर्ने विषयवस्तु आख्यानात्मक वा आख्यानविकल्पी संरचनाले युक्त मझौला आयामको लयवद्ध शृङ्खलित भाषिक अभिव्यक्ति हो । यसले जीवनको कुनै एक पक्षको काव्यात्मक प्रस्तुति गरेको हुन्छ ।

## २.८ खण्डकाव्यका तत्व

खण्डकाव्य पूर्वीय काव्यपरम्पराको उपज हो । यसको स्पष्ट स्वरूपको रेखाङ्कन गर्ने प्रथम आचार्य विश्वनाथ हुन् । उनले खण्डकाव्यलाई महाकाव्यको एक अंश मानेको हुनाले मूलतः महाकाव्यका तत्वहरू नै खण्डकाव्यका पनि तत्व हुने सङ्केत मिल्दछ  तापनि यिनीहरूका बिच सैद्धान्तिक भिन्नता हुने हुनाले तत्वहरूमा पनि भिन्नता हुने गर्दछ । किनभने खण्डकाव्यलाई बढाएर महाकाव्य बनाउन सकिँदैन भने महाकाव्यलाई घटाएर खण्डकाव्य बनाउन सकिँदैन । यो कविताको एक स्वतन्त्र र आफैमा पूर्ण उपविधा हो ।

नेपाली साहित्यशास्त्रका समालोचक वासुदेव त्रिपाठीले खण्डकाव्यलाई जीवनको एक अंशको कथन गर्ने आयाम, भाषाशैली वा परिवेश, कथनपद्धति, संरचना आदिलाई प्रमुख तत्व मानेका छन् ।

महादेव अवस्थीले आफ्नो ‘आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श’ नामक पुस्तकमा आफ्ना पूर्ववर्ती धारणाहरूलाई समेत समेटेर खण्डकाव्यका आवश्यक तत्वहरू निम्न बताएका छन् । **शीर्षकीकरण, आख्यानात्मक वा आख्यानविकल्पी प्रबन्धविधान, भावविधान, सर्गयोजना, कथन पद्धति लयविधान, बिम्ब, प्रतीक, अलङ्कारविधान र भाषाशैली** (अवस्थी, २०६४: ५२)।

### २.८.१ शीर्षकीकरण

कुनै पनि साहित्यिक रचनाको महत्वपूर्ण अङ्ग शीर्षक हो । यसले कृतिको नामकरण गर्ने मात्र नभई रचनाको सम्पूर्ण भावलाई समेटेको हुन्छ र कतिपय शीर्षकबाटै उक्त कृतिभित्रको मूल मर्मलाई पहिल्याउन पनि सकिन्छ । खण्डकाव्यको पनि शीर्षक हुन्छ । यसको शीर्षक मुख्यतया प्रमुख पात्र, परिवेशका साथै खण्डकाव्यमा अभिव्यक्त मूल भावसँग सम्बन्धित पनि हुन सक्छ ।

### २.८.२ आख्यानात्मक वा आख्यानविकल्पी प्रबन्धविधान

कविले जीवनको एकांशलाई झल्काउन सक्ने खालको पुष्ट आख्यानको वा सूक्ष्म आख्यानको प्रयोग गर्न पनि सक्छ र नगर्न पनि सक्छ । खण्डकाव्यमा पनि भावप्रवाहको प्रधानता रहने गरी जीवनको एक खण्डको उद्घाटन गरिएको हुन्छ । पुष्ट आख्यान भएका खण्डकाव्यहरूमा कथावस्तु, पात्रविधान र परिवेशविधानको स्पष्ट र सशक्त प्रयोग गरिएको हुन्छ भने आख्यानविकल्पी वा आख्यान निरपेक्ष खण्डकाव्यमा भावको एकान्विति, विचारप्रधान, पूर्णता, स्वायत्तता र सशक्तता मात्र पनि रहन सक्छ । पुष्ट आख्यानात्मक खण्डकाव्यमा रहने मुख्य पक्षहरू निम्न रहेका छन् ।

#### २.८.२ क. कथावस्तु

खण्डकाव्यको आधारभूमिका रूपमा रहने कथावस्तुले पात्रद्वारा गरिने कार्य व्यापारलाई जनाउँछ । कथावस्तु सामाजिक, ऐतिहासिक, पौराणिक, कविकल्पित वा किंवदन्ती मध्ये कुनै एक हुन सक्छ तर जुन स्रोतबाट लिइएको कथावस्तु भए पनि त्यसमा कार्यकारण शृङ्खला मिलेको हुनुपर्छ । त्यसका अतिरिक्त कथावस्तु अगाडि बढ्दै जाँदा पाठक वा श्रोतामा कौतुहलता जगाउने खालको हुनुपर्छ । खण्डकाव्य प्रबन्धकाव्य भएकाले र यसमा पात्रबाट निर्मित घटनाको शृङ्खलामा काव्यले एउटा निश्चित आकार पाउने हुनाले कथानकलाई खण्डकाव्यको आधारभूत तत्व मानिन्छ ।

### २.८.२ ख.    पात्र विधान

कथावस्तुलाई गतिशील बनाउने अर्को महत्वपूर्ण तत्व पात्रविधान हो । पात्र त्यस्तो माध्यम हो जसले कुनै घटनाको कल्पनाद्वारा यथार्थको प्रस्तुतीकरण गर्ने प्रयास गर्दछ (त्रिपाठी,२०४८:४८) । पात्रको अभावमा कथावस्तुको परिकल्पना गर्न सकिँदैन । मानव र मानवेतर जे जस्ता पात्रहरू भए तापनि ती पात्रहरू सशक्त, जीवन्त र संवेद्य हुनु आवश्यक छ । पात्रले व्यक्तिका रुचि-अरुचिको प्रदर्शन गर्नुका साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ भन्ने पाश्चात्य साहित्यमा अरिस्टोटलको दृष्टिकोण रहेको छ (त्रिपाठी, २०४८: ४८) । खण्डकाव्यले मुख्य चरित्रको जीवनको एक खण्डको मात्र पूर्ण अभिव्यक्ति गर्दछ, सम्पूर्ण जीवनको होइन । पात्रका माध्यमबाट नै खण्डकाव्यको गुणको पहिचान हुने हुँदा पात्रको भूमिका महत्वपूर्ण हुन्छ ।

### २.८.२ ग.    परिवेश विधान

परिवेश विधान भनेको पात्रद्वारा भोगिएको जीवनजगत् वा देश, काल र परिस्थितिको चित्रण हो । यसलाई वातावरण पनि भनिन्छ । पात्रको मनस्थितिलाई परिवेशले पर्याप्त प्रभाव पारेको हुन्छ । काव्यमा कथावस्तु र पात्रले अपेक्षा गर्ने खालको परिवेश हुनुपर्दछ । यस अन्तर्गत समाजका रीतिस्थिति, धर्म, संस्कृति, भाषा र स्थान-काल आदिका साथ-साथै पात्रहरूका मानसिक द्वन्द्व तथा आरोह अवरोहको चित्रण पनि पर्दछ । यसरी परिवेशले खण्डकाव्यलाई सजीव, संवेद्य र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## २.८.३ भाव विधान

खण्डकाव्यमा कुनै विषयवस्तुका माध्यमबाट व्यक्त गर्न खोजिएको सारभूत वा केन्द्रीय विचार नै भाव हो । त्यस भाव वा विचारको कलात्मक विन्यासलाई चाहिँ भावविधान भनिन्छ (अवस्थी, २०६४: ५६) । कृतिकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाजका लागि नैतिक सन्देश दिन चाहेको हुन्छ । उसले आफ्ना विचार वा उद्देश्यलाई प्रचारमूलक तरिकाले राख्दा कृतिको मूल्य नष्ट हुन सक्छ । त्यसैले समाजको हितका लागि

आफ्ना विचारहरू कलात्मकताका साथ व्यञ्जित हुनु राम्रो मानिन्छ । त्यसका लागि पूर्वीय साहित्यमा रसवादी चिन्तन अनुसार रति, शोक, उत्साह, भय आदि स्थायी भावहरू र त्यसै भावको परिपुष्टिका लागि लज्जा, मोह, श्रम, उग्रता, जडता, हर्ष, विषाद आदि विभिन्न सञ्चारी भावहरू पनि प्रयोग गरिएका हुन्छन् । तिनै विभिन्न भावका सहायताले कृतिमा रहेको केन्द्रीय भाव परिपाकका अवस्थामा पुग्दछ अनि मात्र त्यस्तो कृतिले पाठक र श्रोतालाई चरम आनन्दानुभूति प्रदान गर्दछ । अर्कोतिर स्रष्टाले दिन खोजेको सन्देश पनि अभिव्यक्त हुन्छ तर काव्यमा एक भन्दा बढी रस भावको परिपाक भने हुनुहुदैन । कृतिमा व्याप्त केन्द्रीय भाव बढी आकर्षक र प्रभावशाली भएमा कृतिको काव्यात्मक मूल्य पनि उच्च हुन जान्छ ।

## २.८.४ सर्ग योजना

महाकाव्यमा सर्गयोजना अनिवार्य तत्व भए पनि खण्डकाव्यमा चाहिँ यसलाई ऐच्छिक तत्वका रूपमा लिने गरिएको पाइन्छ  तापनि रचनाकारको अनुभूति र भावनाको सुसङ्गठित अभिव्यक्तिका लागि र पाठक वा भावकलाई सरल बोधगम्य बनाउनका लागि यसको विधान गरिन्छ । सर्गविधान भनेको कृतिको बनोट, आकार-प्रकार र संरचना पनि हो । खण्डकाव्यमा यति नै सर्ग हुनुपर्छ भनेर स्पष्ट किटान गरिएको हुँदैन तापनि कविका अनुभूतिलाई व्यवस्थित र सुसङ्गठित गर्नका लागि सर्गयोजनाको महत्वपूर्ण भूमिका हुने हुनाले सर्गयोजना गर्नु राम्रो मानिन्छ ।

## २.८.५ कथन पद्धति

काव्यको समग्र भाषा कथनपद्धतिमा आधारित रहने हुनाले यो एक महत्वपूर्ण तत्व हो । यसलाई दृष्टिविन्दु पनि भनिन्छ । खण्डकाव्यमा कथन पद्धति दुई किसिमले प्रयोग गर्न सकिन्छ ।-कवि प्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति । कवि स्वयम्ले आफ्ना विचार सोझो रूपमा वर्णन गर्ने पद्धतिलाई कविप्रौढोक्ति र कविले कुनै पात्रका माध्यमबाट प्रकट गर्ने पद्धतिलाई कविनिबद्धवक्तृप्रौढोक्ति भनिन्छ । यसलाई प्रथम पुरुष कथन पद्धति र तृतीय पुरुष कथन पद्धति पनि भनिन्छ ।

### २.८.६ लय विधान

कवितालाई अन्य साहित्यिक विधाबाट अलग्याउने प्रमुख तत्व भनेकै लयविधान हो । कवितामा निश्चित वर्ण, मात्रा र अक्षरहरूको वितरणमा अनुप्रास र तिनको विश्रामको नियमित स्थिति नै लय हो र यसैका माध्यमले कवितालाई गेयात्मकता र श्रुतिमधुरता प्रदान गर्दछ । खण्डकाव्य पनि कविताकै एक उपविधा भएकाले यसमा पनि लयविधानलाई आवश्यक तत्व का रूपमा लिइन्छ । कविताका पङ्क्तिहरू दोहोरिदै जाँदा वा पङ्क्तिगत अनुप्रास मिल्दै पङ्क्तिदेखि माथि श्लोक वा अनुच्छेदका स्तरमा पुग्दा पनि पङ्क्ति-पङ्क्तिका बिचमा देखिने वर्ण र मात्राहरूको नियमित आवृतिको स्थिति नै छन्द वा लय हो (त्रिपाठी, २०६५: १९) । पङ्क्तिका बिच यस्तो नियमितता नदेखिनु वा कम नियमितता देखिनु पनि लय हो र यसलाई मुक्त लय भनिन्छ ।

काव्य रचनाका क्रममा अनुभूति प्रवाहलाई तीव्रता दिन आधुनिक युगमा मुक्त लयलाई बढी प्राथमिकता दिएको देखिन्छ । मुख्यतः वर्णमात्रिक, मात्रिक, वार्णिक वा लोकलय र मुक्त गरी लयका चार भेद रहेका छन् (अवस्थी, २०६४: ५४) । खण्डकाव्यमा यी चार किसिमका लयमध्ये जुनसुकै लयको पनि प्रयोग गर्न सकिन्छ ।

खण्डकाव्य एउटा मझौला आयामको कविताकृति हुनाले त्यसमा सर्ग-उपसर्गको विभाजन हुन पनि सक्छ, नहुन पनि सक्छ । त्यसैले सिङ्गो खण्डकाव्यमा एउटै लयढाँचा वा भिन्नभिन्न लय ढाँचाको पनि प्रयोग हुन सक्छ ।

### २.८.७ बिम्ब, प्रतीक र अलङ्कार विधान

खण्डकाव्यमा कथन गरिएको मुख्य भावविचारकै सहचर छायाँ जस्तो भई आउने अर्को अर्थलाई बिम्ब भनिन्छ (अवस्थी, २०६४: ५६) । जीवन जगतका विविध सन्दर्भ र सामग्रीबाट बिम्ब-विधान गर्ने गरिन्छ ।

अप्रस्तुत वस्तुलाई अर्को प्रस्तुत वस्तुद्वारा उजिल्याउने कुरा नै प्रतीक हो (त्रिपाठी, २०४८: ७२) । खण्डकाव्यमा कुनै मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख

गर्न सकिन्छ । यसरी प्रयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । यसले एकातिर धेरै शब्द खर्च गरेर भन्नु पर्ने कुरालाई प्रतीकले प्रभावकारी ढङ्गमा अभिव्यक्त गर्दछ भने अर्कोतिर उचित प्रतीकविधानले कृतिलाई काव्यात्मक उच्चता प्रदान गर्दछ ।

कुनै पनि शब्दले आफ्नो निश्चित अर्थ छाडी अर्को व्यञ्जनार्थ प्रकट गर्नु प्रतीक हो । पूर्वीय साहित्यशास्त्रमा यसलाई रूपकातिशयोक्ति अलङ्कार पनि भनिन्छ । तिनीहरूले बक्र अर्थ प्रदान गर्ने हुनाले काव्यमा चमत्कारिता थपिन्छ ।

यसरी साहित्यका अन्य विधामा जस्तै खण्डकाव्यमा पनि बिम्ब, प्रतीक र अलङ्कारको कुशल प्रयोगले अर्थ र भावमा प्रभावकारीता ल्याउनुका साथै कवितात्मक उचाई प्रदान गर्दछ ।

### २.८.८ भाषाशैली

साहित्य एक भाषिक कला हो । त्यसैले साहित्यकै एक लयात्मक विधास्वरूप कविता र त्यसको मध्यम आयामको उपविधा स्वरूप खण्डकाव्यमा पनि भाषाको सौन्दर्यपूर्ण प्रयोगको अपेक्षा गरिन्छ (अवस्थी, २०६४: ५३) । प्रतिभा, व्युत्पत्ति, अभ्यास, चातुर्य आदि गुण भएको साहित्यकारले आलङ्कारिक शैलीको प्रयोग गर्दछ । कथनपद्धतिको वाहक भाषाले खण्डकाव्यमा अपेक्षित लयात्मक श्रुतिमाधुर्यका साथै कथ्य विषयवस्तु एवम् भावविचारको सौन्दर्यपूर्ण अभिव्यक्ति दिएको हुन्छ । अतः कुनै पनि रचनाको केन्द्रीय भावको संवाहक पनि यही भाषिक चयन वा भाषाशैली भएकाले खण्डकाव्यका लागि यो अपरिहाय तत्व हो ।

खण्डकाव्यमा दुरुह र दुर्वोध्य भाषाशैली भन्दा सरल, सरस तथा लयात्मक र सुकोमल भाषाशैली भएमा पाठकको मन जित्न सकिन्छ जसले खण्डकाव्यको गरिमा एवम् उच्चता बृद्धि हुन्छ ।

## २.९ निष्कर्ष

प्रस्तुत परिच्छेदमा खण्डकाव्यको परिभाषा तथा यसका तत्वहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । खण्डकाव्यलाई कविता विधाको एक भेदका रूपमा चिनाउने पूर्वीय विद्वान् विश्वनाथ हुन् र उनले यसलाई काव्यको एकदेश मानेका छन् । त्यसैले खण्डकाव्य लघु वा फुटकर रूप भन्दा ठुलो र बृहत् वा महाकाव्य रूप भन्दा सानो बिचमा पर्ने मझौला आयामको उपविधा हो । यसमा जीवनको एक खण्ड विशेषको आख्यानात्मक वा आख्यानविकल्पी संरचना, लयवद्ध, शृङ्खलित, कलात्मक भाषाले अभिव्यक्त गरिएको हुन्छ । खण्डकाव्यका प्रमुख तत्वहरू यी हुन्-शीर्षकीकरण, आख्यानात्मक वा आख्यानविकल्पी प्रबन्धविधान, भावविधान, सर्गयोजना, कथनपद्धति, लयविधान, बिम्ब-प्रतीक-अलङ्कारविधान र भाषाशैली ।

'पहाडी पुकार' खण्डकाव्यको कृतिपरक अध्ययनका लागि खण्डकाव्यको सैद्धान्तिक पक्ष जरुरी हुने हुनाले मूल रूपमा खण्डकाव्य सम्बन्धी पूर्वीय आचार्यहरूको मत एवम् नेपाली विद्वान्हरूको मतलाई समेत समावेश गरिएको छ । पछिल्लो परिच्छेदमा यसैका आधारमा 'पहाडी पुकार' खण्डकाव्यलाई विश्लेषण गरिएको छ ।

# परिच्छेद - तिन

# ३. खण्डकाव्यकार देवकोटा र उनको खण्डकाव्ययात्रा

यस परिच्छेदमा 'पहाडी पुकार' कृति रचना गर्ने रचनाकार लक्ष्मी प्रसाद देवकोटाको परिचय र उनको खण्डकाव्ययात्राका बारेमा सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

## ३.१ रचनाकारको परिचय

बाबु तिलमाधव देवकोटा र आमा अमरराज्य लक्ष्मीका साहिंला सुपुत्रका रूपमा वि.सं. १९६६ साल कार्तिक २७ गते शुक्रबार काठमाण्डौंको धोवीधारामा लक्ष्मी प्रसाद देवकोटाको जन्म भएको हो (बन्धु, २०३६: ४) । तिहारको लक्ष्मीपूजाका दिन जन्मेका हुनाले लक्ष्मी प्रसाद नाम राखिएका तिनै व्यक्ति पछि गएर नेपाली साहित्यका महान् प्रतिभा बन्न पुगे ।

पण्डित बाबु र विद्वान् दाजुको पारिवारिक वातावरण पाएका देवकोटा सानैदेखि संस्कृत, नेपाली, अङ्ग्रेजी तिनै वटा भाषामा राम्रो दखल राख्दथे (जोशी, २०५२: ९६) । वि.सं. १९८२ मा पटनाबाट प्रथम श्रेणीमा म्याट्रिक, १९८५ मा दोस्रो श्रेणीमा आइ.एस्सी., १९८७ मा बी.ए. र १९९० मा बी.एल. परीक्षा उत्तीर्ण गरेका थिए (पाण्डे, २०१७: ३) । पढाइका साथसाथै पारिवारिक बोझ र आर्थिक अवस्था सुधार्नुपर्ने वाध्यताले उनले सानैदेखि ट्युसन (निजी शिक्षण) वृत्ति अपनाएका थिए ।

दश वर्षकै उमेरमा "घनघोर दुःख सागर............." भन्ने कविताबाट कविता लेखन प्रारम्भ गरेका देवकोटाले आफ्नो जम्मा पचास वर्से जीवन अवधिमा झन्डै चालिस वर्ष साहित्य साधनामा लगाएको पाइन्छ (अवस्थी, २०६५: ७) । साहित्यका प्रायः सबै विधामा कलम चलाएका देवकोटा निबन्ध र कविता विधामा सर्वाधिक चर्चित देखिन्छन् ।

अङ्ग्रेजी साहित्यको व्यापक अध्ययन गरेका देवकोटामा पाश्चात्य स्वच्छन्दतावादी प्रवृति प्रबल हुँदाहुँदै पनि त्यसलाई नेपालीकरण गरेर प्रशस्त मौलिकता दिने खुवी उनमा थियो । देवकोटाले सबैभन्दा बढी सफलता प्राप्त गरेको विधा कविता विधा हो । फुटकर कवितादेखि महाकाव्य सम्मको यात्रामा उनले आफूलाई गुणात्मक र परिमाणात्मक हिसाबमा अब्बल दर्जामा राख्न सफल भएका छन् । तिनै वरिष्ठ प्रतिभाको ओजपूर्ण वैचारिक चिन्तन बोकेको एक लघुकाव्य 'पहाडी पुकार' पनि हो ।

## ३.२ कवि लक्ष्मी प्रसाद देवकोटा

देवकोटाको कवितायात्राको उद्‌गम दश वर्षकै उमेरमा रचित "घनघोर दुःख सागर………" बाट प्रारम्भ भई जीवनकै विश्रामावस्थामा आर्यघाटमा रचित "म शून्यमा शून्य सरी……." मा पुगेर विश्राम लिएको देखिन्छ । जीवनको लगभग पाँच दशक बाँचेका देवकोटाले झन्डै चार दशक कविता रचनामा खर्चेका छन् । वि.सं. १९९१ मंसिरमा 'पूर्णिमाको जलधि' नामक कविता प्रकाशनसँगै सार्वजनिक कविता लेखन थालेका देवकोटाले वि.सं. १९९२ मा प्रकाशित 'मुनामदन' खण्डकाव्यसँगै खण्डकाव्ययात्रा आरम्भ गरेका हुन् र उनको अन्तिम खण्डकाव्य 'नयाँ सत्यकलि संवाद' (२०१५) रहेको छ ।

कविता विधाका विभिन्न उपविधा, अन्तर्गत लगभग छ सय जति फुटकर कविता, झन्डै तिन दर्जन जति खण्डकाव्य र आधा दर्जन महाकाव्य लेखेर नेपाली साहित्यको इतिहासमा अविजित र अतुलनीय योगदान दिन देवकोटा सफल भएका छन् (अवस्थी, २०६१: ४५६) ।

## ३.३ नेपाली खण्डकाव्य परम्परामा कवि देवकोटाको आगमन

नेपाली कविताको इतिहास त्यति लामो छैन । यसको इतिहास लगभग साढे दुई सय वर्ष पुरानो मानिन्छ । यस अल्पकालीन इतिहासलाई पनि तिन कालमा प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल भनी वर्गीकरण गरिएको छ । वीर धाराबाट सुरु भएको प्राथमिक कालमा भक्तिधाराका विविध उपधारा पनि देखा पर्दछन् । त्यसपछि

माध्यमिककालीन श्रृङ्गारिक धारालाई पूर्ण जीवन दिने केन्द्रीय व्यक्तित्वका रूपमा मोतीराम भट्ट देखापर्दछन् (त्रिपाठी, २०६५: १११) । वार्णिक छन्दको प्रयोग, सामाजिक सचेतता, सांस्कृतिक पुनर्जागरण, कलात्मक सौन्दर्यका दृष्टिले लेखनाथ पौड्याल आधुनिक कालका आमन्त्रक कवि बन्न पुग्दछन् ।

यसै परम्परामा कविताका क्षेत्रका महानन्द सापकोटा, धरणीधर कोइराला, माधवप्रसाद घिमिरे आदि कविहरू उन्मुख देखिए पनि खण्डकाव्य परम्परामा भने लेखनाथ पौड्यालको वि.सं. १९७३ को 'ऋतुविचार' नै आधुनिक काल औंल्याउने लक्ष्मण रेखाको रूपमा झल्कन्छ (जोशी, २०५७: १४) । यसरी लेखनाथ पौड्यालको 'ऋतुविचार' परिष्कारवादी धाराको पहिलो काव्यका रूपमा देखा पर्दछ ।

परिष्कारवादी परम्पराभन्दा भिन्न प्रवृत्ति लिएर वि.सं. १९९१ सालमा महाकवि लक्ष्मी प्रसाद देवकोटाको 'पूर्णिमाको जलधि' र 'गरिब' कविता तथा १९९२ मा 'मुनामदन' खण्डकाव्य प्रकाशित भएपछि नेपाली कवितामा स्वच्छन्दतावादी धारा देखापर्दछ । लक्ष्मी प्रसाद देवकोटाको 'मुनामदन' बाट प्रारम्भ भएको स्वच्छन्दतावादी धारासँगै २००४ बाट स्वच्छन्दतावादी प्रगतिवादी धाराको विजारोपण हुनपुग्छ । यस स्वच्छन्दतावादी मोडलाई अझ समृद्ध पार्ने कार्यमा सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, युद्ध प्रसाद मिश्र आदिले महत्वपूर्ण योगदान गरे पनि यस कालका केन्द्रीय प्रतिभाकै रूपमा देवकोटा रहेका छन् ।

यसरी सिङ्गो खण्डकाव्य यात्राकै परिप्रेक्ष्यमा खण्डकाव्यकार देवकोटा शिल्प तथा भाव प्रस्तुतिमा पूर्वीय तथा पाश्चात्य काव्यशिल्पको अनुसरण गर्दै स्वच्छन्दतावादी धाराका एक अथक र अग्रणी व्यक्तित्वका रूपमा देवकोटाको आगमन महत्वपूर्ण रहेको छ ।

## ३.४ देवकोटाको खण्डकाव्य-यात्रा र चरण विभाजन

लक्ष्मी प्रसाद देवकोटाले वि.सं. १९९१ बाट सार्वजनिक कवितायात्राको थालनी गरेका र त्यसैको अर्को वर्ष १९९२ सालमा 'मुनामदन' खण्डकाव्यको प्रकाशन गरी आफ्नो खण्डकाव्य यात्राको आरम्भ गरेका छन् । उनको कवितायात्रा वि.सं. १९९१ बाट सुरु भई

अनवरत रूपमा अगाडि बढी २०१६ सालमा मृत्युशय्यामा रहँदासम्म क्रमिक र निरन्तर रहेको पाइए पनि खण्डकाव्ययात्रा भने क्रमिक रूपमा अगाडि नबढी केही वर्ष निकै उर्वर र केही वर्ष शिथिल बन्दै अगाडि बढेको कुरा उनका खण्डकाव्य रचनाबाट प्रष्ट हुन्छ (अवस्थी, २०६१: १०१) ।

देवकोटाले १९९२ मा प्रकाशित 'मुनामदन' प्रथम खण्डकाव्यपछि लगातार रूपमा अगाडि नबढी वि.सं. १९९६ मा मात्र अर्को खण्डकाव्य 'राजकुमार प्रभाकर' (प्रकाशन १९९७) रचना गरे । त्यसपछि वि.सं. २००१ बाट अनबरत रूपमा २००५ सालसम्म दुई दर्जनभन्दा बढी खण्डकाव्य रचना गरेका र त्यसपछिका नौ वर्ष (२००६-२०१४) सम्म कुनै खण्डकाव्य रचना गरेका छैनन् । २०१५ सालमा प्रथम प्रकाशित 'मुनामदन' खण्डकाव्यको परिबर्द्धन र परिमार्जन गर्नुका साथै अन्य थप चारवटा खण्डकाव्य रचनातर्फ प्रवृत्त रहेको पाइन्छ (अवस्थी, २०६१: ११०) । यसरी देवकोटाको खण्डकाव्य यात्रा अनवरत र प्रवाहमय रूपमा अघि नबढी बिचका केही वर्ष विश्राम र केही वर्ष चाहिँ निकै द्रुततर गतिबाट विकसित भएको पाइन्छ । उनले जीवनयात्राको अन्तिम वर्ष साथै कवितायात्राको अन्तिम वर्ष २०१६ सालमा भने कुनै खण्डकाव्य कृतिको रचना गरेको पाइँदैन ।

यसरी १९९१ सालदेखि २०१६ सालसम्मको आफ्नो पच्चिस वर्से सार्वजनिक कवितायात्रा कालभित्र देवकोटाले १९९२ देखि २०१५ सालसम्मको तेइस वर्षको समयावधिमा खण्डकाव्ययात्रा पुरा गरेको देखिन्छ । यसै समयभित्र पनि 'मुनामदन' खण्डकाव्यको प्रकाशन पश्चात् १९९७ मा प्रकाशित 'राजकुमार प्रभाकर', २००१ मा प्रकाशित 'लूनी' बाट अनवरत अगाडि बढी २००५ देखि २०१५ भित्रै सैंतिस (प्रकाशित-अप्रकाशित गरी) वटा खण्डकाव्य लेखेको कुरा देखिन आउँछ ।

यस प्रकार देवकोटाका खण्डकाव्य यात्राको समानुपातिक विकास नभए पनि बिच-बिचका वर्षहरूमा अत्याधिक प्रवाहशीलता र केही वर्ष शिथिलताकै समग्रतामा अगाडि बढे तापनि धारागत प्रवृत्ति र ढाँचासमेतको निरूपण समग्र कविता-यात्राकै परिप्रेक्ष्यमा गर्न सकिन्छ ।

लक्ष्मी प्रसाद देवकोटाको समग्र कविता-यात्राकै परिप्रेक्ष्यमा खण्डकाव्य यात्राको पनि चरण विभाजन गर्न सकिन्छ । देवकोटाको वि.सं. १९७६-१९९० सम्मको नेपथ्यकालमा कविताकृतिहरू देखिए पनि खण्डकाव्य कृतिहरू भने रचना भएका पाइँदैनन् । देवकोटाका सार्वजनिक खण्डकाव्य यात्राको सुरुवात र विकास उनको सार्वजनिक कवितायात्रा (१९९१-२०१६) अन्तर्गत नै रहेको पाइन्छ । खण्डकाव्य पनि कविता विधाकै विस्तारित रूप हो ( अवस्थी, २०६१: १०९) । उनको सार्वजनिक कवितायात्राको थालनी वि.सं. १९९१ बाट सुरु भयो भने सार्वजनिक खण्डकाव्य यात्राको थालनी वि.सं. १९९२ मा प्रकाशित 'मुनामदन' खण्डकाव्यबाट भयो । उनको सार्वजनिक कवितायात्राले मृत्युशय्यामा वि.सं. २०१६ मा लेखेको 'म शून्यमा शून्य सरी.....' कविताबाट विश्राम लिएको पाइन्छ भने उनको खण्डकाव्ययात्रा त्यसको एकवर्ष अगाडि अर्थात् २०१५ सालको 'नयाँ सत्यकलि संवाद' बाट विश्राम लिएको पाइन्छ । त्यसैले देवकोटाको समग्र कवितायात्राकै परिप्रेक्ष्यमा खण्डकाव्य यात्राका चरणहरूको पनि विभाजन गर्न सकिन्छ ।

देवकोटाको कवितायात्राको क्रममा वि.सं. १९९१ बाट देखा परेको स्वच्छन्दतावादी मानवतावादी, प्रकृतिप्रेम, आस्तिकता, अध्यात्मवाद जस्ता प्रवृत्ति र २००३/२००४ देखि स्वच्छन्दतावादी प्रगतिशील क्रान्तिकारी प्रवृत्तिका साथै खरो, ओजपूर्ण र सशक्तता विकसित भएको पाइन्छ । 'मुनामदन' (१९९२), बाट थालिएको खण्डकाव्ययात्रा 'नयाँ सत्यकलि संवाद' (२०१५) सम्म जारी रहन्छ । यसरी हेर्दा देवकोटाको औपचारिक कवितायात्राको आरम्भ र अन्त्यका एक/एक वर्ष घटेर जम्मा तेइसवर्षको खण्डकाव्यात्राको अवधि देख्न सकिन्छ ( पाण्डेय, २०५५/५६: २२) । देवकोटाको औपचारिक पच्चिस वर्षे कवितायात्रालाई पूर्वार्द्ध ( १९९१-२००३) र उत्तरार्द्ध (२००४-२०१६) गरी मोटामोटी दुई चरणमा विभाजन गरे जस्तै उनको खण्डकाव्य यात्रालाई पनि पूर्वार्द्ध (१९९२-२००३) र उत्तरार्द्ध (२००४-२०१५) गरी दुई चरणमा मात्र विभाजन गरी अध्ययन गरेको पनि पाइन्छ (पाण्डेय, २०५५/५६:२२) । यद्यपि यो तेइसवर्से खण्डकाव्ययात्रालाई प्रथम चरण (१९९२-१९९९), द्वितीय चरण (२०००-२००३ मङ्सिर), तृतीय चरण (२००३ पुष-२००९) र चतुर्थ चरण (२०१०-२०१५) गरी चार चरणको वर्गीकरण नै बढी वस्तुगत र सान्दर्भिक देखिएको छ (अवस्थी, २०६१: १०४) । यसै

वर्गीकरण अनुसारका चरणहरूका कृति एवम् तिनका खासखास खण्डकाव्यात्मक प्रवृत्तिहरूको चर्चा सङ्क्षेपमा तल गरिएको छ ।

### क. पहिलो चरण (१९९२-१९९९)

लक्ष्मी प्रसाद देवकोटाको पहिलो चरणको समयावधि वि.सं. १९९२-१९९९ रहेको छ । उनका यस चरणमा प्रकाशित खण्डकाव्य कृतिहरू 'मुनामदन' (१९९२) र 'राजकुमार प्रभाकर' (१९९७) हुन् । 'मुनामदन' देवकोटाको पहिलो खण्डकाव्य कृति हो । यस खण्डकाव्य कृतिबाट नै देवकोटाको खण्डकाव्ययात्रा आरम्भ हुन्छ । यस खण्डकाव्यको प्रकाशनद्वारा नेपाली खण्डकाव्य परम्परामा नै नवीन स्वच्छन्दतावादी धाराले प्रवेश पाएको हो । यसलाई गाथाकाव्य ढाँचाको, परिपुष्ट आख्यानका साथै गुणस्तरीय खण्डकाव्यका रूपमा उल्लेख गरिएको छ (अवस्थी, २०६१: १०५) । यस खण्डकाव्यमा स्वच्छन्दतावादी मानवतावादी भावनाको अभिव्यक्ति पाइनुका साथै जीवन जगत्का रहस्यवादी भाव पाइन्छ । 'मुनामदन' खण्डकाव्यमा देवकोटाले आत्मिक प्रेमको अमरता, समानता र भातृत्वमा आधारित मानवतावाद र सहरिया दुष्प्रवृत्तिप्रतिको घृणा जस्ता भावहरू व्यक्त गरेका छन् । 'मुनामदन' देवकोटाको करुण रसको अभिव्यक्ति भएको दुःखान्तमा टुङ्गिने महत्वपूर्ण कृति हो । यसै चरणमा प्रकाशित 'राजकुमार प्रभाकर' वर्णमात्रिक छन्दमा लेखिएको दन्त्यकथामूलक कथावस्तुमा आधारित शान्तरस परिपाकावस्थामा पुगेको सुखान्त खण्डकाव्य हो (अवस्थी, २०६१: १०६) । देवकोटाका पहिलो चरणका यी दुई खण्डकाव्यमा सर्ग विभाजन गर्ने प्रवृत्तिका साथै जीवनको एकदेशीयता झल्काउने पुष्ट आख्यान पाइन्छ । यस पहिलो चरणको उत्कृष्ट खण्डकाव्य 'मुनामदन' हो ।

### ख. दोस्रो चरण (२०००-२००३ मङ्सिर)

वि.सं. २००० देखि २००३ मङ्सिर सम्मको अवधिलाई देवकोटाको खण्डकाव्ययात्राको दोस्रो चरण भनिन्छ । यस चरणमा देवकोटा खण्डकाव्य रचनाका क्षेत्रमा द्रुतवेगी आशुलेखनका रूपमा देखा पर्दछन् । यो चरण देवकोटाको खण्डकाव्य सृजनाका दृष्टिले अत्यन्त उर्वरकाल मानिन्छ । उनले यस चरणमा लेखेका सातवटा

खण्डकाव्यकृतिहरूमा-'लूनी', 'तिप्लिङ्गी', 'कुञ्जिनी', 'दुष्यन्त-शकुन्तलाभेट', 'म्हेन्दु', 'सीताहरण' र 'रावण-जटायुयुद्ध' हुन् । यस चरणमा देवकोटाले गाथाकाव्य ढाँचा, लोकलय र मात्रा छन्दतर्फ सफल प्रयोग गरेका छन् ।

सामाजिक, पौराणिक, प्रणय गाथायुक्त आख्यानको सफल प्रयोग गर्नुका साथै अन्यायका विरुद्ध आत्मबलिदान गर्नुपर्छ भन्ने क्रान्तिकारी भावको अभिव्यक्ति पनि उनका खण्डकाव्यमा पाइन्छ (अवस्थी, २०६५: ४९) । देवकोटामा यस चरणका खण्डकाव्यहरूमा प्रकृति र मानव प्रवृत्ति बिच तादात्म्य सम्बन्ध स्थापना गरिएको पाइनुका साथै नारीपात्रहरूलाई प्रकृति पुत्रीका रूपमा प्रस्तुत गरेका छन् । देवकोटाका यिनै खण्डकाव्यगत र संरचनागत नवीन प्रवृत्तिहरूले गर्दा यस चरणका खण्डकाव्यहरूले अलग्गै पहिचान राखेको पाइन्छ (अवस्थी, २०६५: ५०) । एकै रातमा 'कुञ्जिनी' जस्तो खण्डकाव्य रचना गरेर तीब्र आशुकवित्वको प्रतिभा देखाउन सक्नु उनको महत्वपूर्ण उपलब्धि हो । यस चरणका खण्डकाव्यहरूमध्ये 'लूनी', 'तिप्लिङ्गी' र 'दुष्यन्त-शकुन्तला भेट' सुखान्त छन् भने अरु दुःखान्त छन् ।

यिनै विषयवस्तुगत र खण्डकाव्य संरचनागत कतिपय थप र नवीन प्रवृत्तिहरूले गर्दा उनको खण्डकाव्य यात्राको यस चरणले आफ्नो अलग्गै पहिचान प्राप्त गरेको छ ।

### ग. **तेस्रो चरण** (२००३ पुष-२००९)

वि.सं. २००३ साल पुषदेखि २००९ सालसम्मको अवधि लक्ष्मी प्रसाद देवकोटाका खण्डकाव्ययात्राको तेस्रो चरणका साथै खण्डकाव्य रचनाका दृष्टिले महत्वपूर्ण चरण पनि हो । 'तुषारवर्णन' जस्तो आख्यानरहित कोषकाव्यात्मक खण्डकाव्यकारिता जस्तो नयाँ प्रवृत्ति देखिनुका साथै यस चरणका काव्यकृतिहरूमा राणाशासनका विरुद्ध तीब्र आक्रोश व्यक्त भएको पाइन्छ । वनारसप्रवासका क्रममा आफूमाथि आइपरेको आर्थिक सङ्कटबाट राहत पाउनका लागि उनले द्रुततर र आशुवेगी खहरेका रूपमा खण्डकाव्यका साथै थुप्रै कविताकृतिहरू रचना गरेको पाइन्छ । यस अवधिमा तेइसवटा खण्डकाव्य कृतिहरू जस्तै - 'तुषारवर्णन', 'वसन्ती'-१, 'वसन्ती'-२, 'नवरस' भित्रका आठ खण्डकाव्य, 'मायाविनी

सर्सी,''कटक', 'मैना,' 'सृजामाता,' 'पहाडी पुकार', 'नेपाली मेघदूत', 'वैराग्य लहरी', 'आँसु', 'आनन्दशतक', 'नाला,''झञ्झावर्णन,' 'रामायण' (शोकगाथा) रहेका छन् तर 'रामायण' प्रकाशित पनि भएको जानकारी प्राप्त भए तापनि हाल अनुपलब्ध छ (अवस्थी,२०६५:२५) ।

यस चरणका खण्डकाव्यहरूमा सामाजिक, पौराणिक, ऐतिहासिक, कोषकाव्य जस्ता आख्यानगत विविधता, रसगत विविधता, लयगत विविधताको समेत सफल प्रयोग गरेका छन् । यस अवधिका खण्डकाव्यहरूमा मुक्तलय वा गद्यलय समेत भएको एक मात्र खण्डकाव्य 'मायाविनी सर्सी' र 'आँसु' जस्तो लामो कविता समेत रचना गरेको पाइन्छ । स्वच्छन्दतावादी गाथाकाव्यात्मक खण्डकाव्य लेख्ने मूल प्रवृत्तिका साथै पूर्वीय पुराणमा आधारित खण्डकाव्यका अतिरिक्त पाश्चात्य ग्रिकपुराकथालाई विषयवस्तु बनाई रचना गरेका 'मायाविनी सर्सी' र 'सृजामाता' खण्डकाव्य समेत यस चरणमा देखा पर्दछन् ।

देवकोटाले पहिलो र दोस्रो चरणमा खास गरी प्रणयगाथात्मक खण्डकाव्यको रचना गरे भने यस चरणमा चाहिँ नैतिक तन्त्रगाथायुक्त (मैना), सृष्टिगाथायुक्त (सृजामाता), वीरगाथायुक्त (कटक), प्रणय वीरगाथायुक्त (वसन्ती-१, वसन्ती-२) जस्ता विविध भावहरूको सशक्त प्रयोग यस चरणका खण्डकाव्यहरूमा देख्न सकिन्छ । मानवीय उदात्त वीर चरित्र र नीच भोगवादी पशुप्रवृत्ति बिचको द्वन्द्वका साथै उदात्त वीर चेतनाले आफूभित्रको नीच भोगवादी पशुवृत्तिलाई समन गर्न सक्नुपर्छ भन्ने भाव पनि यस चरणका खण्डकाव्यमा व्यक्त भएको छ ।

यस चरणमा देवकोटामा स्वच्छन्दतावादी-प्रगतिवादी क्रान्तिकारी भावका साथै खस्रो, खरो ओजपूर्ण र सशक्त भाषाशैली पाइन्छ । वनारस प्रवासका क्रममा बेहोर्नु परेको आर्थिक सङ्कटबाट राहत पाउनका लागि वेगशाली आशुलेखनका क्रममा देखिने संरचना र सङ्गठनमा असुगठितता, भाषाशैली र भावविधानमा, क्लिष्टता, अपरिष्कृतिका कसरका अतिरिक्त 'मायाविनी सर्सी' जस्तो उत्कृष्ट गद्य खण्डकाव्यको सृजना पनि यस चरणको उपलब्धि हो (अवस्थी, २०६५: ५१) ।

### घ. चौथो चरण (२०१०-१०१५)

वि.सं. २०१० देखि २०१५ साल सम्मलाई देवकोटाका खण्डकाव्ययात्राको चौथो वा अन्तिम चरण भनेर चिनिन्छ तापनि २००६ देखि २०१४ सालसम्म 'प्रमिथस' महाकाव्य बाहेक अरु कुनै पनि प्रबन्धकाव्यको रचना भएको पाइदैन (अवस्थी, २०६५: ५२) । यस चरणमा देवकोटाको खण्डकाव्य रचनातर्फ शिथिलता देखा पर्दछ । यस चरणमा देवकोटाले उत्कृष्ट र गुणस्तरीय कविता रच्नुका साथै खण्डकाव्यहरूमा-'परिवर्द्धित मुनामदन', 'भ्यागुर नारन', 'नासमभ्कको गाँठो', 'घोड चढी' र 'नयाँ सत्यकलि संवाद' गरी पाँचवटा रहेका छन् । यस चरणको मुख्य प्रवृत्ति भनेको स्वच्छन्दतावादभित्रको परिष्कार चेतना हो (अवस्थी, २०६५: ५२) । २००७ सालपछिको प्रजातन्त्र प्राप्तिपछिको नेपालको सङक्रमणकालीन सामाजिक अवस्था र पतीत समाजका आडम्बरप्रतिको हास्य र व्यङ्ग्य मिश्रित चेतनाबाट समाज सुधारको स्वर मुखरित यस चरणका कृतिमा देख्न सकिन्छ ।

देवकोटाले प्राचीन विचारधाराको अँध्यारो पक्षको विरोध र नवीन युगका प्रगतिशील विचारहरूको समर्थन गरी युगबोधको व्यञ्जना 'नयाँ सत्यकलि संवाद' मा गरेका छन् ( अवस्थी, २०६५: ५२) । यसका साथै सर्वाधिक लोकप्रिय खण्डकाव्य 'मुनामदन' को परिबर्द्धन, परिमार्जन पनि यसै चरणमा गरी खण्डकाव्ययात्रातर्फ विश्रान्ती लिन पुगेका छन् । यसरी देवकोटा खण्डकाव्य तथा कविताकृतिमा परिष्कारतर्फ उन्मुख हुनु नै यस चरणको मूल उपलब्धि हो भन्न सकिन्छ ।

## ३.५ देवकोटाका खण्डकाव्यकृतिको कालक्रमिक विवरण

कविता विधाको फुटकर कविताभन्दा लामो र महाकाव्यभन्दा छोटो मझौला आयामको आख्यानात्मक वा आख्यानविकल्पी प्रबन्धात्मक संरचना भएको एक उपविधा नै खण्डकाव्य हो । खण्डकाव्यमा प्रयुक्त आख्यानले जीवनको एक खण्डको पूर्ण अभिव्यक्ति गर्दछ । खण्डकाव्यमा सामान्यतः सय वा सोभन्दा बढी चारसय उनान्सयसम्मको चतुष्पदी श्लोक वा अनुच्छेद परिमाण हुन सक्ने मानिन्छ तापनि फुटकर कविताका तुलनामा स्थूल किसिमको आख्यान-प्रयोग वा स्पष्ट प्रबन्ध योजना भएको कविता संरचनालाई पनि खण्डकाव्य मान्न सकिने आधारमा हेर्दा फेला पर्ने देवकोटाका प्रकाशित खण्डकाव्यकृतिहरूको कालक्रमिक (रचनाकालमा आधारित) विवरण तल प्रस्तुत गरिएको छ (अवस्थी, २०६५: २४) ।

| क.सं. | खण्डकाव्यकृति | रचना काल वि.सं. | प्रकाशन साल वि.सं. | चरण |
|---|---|---|---|---|
| १. | मुनामदन | १९९०-९२ | १९९२ | पहिलो |
| २. | राजकुमार प्रभाकर | १९९६ | १९९७ | पहिलो |
| ३. | तिप्लिङ्गी | २००१ | २०५७ | दोस्रो |
| ४. | लूनी | २००१ | २०२३ | दोस्रो |
| ५. | कुञ्जिनी | २००२ | २००२ | दोस्रो |
| ६. | दुष्यन्त-शकुन्तला भेट | २००२ | २०२५ | दोस्रो |
| ७. | म्हेन्दु | २००३ | २०१५ | दोस्रो |
| ८. | सीताहरण | २००३ | २०२४ | दोस्रो |
| ९. | रावण जटायु युद्ध | २००३ | २०१५ | दोस्रो |
| १०. | तुषारवर्णन | २००३ | २०५९ | तेस्रो |
| ११. | रामायण(शोकगाथा) | २००४ | २००४ | तेस्रो |
| १२. | वसन्ती-१ | २००४ | २०३९ | तेस्रो |
| १३. | वसन्ती-२ | २००४ | २००९ | तेस्रो |

| | | | | |
|---|---|---|---|---|
| १४. | मायाविनी सर्सी | २००४ | २०२४ | तेस्रो |
| १५. | श्रृङ्गार रस | २००४ | २०२५ | तेस्रो |
| १६. | शान्तरस | २००४ | २०२५ | तेस्रो |
| १७. | वीभत्सरस | २००४ | २०२५ | तेस्रो |
| १८. | भयानकरस | २००४ | २०२५ | तेस्रो |
| १९. | वीररस | २००४ | २०२५ | तेस्रो |
| २०. | हास्यरस | २००४ | २०२५ | तेस्रो |
| २१. | अद्‌भुतरस | २००४ | २०२५ | तेस्रो |
| २२. | करुणरस | २००४ | २०२५ | तेस्रो |
| २३. | कटक | २००४ | २०२६ | तेस्रो |
| २४. | मैना | २००४ | २०३९ | तेस्रो |
| २५. | सृजामाता | २००४ | २०३९ | तेस्रो |
| २६. | नेपाली मेघदूत | २००४ | २०३९ | तेस्रो |
| २७. | वैराग्य-लहरी | २००४ | २०३९ | तेस्रो |
| २८. | आनन्दशतक | २००४ | २०३९ | तेस्रो |
| २९. | झञ्झावर्णन | २००४ | २०३९ | तेस्रो |
| ३०. | पहाडी पुकार | २००५ | २००५ | तेस्रो |
| ३१. | नाला | २००५ | २००५ | तेस्रो |
| ३२. | आँसु | २००५ | २००६ | तेस्रो |
| ३३. | भ्यागुरनारान | २०१५ | २०२४ | चौथो |
| ३४. | नासमझको गाँठो | २०१५ | २०२४ | चौथो |
| ३५. | घोडचढी | २०१५ | २०२४ | चौथो |
| ३६. | नयाँ सत्यकलि संवाद | २०१५ (अनुमानित) | २०१८ | चौथो |
| ३७. | परिवर्द्धित मुनामदन | २०१५ | २०१६ | चौथो |

## ३.६ निष्कर्ष

लक्ष्मी प्रसाद देवकोटाको समग्र कवितायात्राका सापेक्षतामा उनका खण्डकाव्ययात्राका चार चरणहरूमध्ये दोस्रो र तेस्रो चरण खण्डकाव्य रचनाका दृष्टिले अत्यन्त उर्बर र आशुलेखनका अवधिका रूपमा देखिन्छ । उनको खण्डकाव्ययात्राको पहिलो चरणमा विशेषतः 'मुनामदन' खण्डकाव्यले आख्यान सुगठितता र पुष्टता प्राप्त गर्नुका साथै कवित्वको उत्कृष्ट सन्तुलनले स्वच्छन्दतावादी भावको सफलता प्राप्त गरेको छ । 'मुनामदन' को ऐतिहासिक देन र अत्याधिक लोकप्रियताले यस चरणलाई विशेष महत्वपूर्ण र प्राप्तिपूर्ण बनाएको छ । दोस्रो चरणमा सातवटा खण्डकाव्यमार्फत् आशुकवित्वको प्रदर्शन र तेस्रो चरण प्रगतिवादको प्रवेश, गद्य कविता तथा युक्त लयको प्रयोग, विषयवस्तुको विविधताका दृष्टिले उपलब्धिपूर्ण रहेको छ भने परिष्कार, परिमार्जन तर्फको सचेतता चौथो चरणको उपलब्धि बन्न पुगेको देखिन्छ ।

देवकोटाको खण्डकाव्ययात्राको 'परिवर्द्धित मुनामदन'का साथै अरु चारवटा नयाँ खण्डकाव्य रचना गरिएको चौथो चरण स्वच्छन्दतावादी-प्रगतिवादी समीकरणका साथै परिष्कारतर्फको चाहना र हास्यव्यङ्ग्य धर्मी खण्डकाव्य रचनाका दृष्टिले उल्लेख्य रहेको छ । यसरी लक्ष्मी प्रसाद देवकोटाका खण्डकाव्ययात्रामा ऐतिहासिक देन र असाधारण लोकप्रियताका दृष्टिले 'मुनामदन' लाई सर्वाधिक चर्चित र उच्चतर खण्डकाव्यका रूपमा लिन सकिन्छ ।

## परिच्छेद - चार

# ४. 'पहाडी पुकार' को कृतिगत विश्लेषण

'पहाडी पुकार' काव्य महाकवि लक्ष्मी प्रसाद देवकोटाद्वारा वनारस प्रवास कालमा रचना गरिएको हो । देशको सामाजिक, आर्थिक, राजनीतिक अवस्थाबाट आहत बनेका देवकोटाले वि.सं. २००५ सालमा रचना गरी सोही साल 'जन प्रकाशनालय' रक्सौलबाट प्रकाशित गरेको भ्याउरे वा लोकलय बद्ध लघुतर काव्य 'पहाडी पुकार' को कृतिपरक विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## ४.१ रचनाको पृष्ठभूमि

प्राज्ञिक क्षमता तथा स्वअध्ययनले समेत बौद्धिक स्तर प्राप्त गरिसकेका देवकोटाले २००४ सालपूर्व नै भारतका विभिन्न स्थानहरूको भ्रमण गरी त्यहाँको जीवनपद्धति, सभ्यता-संस्कृति तथा कलाकौशलका बारेमा प्रत्यक्ष अवलोकन गरी आफ्नो ज्ञान-अनुभवलाई फराकिलो बनाइसकेका थिए । त्यसका अतिरिक्त राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा पनि परिवर्तनका लहरहरू सल्बलाइ रहेका थिए । त्यसको प्रभाव युगसचेत देवकाटामा पनि परिसकेको थियो । त्यस बाहेक द्वितीय विश्वयुद्ध पश्चात् नयाँ विश्वयुगको उदय, दक्षिणी छिमेकी देश भारतमा भारतीय स्वतन्त्रता सङ्ग्राम, उत्तरी छिमेकी देश चीनमा जनमुक्ति आन्दोलनले सफलता प्राप्त गर्दै गरेको अवस्था एकातिर थियो (अवस्थी, २०६१: ४४) भने अर्कोतिर नेपालमा पनि निरङ्कुश राणा शासन विरुद्ध भित्रभित्रै आन्दोलनको ज्वाला सल्किरहेको थियो ।

यसै परिप्रेक्ष्यमा 'पहाडी पुकार' संरचना गर्नु पूर्व नै देवकोटामा राजनीतिक र सामाजिक चेतना सल्बलाइ सकेको थियो । त्यसैले राष्ट्रहित तथा जनहितकै लागि देवकोटा सहित ४६ जना युवाहरू मिलेर वि.सं. १९८७ सालमा 'जनपुस्तकालय' खोल्नका लागि हस्ताक्षर सङ्कलन गरी एउटा निवेदन निरङ्कुश राणाशासनका तत्कालीन प्रधानमन्त्री

भीमशमशेर समक्ष प्रस्तुत गरिएको थियो तर हस्ताक्षरकर्ता मध्येकै एक जनाले पोल लगाइ दिंदा यो सामाजिक कार्य सम्पन्न हुन सकेन भने देवकोटा लगायत सवै युवाहरूलाई १००/१०० रूपियाँ जरिवाना समेत भयो । यसलाई नेपालको इतिहासमा 'लाइब्रेरी पर्व' भनेर चिनिन्छ (अवस्थी, २०६१: २८) । यस घटनाबाट संवेदनशील बनेका देवकोटाको मानसिक चेतनामा समेत आघात पुग्न गएको थियो । त्यसका अतिरिक्त वि.सं. १९९० मा गएको महाभूकम्पले ल्याएको सर्वसाधारणका आला र चह्रयाउने विपत्ति, १९९७ को 'सहिद पर्व' आदिलाई पनि देवकोटाले नजिकैबाट नियालिरहेका थिए भने आफ्ना बाबु-बाजेका पालादेखि नै दरवारसँगको निकटताले पनि राणादरवारको भोग-विलासी र निरङ्कुशताका बारेमा देवकोटा धेरथोर परिचित थिए ।

कानुन विषयसमेत पढेका देवकोटाको चेतनामा जनअधिकार तथा मानवाधिकार र प्रजातन्त्रवादी विचारले निकास पाउने ठाउँ खोज्दै थियो । वि.सं. १९९३ मा स्थापित 'प्रजा परिषद' ले भित्रभित्रै चलाएको आन्दोलन, 'सहिद पर्व' पछि विकसित भएको जनजागरणको लहर, वि.सं. २००३ मा वनारसमा 'अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस' को समेत स्थापनाले पनि देवकोटामा राजनीतिक संचेतना विकसित हुँदै थियो । देशभित्र पनि सचेत र बौद्धिक वर्गमा राजनीतिक चेतना तीव्र रूपमा सल्बलाइ रहेको थियो । यसै पृष्ठभूमिमा आन्दोलनलाई बौद्धिक क्षेत्रबाट नैतिक र हार्दिक समर्थन गर्ने हेतुले देवकोटाले आफ्नो त्रिचन्द्र कलेजको प्रोफेसर पद त्यागी, घर परिवारलाई समेत अलपत्रै छाडी वनारस प्रवासमा लागे र आफ्ना रचना मार्फत् क्रान्तिकारी विचारको उद्घोष गर्न थाले ।

त्यस समयका रचनाहरूमा -'बाघले बच्चा किन खान्छ ?','साँढे', 'भाँचू कि मेरो कलम', 'प्रभुजी भेडो बनाऊ', 'पहाडी पुकार' आदि उल्लेखनीय रहेका छन् । 'पहाडी पुकार' कृतिको तेस्रो संस्करणको भूमिकाका रूपमा 'दुई शब्द' शीर्षकमा छोरा पद्मप्रसाद देवकोटाको "मानव मूल्यहरू स्थापना गर्ने हेतुले, ज्यानको बाजी लगाएर नेपाली जनताका पक्षमा र २००७ सालको क्रान्तिको पक्षमा जनसमर्थन जुटाउने उद्देश्यले यस कृतिको जन्म भएको हो ।" भन्ने भनाइले पनि देवकोटाले 'पहाडी पुकार' लेख्नुको उद्देश्य प्रष्ट हुन्छ ।

यसरी विकसित भइरहेको राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशका सापेक्षतामा नेपाली जनता राणाकालीन अन्धकार युगमा पशुजस्तो जीवन बाँच्न बाध्य थिए । देशमा शासकहरूको अत्याचार चरम चुलिएको थियो । यस्तो अवस्थामा राणाहरूका विरुद्ध मर्नै परे पनि अन्तिम लडाइँ लडेरै छाड्ने अठोटका साथ देवकोटाले आन्दोलनमा लाग्ने निश्चय गर्दछन् । जसलाई 'पहाडी पुकार' काव्यमा उनले यसरी व्यक्त गरेका छन्:

अब त साह्रै गलामा पुग्यो गुम्सेको जिन्दगी ।
नउठाउँ भने हृदयको बोली को होला पारखी ॥

-श्लोक २९

यसरी अबुझ, सोझा, गरिब जनताका माझमा आफू केही जान्ने बुझ्ने भएको नाताले सार्थक जीवन बाँच्नका निम्ति अशिक्षित सर्वसाधारण नेपाली जनताले समेत कण्ठस्थ गर्न सकिने भाषामा र जनजिब्रोले तत्काल गेयात्मकता प्रदान गर्न सक्ने लयमा रचना गरी सम्पूर्ण दमित-पीडित वर्गलाई आन्दोलनमा अग्रसर गराउन खोज्नु नै यो कृति लेखनको पृष्ठभूमि हो । नभन्दै यो कृति छाप्दाछाप्दै ५००० प्रति हारालुछ गरी बिक्री भएको थियो भन्ने जानकारी पाइन्छ (भट्ट, २०२५: ३४६) । अन्याय-अत्याचारको पराकाष्ठा नाघेको अनुभव गर्दै सोही पृष्ठभूमिमा देवकोटाको हृदयको बोली अनायास यसरी अभिव्यक्त हुन्छ:

सुत्दैनौं हामी उठ्ने छौं सारा ईश्वरका नाममा ।
अन्न र बस्त्र घर लिई छोड्छौं इन्साफमा नाममा ॥

-श्लोक ३५

सम्पूर्ण शोषित पीडित वर्गलाई आफ्नो हक-अधिकारका बारेमा अवगत गराउँदै देशलाई कुत तिरिन्छ भने त्यस वापत न्यूनतम आधारभूत आवश्यकताको पूर्ति पारितोषिकका रूपमा जनताले पाउनै पर्छ भन्ने हठका साथ त्यो प्राप्त गरेरै छाड्ने प्रतिज्ञा गर्दै जनतालाई सम्बोधन र आह्वान गरी यो कृति लेखिएको हो । नेपाली जनतामा प्रगतिशील संचेतना भरी जनताको शक्तिलाई शासकहरूका विरुद्ध प्रदर्शन गर्ने आह्वानका साथ प्रस्तुत कृतिको रचना भएको हो । त्यसैले कृति लेखनको पृष्ठभूमि मूलतः राजनीतिक र वैचारिक नै रहेको छ ।

## ४.२ शीर्षकीकरण

कृतिको पहिचान वा नाम नै शीर्षक हो । शीर्षक कृतिमा अभिव्यक्त मुख्य भावसँग वा पात्रका नामसँग वा मुख्य परिवेशसँग सम्बन्धित हुने गर्दछ । यो कृतिको नाम पनि यस भित्रको मुख्य भाव वा विचारलाई प्रकट गर्ने अभिप्रायले राखिएको देखिन्छ ।

'पहाडी' भन्नाले भौगोलिक रूपमा उकाली-ओराली, खोला-नाला, भञ्ज्याङ्ग-चौतारी भएको अग्लो-होचो जमिन हो । हाम्रो देशको अधिकांश भू-भाग यस्तै विकटताले ढाकिएको छ । त्यसैले यसलाई पहाडी देश पनि भनेर चिनिन्छ । त्यतिमात्र होइन । यहाँ बसोबास गर्ने अधिकांश जनता गरिब, अशिक्षित, सोझा, अबुझ र बेकम्मा वर्गका छन् । तिनै पिछडा, दमित, पीडित, शोषित वर्गलाई मुट्ठीभरका सामन्त, ठालु, शोषक वर्गले पशुतल्य व्यवहार गरिरहेका छन् । आफ्ना सन्तानको यस्तो कहाली लाग्दो जीवन देखेर नेपाल आमाको मुहार पनि अँध्यारो भएको अनुभव गर्दै कवि देवकोटाले काव्यको थालनीमा नै नेपाली जनतालाई सम्बोधन गर्दै उनी लेख्छन्:

नेपाली भाइ नेपाली बहिनी सबैको गुहार छ ।
अधेरी आज यी हाम्री आमा देशको मुहार छ ॥

-श्लोक १

देशको अनुहार अध्यारो हुनुको कारण दोस्रो श्लोकले बताउँछ:

के छ र हाम्रो ठीक बन्दोबस्त सब कुरा गडबड छ ।
बलियालाई पैसा नै लुट्ने सधैको हडबड छ ॥

-श्लोक २

दोस्रो श्लोकले स्पष्टसँग यो देशमा दुई वर्ग छन् । एउटा सामन्त, शोषक, पीडक, ठालु, धूर्त-छली वर्ग छ भने अर्को गरिब, पीडित, सर्वहारा, शोषित, दमित वर्ग छ भन्ने कुरा अभिव्यक्त गर्दछ । तिनै पीडित वर्गको असहनीय घाउ र पीडाको आवाज नै 'पहाडी पुकार' हो ।

खोला र नाला पहाडमा हामी बसेर गीत गाउँछौं ।
हे पशुपति हे गुहेश्वरी भनेर कराउँछौं ॥

- श्लोक ३०

माथिको श्लोकमा खोला-नाला, भीर-पाखा, उकाली-ओराली भएको पहाडी भूगोल र त्यसै स्थानका आराध्यदेव पशुपति र गुहेश्वरीलाई पुकार गर्दै आफ्नो विवशता बताएका हुनाले पनि यसको शीर्षक 'पहाडी पुकार' उपयुक्त देखिन्छ ।

यसै पनि 'पुकार' शब्दलाई कसैको रोदन-क्रन्दन, याचना र विलौना भन्ने अर्थमा प्रयोग गरिएको हुन्छ । यस कृतिमा पनि पहाडी देश नेपाल र यहाँका पछौटे विपन्न वर्गसँग स्वयम् देवकोटा आफूपनि एकाकार भई 'हामी' मा विलीन हुन्छन् र यी सबैको साझा आवाज वा गुहार नै 'पहाडी पुकार' हो ।

हिमालको चिसो बतास लाग्ने ठाउँ, आकासे खेतीमा भर पर्नु पर्ने जग्गा, स्याउले झुप्रा, उकाली-ओराली, खोला-नाला, बाँदर लड्ने भीर आदि जस्ता शब्दहरूलाई काव्यमा प्रयोग गरी यो देश पहाडी देश हो भनेर चिनाएका छन् । यही पहाडी देशमा बस्ने जनता र तिनका जीवनको यथार्थ शब्दचित्र काव्यका अघिल्ला अठ्ठाइस श्लोकले अभिव्यक्त गर्दछन् भने पछिल्ला बाँकी नौ श्लोकमा अब यस्तो अत्यासलाग्दो जिन्दगीमा गुम्सिएर बस्नुभन्दा हक-अधिकारका लागि प्राणको आहुति दिन सबैलाई आह्वान गरेका छन् ।

पहाडी मुलुक नेपालका ग्रामीण र विपन्न जनता काव्यका पात्रहरू हुन् । तिनीहरू गरिब छन् तर आफू ठगिएको कुरामा सचेत छैनन् । आफ्नो जीवन पशुतुल्य बन्नुको कारण पनि त्यो वर्गलाई थाहा छैन । त्यसैले उनीहरू सङ्गठित छैनन् । प्राणको बलिदान नगरी हक प्राप्त गर्न सकिंदैन भन्ने कुरा बुझेका यसै वर्गका अगुवा देवकोटा अब हठी र क्रुद्ध बन्दै त्यो लिएरै छाड्ने अठोटमा छन् । यो सिङ्गो आवाज देशको हो, त्यो पछौटे वर्गको हो भनेर सबैलाई एकत्रित हुन र ज्यानको पर्वाह नगर्न आह्वान गर्दै विद्रोहभित्र मानवताको खोजी गर्ने उद्देश्यले यो काव्यको रचना भएकाले यसको शीर्षक सार्थक देखिन्छ ।

सामान्यतयाः 'पुकार' शब्दले निर्दो, कमजोर, दयावान, नरम कायर-विलौना भन्ने अर्थ पनि सङ्केत गर्दछ । 'बृहत नेपाली शब्दकोश' का अनुसार पनि 'पुकार' शब्दको अर्थ क्षमा-यचना, टाढाबाट गरिएको प्रार्थना भन्ने बुझिन्छ । तर यस काव्यको नायक वर्गका प्रतिनिधि देवकोटाले दयाभाव प्रकट गर्दै लाचार भएर हात थापेर आफ्नो अधिकार पाइदैन त्यो खोसेरै लिइछाड्नु पर्छ भन्ने बुझेका छन् । बरु उनलाई ज्यानको कुनै पर्वाह छैन ।

खालि आफूहरू सङ्गठित र एकत्रित हुनुमात्र पर्दछ भन्ने लागेको छ । यसरी यसमा विलौना नभएर प्रार्थना छ र त्यो प्रार्थना नेपाल र नेपालीका नाममा छ । नेपाली भूमिमा भएको अन्यायका विरुद्ध हुङ्कार गर्दै कविले सबैलाई आह्वान गरेका छन् । कविका यी पङ्क्तिहरूले पनि यसै कुराको पुष्टि गर्दछन्:

सुत्दैनौं हामी उठ्ने छौं सारा ईश्वरमा नाममा ।
अन्न र बस्त्र घर लिइ छोड्छौं इन्साफका नाममा ॥
-श्लोक ३५

ज्यानै पो जाओस् प्राणै पो जाओस् पर्वाह गर्दैनौं ।
मानिसलाई चाहिने हक न लिइ छोड्दैनौं ॥
-श्लोक ३६

मर्नु त एक दिन अवश्यै पर्छ पशु झैं न जिउँ ।
मानिस हुँ भने मानिस झैं जिउँ मानिसको हक लेउँ ॥
- श्लोक ३७

यसरी काव्यमा आत्मबलिदान दिन तत्पर रहेका काव्य नायकका प्रतिनिधि देवकोटाको हुङ्कार प्रस्तुत भए पनि त्यो हुङ्कार नेपाली मात्रलाई गरिएको प्रार्थना हो । उनले काव्यका माध्यमबाट नेपाली जनतालाई प्रार्थना गरेका छन् र उठ्न र जुटन्का लागि आह्वान गरेका छन् । यस अर्थमा काव्यको शीर्षक सार्थक रहेको छ ।

## ४.३ कृतिको विधागत पहिचान

लक्ष्मी प्रसाद देवकोटाद्वारा लेखिएको यस सानो जम्मा ३७ श्लोकको काव्यमा स्थूल वा सूक्ष्म किसिमको स्पष्ट देखिने आख्यान छैन । त्यसैले यहाँ पात्रहरूको स्पष्ट झलक पनि देख्न सकिंदैन । यही आधारमा प्रस्तुत काव्यलाई सजिलैसँग खण्डकाव्य भन्न नसकिए तापनि यसको समग्र संरचना तथा विषवस्तुको विस्तार एवम् कथाचूर्णक वा कथांशको परस्पर संयोजनका कारण यसले खण्डकाव्यस्तर र उचाइ प्राप्त गरेको छ । महादेव अवस्थीले आफ्नो 'लक्ष्मी प्रसाद देवकोटाको खण्डकाव्यकारिता' नामक विद्यावारिधि शोधग्रन्थमा पनि 'पहाडी पुकार' लाई खण्डकाव्यभित्रै राखेका छन् ।

आख्यान खण्डकाव्यका लागि निर्विकल्प तत्व होइन । कुशल स्रष्टाले आफ्ना अनुभूतिको व्यवस्थापनकै लागि आख्यानको सहारा लिएको हुन्छ । आख्यान तत्व शक्तिशाली भएर पनि कवित्व शक्ति वा भावात्मक गहिराइको पुष्टता कमजोर हुन पुग्यो भने त्यो खण्डकाव्य सशक्त र सबल बन्न सक्दैन । त्यसैले आख्यानको एक्लो प्रबलताले मात्रै सफल खण्डकाव्य बन्न सक्दैन बरु झिनो कथाचूर्णकका आडमा पनि एक सशक्त विषयवस्तु, भाव वा विचारको व्यवस्थित र कुशल समायोजनमा उत्कृष्ट खण्डकाव्य बन्न सक्ने सामर्थ्य रहने हुनाले खण्डकाव्यमा आख्यानलाई वैकल्पिक तत्वका रूपमा लिने गरिन्छ ।

यस 'पहाडी पुकार' काव्यमा आख्यान सूत्रका साथै सर्गविधानको व्यवस्था नभए तापनि हरेक श्लोक श्लोकहरूका बिचमा पाइने भावको एकान्विति र आन्तरिक संरचना शृङ्खलावद्ध रूपमा अगाडि बढेको छ । काव्यमा आएका श्लोकहरूले कतै विपन्न नेपाली जनताका आर्थिक अवस्थाको शब्दचित्र प्रस्तुत गरेका छन् भने कतै सामाजिक, राजनीतिक, सांस्कृतिक अवस्थाको रेखाचित्र प्रस्तुत गरेका छन् । त्यस्तै कतिपय श्लोकहरूले तमाम दीनहीन नेपाली जनताको जीवन नारकीय बन्न जानुको कारण, त्यसबाट मुक्ति पाउने चाहना र आफ्नो हक अधिकार लिएरै छाड्ने दृढ अठोट आदिको पारस्परिक क्रमबद्धता तथा भावको एकान्विति वा शृङ्खला अभिव्यक्त गर्नमा यो काव्य सफल देखिन्छ । त्यसैले यस काव्यका श्लोकहरूमा प्रयुक्त भाव वा वैचारिक अनुभूतिको समीकरणबाट काव्यको आन्तरिक संरचना सशक्त बन्न पुगेको छ ।

नेपाली जनतामा प्रगतिशील संचेतना भरी जनताको शक्तिलाई शासकहरूका विरुद्ध प्रदर्शन गर्ने उद्देश्यले लेखिएको यस काव्यले राजनीतिक र वैचारिक चिन्तनलाई खरो, ओजपूर्ण र सशक्त रूपमा प्रस्तुत गरेको छ । यस आधारमा हेर्दा 'पहाडी पुकार' लाई लघु आयामको खण्डकाव्य भन्न सकिन्छ ।

नेपाली साहित्यका समीक्षक महादेव अवस्थीको 'आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श' नामक पुस्तकमा अभिव्यक्त यो भनाइलाई आधार मान्दा पनि 'पहाडी पुकार' लाई खण्डकाव्य भन्न सकिने बलियो तथ्य प्राप्त हुन्छ । उनका भनाइमा - "खण्डकाव्य कविताको त्यो प्रबन्धात्मक रूप हो, जो सर्गरहित वा सर्गसहित हुन सक्छ

जसले समग्र सन्धिको अपेक्षा गर्दैन जो आख्यानात्मक वा आख्यानरहित अनि एकान्वितिपूर्ण पद्यहरूद्वारा संरचित हुन्छ जसमा एकै उद्देश्य प्राप्तिमा प्रवृत्त जीवन खण्डको वा जीवनगत् कालखण्डको कुनै एक पुरुषार्थ वा मानवार्थको र रस विशेषको अभिव्यक्ति हुन्छ" (अवस्थी, २०६४: ४५)।

अर्का समालोचक वासुदेव त्रिपाठीले पनि "खण्डकाव्यमा कुनै आख्यान अँगाली वा नअँगाली पनि जीवन जगत्को एक अंश वा मात्रालाई अन्वितिपूर्वक वद्ध वा मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ" (त्रिपाठी, २०६५: ५७) भनेका छन् ।

यिनै भनाइलाई पृष्ठभूमिमा राखेर हेर्दा विपन्न नेपाली जनताका जीवनको एक अंश वा खण्डको शृङ्खलावद्ध प्रस्तुतिको एकान्विति र भावात्मक गहिराइको पुष्टता 'पहाडी पुकार' मा देख्न सकिन्छ । काव्यमा देखिएको मुलुक, मुलुकका जनता, तिनको यथार्थ जीवनपद्धति, त्यसो हुनुको कारण, जनहकको खोजी, मुक्तिको लडाइँमा ईश्वरको साथ, हक प्राप्त गरेरै छाड्ने दृढ अठोट आदिको वृतान्तलाई सरल, रोचक, स्पष्ट, पूर्ण, संशक्त र प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ । त्यसैले राजनीतिक उद्देश्यले लेखिएको यस काव्यमा पुष्ट आख्यानको प्रयोग नभए तापनि क्रान्तिपरक विषयवस्तुको गहिराइ, भाव वा विचारको एकान्विति, पूर्णता, स्वायत्तता र सशक्तता प्रभावकारी ढङ्गमा प्रस्तुत भएकाले यसलाई लघु आयामको खण्डकाव्य मान्न सकिन्छ ।

यसरी यस 'पहाडी पुकार' काव्यमा खण्डकाव्यले अपेक्षा गर्ने प्रायः सबै अवयव जस्तै शीर्षकीकरण, आख्यानात्मक संरचना, भावविधान, कथनपद्धति, लयविधान, बिम्ब-प्रतीक-अलङ्कार विधान, विचार आदि जस्ता तत्वहरू समाविष्ट रहेका छन् । खालि यसमा वैकल्पिक तत्व मानिएको पुष्ट आख्यान वा घटनाका कार्य कारण शृङ्खला मात्र देख्न सकिँदैन तर त्यसका स्थानमा सिङ्गो काव्यमा सुरुदेखि अन्त्यसम्म गरिब नेपाली जनताका आकृति, रूपरङ्ग, पहिरन, जीवनशैली, मानसिक, सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक अवस्थाको एक/एक शब्दचित्र प्रस्तुत गरिएकाले यहाँ कथावस्तुको चूर्णक वा भावको एकान्विति देखिन्छ । त्यसैले आख्यान तत्व क्षीण हुँदाहुँदै पनि अन्वितिपूर्ण भावात्मक

गहिराइको पुष्टताले गर्दा 'पहाडी पुकार' काव्यलाई लघु वा सानो आयामको खण्डकाव्य मान्न सकिन्छ । यही नै यसको विधागत पहिचान हो ।

## ४.४ आख्यानात्मक संरचना

कथावस्तु, पात्र र परिवेशको त्रिकोणात्मक सङ्गठन नै आख्यान हो र त्यस आख्यानको सुसङ्गठित प्रयोगको कुशलता नै आख्यानात्मक संरचना हो (न्यौपाने, २०५८: १३) । खण्डकाव्यमा जीवनको एकांशलाई झल्काउने पुष्ट वा सूक्ष्म आख्यानको प्रयोग हुन पनि सक्छ र नहुन पनि सक्छ । त्यस्तो आख्यान नभएका काव्यमा भावको एकान्विति, विचार प्रधान, पूर्णता, स्वायत्तता र सशक्तता मात्र पनि रहन सक्छ ।

यस 'पहाडी पुकार' काव्यमा पनि स्थूल वा सूक्ष्म किसिमको स्पष्ट देखिने कथावस्तु छैन । त्यसैले यहाँ पात्रको स्पष्ट झलक पनि देख्न सकिँदैन तर सिङ्गो काव्यमा सुरुदेखि अन्त्यसम्म गरिब नेपाली जनताका आकृति, रूपरङ्ग, पहिरन, जीवनशैली, मानसिक, सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको यथार्थ नालीबेली प्रस्तुत गरिएकाले काव्यमा कथावस्तुको चूर्णक वा भावको एकान्विति भेट्न सकिन्छ । यस काव्यभित्र नेपाली जनताको मुटुमा पलाएका घाउहरूको उत्खनन्मा देवकोटाले साच्चिकै बाजी मारेका छन् (अधिकारी, २०६६: ३८५) ।

त्यसैले 'पहाडी पुकार' काव्यमा देखिने कथावस्तु, पात्रविधान र परिवेश विधानका बारेमा तल विश्लेषण गरिएको छ ।

### ४.४.१ कथावस्तु

'पहाडी पुकार' काव्यमा कार्य-कारण शृङ्खला मिलेको अथवा घटनाको आरम्भ, विकास, चरमोत्कर्ष र अन्त्यभाग जस्ता कथावस्तुका अभिन्न अङ्गहरूको शृङ्खला प्रयोग भएको छैन । तर  कवितात्मक संरचना र विषय वस्तुले समेटेको व्यापक परिवेशको आयामगत स्थितिका आधारमा यसलाई खण्डकाव्य समकक्षी रचना मानिएको हुँदा

खण्डकाव्यको विश्लेषणका क्रममा यहाँ 'कथावस्तु' शीर्षकमा नै 'पहाडी पुकार' को विश्लेषण गरिएको छ ।

विपन्न नेपाली जनताका मर्मैमर्महरू कथांशका रूपमा आएका छन् । यस काव्यमा नेपाली निम्न वर्गको कथा छ र तिनको वर्गीय पीडा, आर्तनादको अभिव्यक्ति छ । जनताले आधारभूत आवश्कताबाट वञ्चित हुनु परेको अवस्थाको चित्रण छ । त्यसैगरी सामन्त, ठालु वर्गका कुकुरले समेत दुध-भात पाइरहेको अवस्थामा सर्वसाधारण जनताको जीवन भने तिनै कुकुर भन्दा पनि तुच्छ बन्न पुगेको यथार्थ पनि यसमा प्रकट भएको छ । काव्यमा देखिएको मुलुक, मुलकका जनता, तिनको यथार्थ जीवनपद्धति, त्यसो हुनुको कारण, जनहकको खोजी मुक्तिको लडाइँमा ईश्वरको साथ, हक प्राप्त गरेरै छाड्ने दृढ अठोट आदिको क्रमिक वृतान्त यस काव्यमा प्रकट भएको छ । सरल, सरस, स्पष्ट भाषाशैलीमा लेखिएको यस काव्यले पाठकमा रागात्मकता समेत प्रदान गर्न सकेको छ । यस आधारमा आख्यानवाहक खण्डकाव्यले पाठकमा दिने कुतूहलतालाई यसले पनि निर्वाह गर्न सकेको छ ।

काव्यमा देखिएको मुलुक प्राकृतिक विकटताको साथमा मनभरी पीडा र दर्दले अँध्यारो रूपाकृतिको देखिन्छ । देवकोटाले नेपाल आमालाई एउटा सजीव स्त्रीलिङ्गी रूपमा प्रकट गरेका छन् । नेपाली जीवनलाई प्रस्तुत गर्ने क्रममा देवकोटाले नेपाली समाजको कथा यसरी प्रस्तुत गरेका छन् । उनी लेख्छन्:

> नेपाली भाइ, नेपाली बहिनी सबैको गुहार छ ।
> अधेरी आज यी हाम्री आमा देशको मुहार छ ॥
>
> -श्लोक १
>
> भेडा बाख्रा सरिका हामी हक आफ्नो देख्दैनौं ।
> भेडा त विक्छ रूपैंया पाँचमा हामी त बिक्दैनौं ॥
>
> -श्लोक ३

माथिको तेस्रो श्लोकले निरीह नेपाली जनताको जीवनस्तर भेडा बाख्राभन्दा पनि निकै तल दयनीय आवस्थामा रहेको तथ्यलाई प्रष्ट पारेको छ । यस्तो दीनहीन नेपाली

जनतामाथि राणाशासनको चर्को ज्यादतिका विरुद्ध मुक्तिको लागि आवाज बुलन्द हुँदै गरेको द्वन्द्वग्रस्त कठिन परिस्थितिको चित्रण तलका यी पङ्क्तिहरूले प्रष्ट पार्दछन्:

गरिबको निम्ति आवाज झिल्ने झ्यालखानामा कुहिन्छन् ।
रुखमा फल्छन् गोली पो खान्छन् अथवा मुडिन्छन् ॥

-श्लोक २३

यसरी आफ्ना विरुद्ध आवाज उठाउनेलाई जस्तोसुकै कठोर दण्ड दिन पनि पछि नपर्ने क्रुर राणा शासनको चित्रण पनि काव्यमा भएको छ । त्यस्तै यो देशमा दुई वर्ग छन् । एउटा वर्ग आफूहरू पेट फुट्ने गरी खान्छन्, पाल्तु कुकुरलाई दुध-भात ज्युनार गराउँछन् तर गरिबको पेट सारङ्गी समान खोक्रो छ भन्ने कुरा तलका यी पङ्क्तिले देखाउँछन्:

न अन्न हामीलाई, न वस्त्र हामीलाई पेट फुट्छ ठूलाको ।
ठूलाका कुकुर दूध भात खान्छन् हामी जौ धुलाको ॥

-श्लोक ७

काम गर्ने वर्ग एउटा छ, कुम्ल्याउने वर्ग अर्कै छ भन्दै उनी भन्दछन्:

घाम र पानी बीचमा हामी बसेर कमाउँछौं ।
कमाउने हामी सुम्ठाउने ठालु सित्तैमा मर्दछौं ॥

-श्लोक १२

यस काव्यका अघिल्ला अठ्ठाइस श्लोकहरूले देशको जर्जर कहालीलाग्दो अवस्थाको चित्र प्रस्तुत गरेका छन् । कवि देवकोटाले शिक्षाभावका कारण मुलुक अझै अँध्यारोमा जाकिएको देख्दछन् । जनतामा भोकमरी छ, देश कृषि प्रधान छ तर खेती आकासे छ । आकासे खेतीमा भर पर्दा किसानमा अनिकाल आइपर्छ तर पनि सरकारलाई कुत तिर्नु पर्दछ । न्याय-निसाफमा पैसाको वोलवाला छ । गरिबका निम्ति बोल्नेहरू झ्यालखानामा कुहिन, रुखमा झुण्डिन र गोली खान बाध्य बनाइन्छन् । यसरी देशभित्र अत्याचार र अव्यवस्थाको पराकाष्ठा देखिन्छ ।

'पहाडी पुकार' जनघाउको काव्यात्मक दस्तावेज हो, घाउ नै घाउको पुञ्ज हो ( अधिकारी, २०६६: ३८६) । बाँकी नौ श्लोकमा कविले हक प्राप्तिको लडाइँमा ईश्वरको

सहायता र सद्भाव मागेका छन् । काव्यको छैटौं, छब्बिसौं, तिसौं, बत्तिसौं र पैंतिसौं श्लोकमा क्रमशः आकासका देउता, लोकनाथ, पशुपति/गुजेश्वरी, ठाकुर र ईश्वरको नाम भनी करिब छ ठाउँमा ईश्वरसँग आशीर्वाद मागेका छन् ।

नागरिक हक अधिकारप्रति सचेत देवकोटा राष्ट्रको आम्दानी जनताको कल्याणकारी काममा खर्च हुनुपर्नेमा वकालत गर्दै भन्दछन्:

देशको जति आम्दानी हुन्छ खै खर्च हामीमा ।
लाउन र खान बोल्नको हक छ मानिस नामीमा ॥

-श्लोक ३३

बाँदर लड्ने भीरमा स्याउले झुप्रा बनाएर बस्ने अति विपन्न नेपाली जनता सन्तुलित आहारको अभावमा कञ्चट बसेका, गाला सुकेका, अनुहार पनि रङ्ग न ढङ्गको छ । पेट सारङ्गी जस्तो खोक्रो छ भन्दै गरिब नेपाली जनताको अनुहार र जीउडालको स्वरूप यसरी देखाउँछन्:

देशको पैसा ठूलाले हजम हामी पो सारङ्गी
कञ्चट बस्छन्, गाला त सुक्छन् मुख छ बेरङ्गी

-श्लोक १८

झल्लरे भोटो र च्यातिएर घेरो मात्र बाँकी रहेको टोपी त्यसमा पनि मैला थुप्रिएर, गन्हाउने र जुम्रा पर्ने हेर्दै घृणा लाग्दो पहिरनमा नेपाली जनताको चिनारी दिँदै भन्दछन्:

मैला र धैला गन्हाउने थैला भटमासे जुम्रे झैं ।
संसारमा हामी बेकम्मा भयौं लुरे र लुम्रे झैं ॥

-श्लोक १४

यसरी देवकोटाले गरिब जनताका अनुहार, रूपाकृति र पहिरनको यथार्थ चित्रण गरिसकेपछि अर्को श्लोकमा उनीहरूको खानपिनको चर्चा गर्दै भन्दछन्:

स्वास्नीलाई हाम्रो न वरको एउटा मजेत्रो केही छैन ।
दिउरी छ रित्तो ढिंडो छ निस्तो तिहुन हुँदैन ॥

-श्लोक ११

आकासे खेतीमा भर पर्ने जनता मकै पाक्ला र खाउँला भनी हेरेर बसेका बेलामा अनिकाल पर्छ । त्यसैमाथि पनि जेनतेन सरकारलाई कुत तिर्न बाध्य हुन्छ र मर्नु न बाँच्नुको दोधारमा आफूलाई पाउँछ । त्यतिमात्र कहाँ हो र पढ्नु, लेख्नु, आफ्नो हक-अधिकारप्रति सचेत हुनु त कता । अझ तिनै सामन्तलाई खुसी पार्न, तिनीहरूको पाउ मोल्न, जाँड-पानीमा रमाउन र आफ्नै देशभक्त दाजुभाइमाथि बन्दुक सोझ्याउन तयार हुने अबुझ मूर्ख दास मनोवृत्तिप्रति सचेत देवकोटाको तीव्र आक्रोश यसरी प्रकट हुन्छः

छोरा र नाति जागिर खान्छन् जीविका चलाउन ।
राणाको खुट्टा समात्न जान्छन् तिनलाई खुसाउन ॥

-श्लोक २४

कस्तो अचम्म हे लोकनाथ । कत्रो यो अत्याचार ।
बाबुको ज्यान छोराले लिने कत्रो यो पापाचार ॥

-श्लोक २६

विरामी पर्दा ओखतिमूलो नपाएर बालबच्चा समेत भुतुभुतु मरि रहेका छन् । एउटा वर्ग ढिंडोको भरमा रात-दिन पसिना चुहाएर पनि एक छाक खाना, एकसरो लुगाको अभावमा उपायहीन भएर परदेशमा दरवान, कुल्ली, चौकीदार जस्ता कुत्ता समानको जागिरमा आफ्नो जीवन साटि रहेका छन् । यस्तो दीनहीन अवस्थाबाट असह्यीय भएर यदि कसैले त्यसका विरुद्ध आवाज उठायो भने उसले कि त रुखमा झुण्डिनुपर्छ, कि त झ्यालखानामा कुहिनुपर्छ कि गोली खानुपर्छ या त चारपाटा मुडिनुपर्छ । यस्तो दर्दनाक अवस्थाबाट कहिले मुक्ति पाउने ? देवकोटा निसासिन्छन्, भित्रभित्रै तड्पिन्छन् र हृदयको बोली अनायासै यसरी प्रकट गर्दछन्:

अब त साह्रै गलामा पुग्यो गम्सेको जिन्दगी ।
नउठाउँ भने हृदयको बोली को होला पारखी ॥

-श्लोक २९

यसरी देवकोटाले नेपाली सर्वसाधारण जनताको बाहिरी रूप-रङ्गदेखि उनीहरूको बौद्धिक अवस्था, सामाजिक-राजनैतिक अवस्था, उनीहरूको चेतना, मनोवृत्ति आदि हरेक पक्षको एक/एक बेलीविस्तार लगाएका छन् । जसबाट तत्कालीन जनता, उसको रूप-रङ्ग, पहिरन, सोचाइ, चेतना, सुझ-बुझ आदिको आकृति पाठकका सामु छर्लङ्ग देखिन्छ । कविले यी सबै विषयलाई कथानक सूत्रमा उनी एकान्वित गरेका छन् । त्यसैले यसमा पुष्ट आख्यानमा हुने कार्य-कारण शृङ्खलामा उनिएका घटना क्रमहरू नभए तापनि विकट पहाडी देश नेपालमा बस्ने गरिब, पीडित, पछौटे र दुर्गति खेपिरहेका जनताका मर्मैमर्मको नालीबेलीको अन्विति भेटिन्छ । त्यसकारण खण्डकाव्यले अपेक्षा गर्ने जीवनको एकांश झल्काउने कथावस्तु वा घटना क्रमको शृङ्खलाका रूपमा यसमा प्रयोग भएको काव्य नायकका विपन्नता, पशुतल्य जीवनको चित्रण, विवशता, वाध्यता र मार्मिक छटपटाहटको अन्विति वा शृङ्खला भने फेला पार्न सकिन्छ । यस आधारमा हेर्दा ‘पहाडी पुकार’ काव्यलाई लघु आयामको खण्डकाव्य भन्न कुनै शङ्का मान्नु पर्दैन ।

अर्कोतर्फ भाव प्रवाहका आधारमा यस काव्यका प्रत्येक श्लोकहरूलाई छोटकरीमा यसरी पनि विश्लेषण गर्न सकिन्छ ।

| श्लोक सङ्ख्या | श्लोकले दिने भावार्थ |
|---|---|
| पहिलो श्लोक | अँध्यारो मुहार भएको देशमा चमक ल्याउन नेपाली भाइ बहिनीसँग जनआह्वान सहित गरिएको गुहार । |
| दोस्रो श्लोक | लुटपाटमा व्यस्त बलिया वर्गका कारण जनधरातल गडबड भएको यथार्थ प्रकट । |
| तेस्रो श्लोक | जनमूल्यको खोजी गर्दै गरिब जनताको जीवन भेडाको भन्दा पनि निम्न भएकामा आक्रोश व्यक्त । |
| चौथो श्लोक | जनताको लवाइ-खवाइको यथार्थ चित्रण । |
| पाँचौं श्लोक | अशिक्षाका कारण अध्यारो संसारमा रुमल्लिएका तथा जीवनको सच्चा यथार्थको बोध नभएका जनता सुस्केरा फिटेर एकै रन्को गीतका भरमा बहकिएको चित्र प्रस्तुत । |
| छैटौं श्लोक | पुस्तक र पढाइप्रति सचेत हुँदा राणाको |

| | |
|---|---|
| | कुदृष्टि पर्नु पर्ने यथार्थको चित्रण । |
| सातौं श्लोक | जनताको परिश्रममा डकार्ने वर्गप्रतिको तीव्र रोष । |
| आठौं श्लोक | चेतनाविहीन जनता गोरु झैं जोतिएर पनि त्यसको पारिश्रमिक नपाएको यथार्थको चित्रण । |
| नवौं श्लोक | आफूमाथिको अन्याय अत्याचार नबुझेर बक्सिस र जाँडपानीमा रमाउने अबुझ वर्गका विरुद्ध आक्रोश व्यक्त । |
| दसौं श्लोक | औषधि उपचारका नाममा धामी-झाँक्रीमा भर पर्ने अवस्थाको चित्रण । |
| एघारौं श्लोक | एक छाक राम्रो खान र आङ छोप्ने बर्को-मजेत्रो सम्म पनि पाउन नसकेको दर्दनाक अवस्थाको चित्रण । |
| बाह्रौ श्लोक | परिश्रमी वर्गले दुर्दशा भोग्दै कमाएको आर्जन अर्को वर्गले चुस्ने प्रवृत्तिको चित्रण । |
| तेह्रौं श्लोक | सोझा जनतलाई जोतेर आफ्नो मतलब पूरा गर्ने चुसाहा वर्गप्रतिको आक्रोश । |
| चौधौं श्लोक | सरसफाइ सम्म पनि नभएर नेपाली जनता बेकम्मा वर्गका रूपमा संसारमा चिनिएको यथार्थ प्रस्तुत । |
| पन्ध्रौं श्लोक | रोगाउने मान्छे उपचार र आहार नपाई सित्तैमा मर्नु पर्ने विवशताको प्रस्तुति । |
| सोह्रौं श्लोक | बेरोजगारीका कारण बैंसालु युवाले परदेशमा पाले, चौकीदार जस्ता तुच्छ जागिरमा आफ्नो जीवनसाट्नु पर्ने यथार्थको चित्रण । |
| सत्रौं श्लोक | जनशोषणका तथ्यहरू उजागर गर्दै तत्कालीन राज्यव्यवस्थाको यथार्थ प्रस्तुति । |
| अठारौं श्लोक | गरिबी र कुपोषणले ग्रसित जनताको मुखाकृति र जीउडालको शब्दचित्र प्रस्तुत । |
| उन्नाइसौं श्लोक | न्याय-निसाफ भन्ने पैसामा बिकेको यथार्थ प्रस्तुत गर्दै घुस्याहाको कर्तुतको चित्रण । |
| बिसौं श्लोक | राणा र सामन्त वर्गका अगाडि राजा पनि मुकदर्शक बन्न गएको भाव प्रकट । |
| एक्काइसौं श्लोक | नेपाली जनता सधैं डर, त्रास र भयमा पनि कुकुर्किएर बस्ने जातिका रूपमा चित्रण । |
| बाइसौं श्लोक | अधर्मी बढेको समाजमा श्रमको मूल्य खोजेर आफ्नो हक नलिएसम्म ब्वाँसोले ठग्ने |

| | |
|---|---|
| | तथ्यको उजागर । |
| तेइसौं श्लोक | तत्कालीन घटना सन्दर्भ र सामाजिक स्थितिको चित्रण । |
| चैबिसौं श्लोक | चाकडी, चाप्लुसी र राणाको पाउ मोल्न जाने वर्गका विरुद्ध तीव्र आक्रोश । |
| पच्चिसौं श्लोक | गरिब जनताको दास मनोवृत्तिको चित्रण । |
| छब्विसौं श्लोक | राणाको अत्याचार नबुझ्ने निकम्मा वर्ग प्रतिको रोष । |
| सत्ताइसौं श्लोक | गरिब नै गरिबको शत्रु भएको यथार्थ प्रकट । |
| अठ्ठाइसौं श्लोक | उल्टो गति, अत्याचार, अबुझपन र अनीतिको चित्रण । |
| उनान्तिसौं श्लोक | युगको दायित्वबोध गर्दै हृदयको बोली प्रकट । |
| तिसौं श्लोक | मुक्तिको क्रान्तिमा ईश्वरको साथको खोजी । |
| एकतिसौं श्लोक | नागरिक अधिकारको वकालत । |
| बत्तिसौं श्लोक | मानवीय मूल्यको माग । |
| तेत्तिसौं श्लोक | मानिसका मौलिक अधिकारको प्रत्याभूतिको माग । |
| चौतिसौं श्लोक | सन्तुलित आहार-विहार सहितको जनअधिकारको खोजी । |
| पैतिसौं श्लोक | अन्याय अत्याचारका विरुद्ध लडेरै छाड्ने अठोट । |
| छत्तिसौ श्लोक | जनक्रान्तिको उर्जासहित लडाइँमा होमिन आह्वान । |
| सैतिसौं श्लोक | मुक्तिका लागि जनवलिदान दिने समर्पण भाव व्यक्त । |

यसरी कथानकको पुष्टता नपाइए पनि तत्कालीन नेपाली समाज र जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक समस्यालाई विभिन्न सन्दर्भबाट प्रस्तुत गरी ती सन्दर्भलाई आख्यान सूत्र र संरचनाले संयोजन गर्ने काम काव्यमा भएको छ । यसरी काव्यको कथानक कथासूत्र भन्दा पनि परिवेश सन्दर्भबाट जोडिएको छ ।

## ४.४.२ पात्रविधान

यस काव्यमा कुनै नामधारी पात्रको प्रयोग गरिएको छैन । कुनै घटना परिघटनाको प्रयोग यस काव्यमा नभएकाले यहाँ कुनै प्रत्यक्ष पात्रहरू देखिँदैनन् तर अप्रत्यक्ष रूपमा वर्गगत पात्रहरूको प्रस्तुति भने सङ्केतका रूपमा पाउन सकिन्छ ।

पहाडी मुलुक नेपालको ग्रामीण र विपन्न जनता काव्यका चरित्रहरू हुन् । काव्यका एकथरि पात्र गरिब र निर्धन छन् । सोही वर्गसँग स्रष्टा देवकोटा पनि एकाकार भई 'हामी' मा विलिन हुन्छन् । किनकि काव्यमा प्रस्तुत विपन्न नेपाली जनताको एक प्रतिनिधिका रूपमा स्वयम् देवकोटा पनि भुक्तभोगी रहेको कुरा उनको जीवनी पढ्दा अवगत हुन्छ ।

वर्गगत चरित्र देखिने काव्यमा स्पष्ट दुई वर्ग छन् । एउटा सीमित मुट्ठीभरका सामन्त, शोषक वर्ग छ भने अर्को बहुसङ्ख्यक सर्वहारा, शोषित, गरिब, निमुखा, विपन्न वर्ग छ । त्यही सम्पूर्ण जनसङ्ख्याको ठुला हिस्सा आगट्ने गरिब, निमुखा र विपन्न वर्गसँगै नेपाल आमा र स्वयम् देवकोटा पनि सम्मिलित भई सामूहिक पात्र 'हामी' बन्न पुगेको छ । जसलाई उनी गरिब, भेडा-बाखा, जाँडका माखा, पशु, मैला-धैला, गन्हाउने थैला आदि विभिन्न उपनामले चिनाएका छन् भने अर्को सामन्त, शोषक, पीडक वर्ग छ । जसलाई बलिया, ठुला, सरकार, ठालु, घुस्याहा आदि नामले सम्बोधन गरेका छन् । पहिलो श्लोकमा नै विरसिलो, दुखित र अध्यारो मुहार भएकी नेपाल आमालाई पनि आफूसँगै समाहित गर्दै 'हाम्री आमा' भनी आफ्नो वर्गमा मिलाएका छन् ।

नेपाली भाइ, नेपाली बहिनी सबैको गुहार छ ।<br>
अधेरी आज यी हाम्री आमा देशको मुहार छ ॥

-श्लोक १

बलिया, ठुला, ठालु, घुस्याहा, ब्वाँसा, सरकार, धूर्त-छली आदि विभिन्न विशेषणले सङ्केत गरेका शोषक वर्गलाई देवकोटाले काव्यको चौविसौं श्लोकमा भने स्पष्टसँग राणा भनी किटान गरेका छन् ।

छोरा र नाति जागिर खान्छन् जीविका चलाउन ।
राणाको खुट्टा समात्न जान्छन् तिनलाई खुसाउन ॥

-श्लोक २४

यसरी काव्यमा प्रस्टसँग दुई वर्ग आएका छन् । ती दुई वर्गमध्ये आफू पनि तिनै बहुङ्ख्यक विपन्न वर्गसँग समाहित भई सामूहिक शब्द 'हामी' मा परिणत भएको एउटा वर्ग छ र यसमा प्रयोग भएका क्रियापदहरू पनि हामी वा आफूवाचक जनाउने खालका छन् भने अर्को वर्ग शोषक, सामन्त, धनी वर्ग जुन खलपात्रको भूमिकामा देखिएको छ । त्यस्तै काव्यको एक श्लोक मार्फत् राजा पनि अप्रत्यक्ष रूपमा आएका छन् तर तिनी तटस्थ छन् । त्यस्तै दैवी पात्रका रूपमा देवतालाई पनि कविले सम्बोधन गरेका छन् ।

यस काव्यमा प्रयोग भएका वर्गगत चरित्रको चारित्रिक विशेषतालाई यसरी केलाउन सकिन्छ ।

**क. शोषित वर्ग**

यो वर्गगत सामूहिक पात्र हो । यस काव्यमा यसै वर्गका दुःख-दर्द वेदना, छटपटी र दयनीय अवस्थाका बारेमा सूक्ष्म रूपमा सुरुदेखि अन्त्यसम्म केलाउने काम भएकाले शोषित वर्गलाई प्रमुख पात्रका रूपमा लिन सकिन्छ । प्रमुख पात्र स्वयम् अगाडि बढी आफ्नो हक अधिकारका लागि कुनै प्रयत्न त गरेको छैन तथापि त्यसै वर्गका अगुवा पथप्रदर्शक कवि देवकोटाले उनीहरूलाई सचेत पार्दै क्रान्तिमा होमिन र परे वलिदान दिन अभिप्रेरित गरिरहेका छन् । काव्य नायक वा प्रमुख पात्र विपन्न वर्ग सत्य र न्यायको पक्षमा रहेकाले यो वर्ग सत् पात्र हो भन्न सकिन्छ । त्यस्ता वर्गलाई देवताले समेत साथ दिन्छन् भन्नेमा पनि स्रष्टा विश्वस्त छन् ।

प्रमुख पात्र कुनै व्यक्ति विशेष होइन तर पनि उसले बहुसङ्ख्यक विपन्न वर्गको प्रतिनिधित्व गर्ने हुनाले उसका रूप-रङ्ग, आनी-बानी, चेतना हरेक पक्षको चित्रण यस काव्यमा भएको छ । प्रमुख पात्र हेर्दै फोहोरी, लुरे-लुम्रे, झुत्रा लुगा त्यसमा पनि फोहर जमेर जुम्रा परेको, गन्हाउने पहिरनमा देखिन्छ । कुपोषणले गाला सुकेको, कञ्चट बसेको, सारङ्गी

समान खोक्रो पेट भएको अति दयनीय स्वरूपको छ । स्याउले झुप्रामा बस्ने यसका जहान परिवार पनि एकसरो लुगा र पेटभर खानाको अभावमा छटपटाइरहेका छन् । यो वर्ग बौद्धिक चेतनाशून्य छ । आफू घाम-पानी सहेर, रात-दिन नभनी परिश्रम गर्छ तर फाइदा अर्कैले लिन्छ तर पनि कुनै आवाज उठाउँदैन । उल्टै तिनै सामन्त वर्गलाई खुसी पार्न, तिनीहरूको पाउ मोल्न र तिनीहरूकै इशारामा आफ्नै बाबु, देशभक्त दाजु-भाइमाथि बन्दुक सोझ्याउन तयार हुन्छ । यस्तो निकम्मा, अबुझ र विवेकशून्य वर्गका रूपमा शोषित वर्ग देखिएको छ । तिनै मध्ये कुनै एक/दुईले आफूमाथिको ज्यादतिका विरुद्ध झिनो आवाज उठाउने प्रयत्न त गर्छन् । तर त्यसलाई दबाउन शोषक वर्ग लागि पर्छ । उसले गोली ठोक्न, रुखमा झुण्ड्याउन, झ्यालखानामा कोच्न र चारपाटा मुडेर देश निकाला गर्न तयार हुन्छ ।

यो सबै बुझेका काव्यका रचयिता अब पीडित जनता सङ्गठित र एकत्रित भएर सार्थक उपलब्धिका लागि वलिदान दिन आतुरिएका छन् र भन्छन्:

ज्यानै पो जाओस्, प्राणै पो जाओस् पर्वाह गर्दैनौं ।
मानिसलाई चाहिने हक न लिइ छोड्दैनौं ॥

-श्लोक ३६

मर्नु त एक दिन अवश्यै पर्छ पशु झै न जिउँ ।
मानिस हुँ भने मानिस झै जिउँ मानिसको हक लेउँ ॥

-श्लोक ३७

यसरी काव्यका रचयिता स्वयम् देवकोटा तत्कालीन समयका केही वौद्धिक चेतनशील समूदायसँग मिलेर कानुनी राज्यको वकालत गर्दै त्यो लिएरै छाड्ने अठोट गर्दछन् र त्यो पुरा गर्न ईश्वरको साथ र सद्भाव चाहिने अध्यात्मवादी विचार प्रकट गर्दछन् ।

यसप्रकार स्रष्टा सहितको सामूहिक पात्र 'हामी' यस सानो काव्यका लगभग सवैजसो श्लोकहरूमा आएको छ । ती मध्ये १३ पटक 'हामी', ११ पटक 'हामीलाई', ७ पटक 'हाम्रो' र 'हाम्री', 'हाम्रा', 'हामीमा' र 'हाम्रै' १/१ पटक प्रयोग भएका छन् । यसबाट पनि के देखिन्छ भने यस काव्यको प्रमुख पात्रसँग स्वयम् देवकोटा पनि एकाकार भई अन्याय-अत्याचारको सर्वनाश गर्न चाहन्छन् ।

यसरी यस काव्यको प्रमुख पात्रलाई देवकोटाले गरिब, भेडा-बाख्रा, जाँडका माखा, पशु, मैला-धैला, गन्हाउने थैला, भटमासे, जुम्रे, बेकम्मा, लुरे, लुम्रे, दरवान, ढोकाका कुत्ता, दुःखका साधु, धैर्यका जादु, अबुझ, देशभक्त, सोझा, रोगी आदि विभिन्न विशेषणले चिनाएका छन् र सोही हेपिएको, दविएको, मैलो धैलो भएको जनता नै युग निर्माण गर्ने शक्ति हो ।

## ख. शोषक वर्ग

निर्धन, अबुझ, अशिक्षित र विपन्न वर्गमाथि राज गर्न र शोषण गर्न पल्केको अर्को वर्गीय पात्र शोषक वर्ग हो । यो न्याय, सत्य र मानवताको विपक्षमा रहेकाले यो वर्गलाई असत् वा खलपात्र मान्न सकिन्छ ।

देशका अधिकांश जनता गरिबी र भोकमरीले नारकीय जीवन बिताउन बाध्य हुँदा पनि उनीहरूका लागि कुनै कल्याणकारी काम गर्न अघि सरेको छैन । उल्टै शिक्षा-दीक्षा पाए भने जनता सचेत हुन्छन् र आफ्नो ज्यादतिको बोध गर्छन् भन्ने भयले यो वर्ग त्यसलाई निर्मूल पार्न प्राणदण्ड दिन समेत पछि पर्दैन । जनताबाट उठाएको करलाई भोग-विलास र ऐस आराममा खर्च गर्दछ । आफ्ना कुकुरलाई समेत दुध-भात खुवाउने सामन्त वर्ग निस्तो ढिंडो पनि खान नपाउने जनताका लागि भने कुनै काम गर्दैन । बरु यिनीहरूकै आडमा अन्याय, अत्याचार, पापाचार र घुसखोरी मौलाएको छ ।

बलिया, ठालु, ठुला, घुस्याहा, सरकार, ब्वाँसा, धूर्त, छली, राणा, धनी आदि विभिन्न उपनामले चिनाइएको यस काव्यको शोषक वर्ग राणाशासन र सामन्त वर्ग हो । गरिबका निम्ति आवाज उठाउनेलाई गोली हान्न, रुखमा झुण्ड्याउन, जेलमा हाल्न र चार पाटा मुड्न तयार हुने यो वर्ग निर्दयी, दुष्ट, कठोर र अमानवीय प्रवृत्तिको छ । यो वर्ग चतुर र धूर्त पनि छ । गरिबका निम्ति आवाज झिक्नेहरूका विरुद्ध पनि तिनै गरिब वर्ग प्रयोग गरी आफ्नो उद्देश्य पुरा गर्दछ । अल्पसङ्ख्यामा रहेका यस्ता सामन्त वर्गका कारण देश र जनता अन्धकारमा रुमलिएर पशुभन्दा पनि तल्लो स्तरको जीवन जिउन वाध्य भएका छन् तैपनि

यो वर्ग सचेत छैन । यिनीहरूका ज्यादतिका विरुद्ध राजा पनि मुकदर्शक बन्न पुगेकाले अझै उनीहरूको हैकमवाद मौलाउन पुगेको छ ।

यसरी यस काव्यमा देखिएका शोषित पीडित जनताको जीवन अझ पीडादायी बनाउने कारक तत्वका रूपमा शोषक वर्ग आएको छ ।

**ग. भगवान्**

यस काव्यमा दैवी पात्रलाई पनि परोक्ष रूपमा आवद्ध गरिएको छ । यहाँ भगवान्ले कुनै प्रत्यक्ष देखिने कार्य गरेका त छैनन्  तर काव्य नायकले हक प्राप्तिको लडाइँमा ईश्वरको साथ र सद्भाव मागेको छ । काव्यमा ईश्वरको कृपासहित गरिने लडाइँले अत्याचारीहरूलाई सजिलै परास्त गर्न सकिने भाव देवकोटाले व्यक्त गरेका छन् । काव्य नायक सत्य र न्यायको पक्षमा रहेकाले त्यस्ता वर्गलाई देवताले पनि साथ दिन्छन् भन्दै उनी भन्दछन्ः

हौं हामी पनि मान्छे पो ठाकुर पुच्छर त छैन रे ।
हक हाम्रो पनि देशमा हुन्छ ईश्वरको ऐन रे ॥

-श्लोक ३२

काव्यको छैटौं श्लोकमा आकाशमा देउता, छब्बिसौं श्लोकमा लोकनाथ, तिसौं श्लोकमा पशुपति/गुहेश्वरी, बत्तिसौं श्लोकमा ठाकुर र पैतिसौं श्लोकमा ईश्वरको नाम भनी करिब छ ठाउँमा ईश्वर वा भगवान्लाई सम्झना गरिएको छ । काव्यमा ईश्वर वा देउता काव्यनायकप्रति दयालु र सहयोगी भावमा देखिएका छन् ।

यसरी यस काव्यमा भगवान् आफ्ना कुनै कार्य नगरी निष्कृय भूमिकामा देखिए तापनि काव्य नायक आफूमाथिको अत्याचार ज्यादै चुलिएको र जनहकको खोजी गर्नु सत्य र न्यायको पक्ष हुनाले त्यसमा भगवान्को साथ रहने कुरामा स्रष्टा विश्वस्त देखिन्छन् ।

### घ. राजा

काव्यको बिसौं श्लोकमा राजाको सन्दर्भ पनि आएको छ । एकातिर राणाशासनको थिचोमिचोको पराकाष्ठा चरम चुलिएको छ भने अर्कोतिर साधारण जनताले चित बुझाउने अर्को कुनै बाटो पनि देख्दैन । तत्कालीन समयमा राजा पनि सक्रिय भएर अन्यायका विरुद्ध कुनै कदम चालेका छैनन् भन्दै उनी भन्दछन्:

हाम्रो छ राजा सारै न असल भन्न नि पाएनौं ।
विश्वास भक्ति झन् हाम्रो मऱ्यो मुख अझ बाएनौं ॥

-श्लोक २०

राजाले पनि जनहितको कदर नगरेको, राजालाई असल भन्न नपाएको र विश्वास गरी अझै मुख बाएर आवाज निकाल्न नसकेको सन्दर्भ जोड्दै कविले यहाँ राजालाई मुकदर्शक वा तटस्थ बस्ने निष्कृय व्यक्तिमा रूपमा चित्रण गरेका छन् ।

### ङ. नेपाल आमा

काव्यको थालनीमा नै नेपाल देशलाई स्त्रीलिङ्गी दर्जा दिई नेपाल आमा भनिएको छ । उनी पनि देशका अधिकांश जनताको आर्तनाद र पीडा देखेर उजाड, विरसिलो र अध्यारो मुहारमा देखा परेकी छन् । आफ्नो देश गरिब देशभक्त माथि गोली-बन्दुक बर्साउने मुलुकका रूपमा र यहाँका जनता अबुझ, पछौटे र बेकम्मा जातिका रूपमा संसारमा चिनिएकोमा नेपाल आमा ज्यादै दुखित छन् । हुन त नेपाल देश कुनै चेतनशील आत्मा भएको सजीव वस्तु होइन तापनि देवकोटाले देशलाई पनि मानविकरण गरेर सजीवता प्रदान गरेका छन् ।

यसरी यस काव्यमा अप्रत्यक्ष रूपमै भए पनि वर्गीय चरित्रका दुई पक्ष शोषित वर्ग र शोषक वर्ग अनि राजा, दैवी पात्रका रूपमा भगवान् र मानवेतर पात्रका रूपमा नेपाल आमा आएका छन् ।

## ४.४.३ परिवेश विधान

परिवेशविधान भनेको देश काल वातावरणको चित्रण हो । यस काव्यमा स्पष्ट रूपमा कुनै स्थान विशेष, काल विशेष भनेर किटान गरिएको त छैन तर पनि काव्यका

पङ्क्तिहरूलाई विश्लेषण गरेर हेर्दा यो काव्यलेखनको समयावधि, यहाँ प्रयोग गरिएको भौगोलिक परिवेश, तत्कालीन घटना सन्दर्भ, सामाजिक परिवेश आदिका आधारमा यस काव्यमा आएको परिवेशविधानलाई यसरी केलाउन सकिन्छ ।

### ४.४.३ क. देश

परिवेशविधान अन्तर्गत पर्ने देश भन्नाले स्थान विशेष भन्ने बुझ्न सकिन्छ । स्थानका रूपमा यहाँ सिङ्गो देश नेपाल र त्यसमा पनि उकाली-ओराली, नदी-नाला, भीर-पाखा भएको पहाडी भूगोल आएको छ । त्यसभित्र पनि स्पष्टसँग काठमाण्डौं उपत्यकाको परिवेशमा रहेर काव्य लेखिएको हो भन्ने कुरा यो तलको पङ्क्तिले देखाउँछः

खोला र नाला पहाडमा हामी बसेर गीत गाउँछौं ।
हे पशुपति हे गुजेश्वरी भनेर कराउँछौं ॥

-श्लोक ३०

नेपालका गाउँ-गाउँ, ठाउँ-ठाउँमा भिन्न भिन्न नामले पुकारिने भगवान्का स्वरूप हुँदाहुँदै पशुपति र गुजेश्वरी भनी पुकारा गर्नुले यो कृति लेखनको स्थान काठमाण्डौं उपत्यका हो भन्न सकिन्छ । त्यसका अतिरिक्त यो काव्यमा आएको काव्य नायक भेडा-बाख्रा सरिको जीवन बिताउने, हिमालको चिसो बतासले नाङ्गो शरीरमा ज्वरो ल्याउने, जौ, फापर, मकै, ढिंडो खाने, बर्को-मजेत्रो ओढ्ने जातिका रूपमा देखिएकाले यस काव्यमा आएको स्थान विकट पहाडी देश सिङ्गो नेपाल नै हो भन्ने देखिन्छ । त्यस्तै अति विपन्न अवस्था भएको भरियाका रूपमा देखिने काव्य नायकको स्थिति तलको पङ्क्तिले अझ स्पष्ट पार्दछ ।

बस्नुको नाममा स्याउले झुप्रा बानरको भिरालो ।
जोत्न त हामीलाई गोरु झैं जोत्छन् भारीको उकालो ॥

-श्लोक ८

बाँदर बस्ने एकदम ठाडो-उकालो भीरमा रुखका हाँगा-विंगा, पात-पतिङ्गर बटुली बनाइएका स्याउले झुप्रा भएको बस्ती, पानी-बत्ती, बाटो-घाटो सम्म पनि नभएको विकट

स्थान भन्ने बुझिन्छ । त्यसमा पनि अत्यावश्यक सामानहरू डोकामा बोकेर ओसार-पसार गर्नुपर्ने नियति, खेतीयोग्य जमिन नहुनाले रुखो-खुखो चट्टान फोडी मकै, फापर, जौ त्यो पनि सीमित मात्र उब्जनी हुने जग्गा भएको एकदम पछाडि परेको स्थान यस काव्यमा आएको छ । शोषक र सामन्त वर्गले ठगिरहेको यस देशका जनतालाई प्राकृतिक विकटताले अझ पीडा थपिदिएको प्रसङ्ग यस काव्यमा आएको छ । यही नै यस काव्यको स्थान हो ।

### ४.४.३ ख. काल

परिवेशविधान अन्तर्गत पर्ने काल भन्नाले समय विशेष भन्ने बुझिन्छ । यसको काव्य नायकले भोग्नुपरेको पीडा, उसको लवाइ-खवाई, चेतना, मनोवृत्ति, समाजमा मौलाएको अन्याय-अत्याचार, निष्कृय राजा र राणाको सन्दर्भ आदिका आधारमा यस काव्यको समय राणा शासनको ज्यादति चरम चुलिएको अवस्था वा समय भन्न सकिन्छ । जसलाई यी पङ्क्तिले पनि स्पष्ट पार्दछन्:

गरिबको निम्ति आवाज झिक्ने झ्यालखानामा कुहिन्छन् ।
रुखमा फल्छन् गोली पो खान्छन् अथवा मुडिन्छन् ॥
-श्लोक २३

छोरा र नाति जागिर खान्छन् जीविका चलाउन ।
राणाको खुट्टा समात्न जान्छन् तिनलाई खुसाउन ॥
-श्लोक २४

वि.सं. १९९७ सालको ‘सहिद काण्ड’ मा शुक्रराज शास्त्री र धर्मभक्त माथेमालाई रुखमा झुण्ड्याएर अनि गङ्गालाल र दशरथ चन्दलाई गोली हानेर मारेको साथै ‘मकैको खेती’ लेख्ने कृष्णप्रसाद अधिकारी र राणाका विरुद्ध आवाज झिक्नेहरूलाई झ्यालखानामा सढाइएको प्रसङ्ग पनि यस काव्यमा आएको छ (शर्मा, २०६७: २९९) । यी घटनाहरूका आधारमा हेर्दा राणाहरूका विरुद्ध आवाज उठाउन थालिएको अवधि नै कृतिलेखनको समय हो भन्न सकिन्छ । त्यसैले देवकोटाले पनि वनारस प्रवासमा बसेर आफू जान्ने- बुझ्ने भएदेखि राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशमा सल्बलाएको चेतनाको लहर र आफू अनि आफ्नो

मुलुकका जनताले भोग्नु परेको शासकीय ज्यादतिको चित्रण यसका पङ्क्तिहरूमा गरेका छन् ।

त्यस्तै चारपाटा मुडेर डाँडा कटाउनु भनेको तत्कालीन समाजका आँखामा घोर बेइज्जत हुनु हो । राणाहरूद्वारा टङ्कप्रसाद आचार्य लगायतलाई यो सजायँ दिइएकाले पनि यसको समय राणाशासनको दवदवाको अवधि हो भन्न सकिन्छ । देवकोटाका जीवन अवधिमा राणाहरूबाट भएका थिचोमिचो, शासकीय ज्यादति, अन्याय-अत्याचारको पराकाष्ठा, 'सहिद काण्ड', 'लाइब्रेरी काण्ड' आदि जस्ता प्रसङ्ग काव्यमा आएकाले यसको समय पनि सोही आधारमा देवकोटाको चेतनाले शासकीय ज्यादतिको अनुभव गरेदेखि कृतिलेखन २००५ सम्मको अवधि नै यस काव्यमा आएको समय हो भन्न सकिन्छ ।

### ४.४.३ ग. वातावरण

काव्यमा आएको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, प्राकृतिक आदि विविध पक्षको चित्रणलाई नै परिवेशविधान अन्तर्गत वातावरणभित्र राख्न सकिन्छ । यस 'पहाडी पुकार' काव्यमा सामाजिक यथार्थको अङ्कन र चुसाहा राणाविरुद्धको हुङ्कारभित्र मानव जीवनको सार्थक बचाइको खोजी गरिएको छ (शर्मा, २०६७: २९२) ।

काव्यको नाम नै 'पहाडी पुकार' भएको यस काव्यमा उकाली-ओराली, भीर-पाखा, नदी-नाला, पहाड-पर्वत आदिको चित्रण गरिएको छ । हिमालको चिसो बतास लाग्ने ठाउँ, आकासे खेतीमा भर पर्नुपर्ने जग्गा, मकै, जौ, फापर मात्र उब्जनी हुने जमिन भएको विकट रुखो-सुखो जमिन नै यस काव्यको प्राकृतिक वातावरण हो । यस्तो विकट प्राकृतिक वातावरणमा बस्ने पहाडीयाको जीवन झनै दयनीय र पीडादायी देखिएको छ । स्याउले झुप्रामा बस्ने, मैलो-धैलो फोहर, झुत्रा र झल्लरे पहिरन भएको साथै निस्तो ढिंडो निल्न पनि धौ-धौ पर्ने एउटा वर्ग र गरिब निमुखालाई शोषण गरी ऐस आराममा जीवन बिताउने अर्को सामन्त वर्ग यसमा देखिएको छ । यस्तो असमान आर्थिक अवस्था नै काव्यको सामाजिक अवस्था हो । त्यस्तै राजनीतिक असमानतालाई पनि तलका पङ्क्तिले स्पष्ट पार्दछन्:

घाम र पानी बीचमा हामी बसेर कमाउँछौं ।
कमाउने हामी सुम्ठाउने ठालु सित्तैमा मर्दछौं ॥

-श्लोक १२

देशको पैसा ठूलाले हजम हामी पो सारङ्गी ।
कञ्चट बस्छन्, गाला त सुक्छन् मुख छ बेरङ्गी ॥

-श्लोक १८

इन्साफ हामीलाई देखिन्न राम्रो पैसाले जित्दछ ।
घुस्याहाहरू छाला पो काढ्छन् बलले जित्दछ ॥

-श्लोक १९

यी माथिका पङ्क्तिमा स्पष्टसँग दुई वर्ग आएका छन् । जसमध्ये एक सामन्त वर्गले सोझा, विपन्न निरीह जनतामाथि राज गरी आफ्नो मतलब पुरा गरेको छ । त्यति मात्र होइन सामन्त वर्गको ज्यादतिका विरुद्ध राजा पनि निष्कृय भूमिकामा छन् भन्ने कुरा यो तलको पङ्क्तिले देखाउँछः

हाम्रो छ राजा साह्रै न असल भन्न नै पाएनौं ।
विश्वास भक्ति झन् हाम्रो मर्‍यो मुख अझ बाएनौं ॥

-श्लोक २०

त्यसका अतिरिक्त आफ्ना विरुद्ध आवाज उठाउनेलाई जस्तो सुकै अमानवीय यातना दिन पनि पछि नपर्ने क्रुर राणाशासनको चित्रण तलको यस पङ्क्तिले गरेको छः

गरिबको निम्ति आवाज झिक्ने झ्यालखानामा कुहिन्छन् ।
रुखमा फल्छन् गोली पो खान्छन् अथवा मुडिन्छन् ॥

-श्लोक २३

यसरी राणाशासनको चर्को ज्यादति सहेर बाँच्न विवश निरीह जनता, त्यस्तो अत्याचारलाई टुलुटुलु हेरेर बस्ने निष्कृय राजा र त्यसबाट मुक्तिका लागि आवाज बुलन्द हुँदै गरेको जागरणको लहर साथै द्वन्द्वग्रस्त कठिन परिस्थिति आदि नै यस काव्यको राजनीतिक परिवेश हो ।

त्यस्तै विरामी पर्दा धामी-झाक्रीमा भर पर्ने, आफ्नो हक-अधिकारको बोध नगर्ने, बक्सिस र जाँड-पानीमा रमाउने, उनै सामन्त वर्गका सेवामा हाजिर हुन तयार हुने, चारपाटा मुड्नुलाई समाजका अगाडि घोर बेइज्जत सम्झिने र अन्तमा उपायहीन भई भगवान्का शरणमा पर्ने आदि प्रसङ्गलाई यस काव्यमा आएको सामाजिक, सांस्कृतिक र आध्यात्मिक परिवेशका रूपमा लिन सकिन्छ । यही नै यस काव्यको वातावरण हो ।

यसरी यस काव्यभित्र देखिने स्थान, समय र वातावरणको समष्टि चित्रण नै यसको परिवेशविधान हो ।

## ४.५ भावविधान

जीवन जगत्का अनुभूतिहरूबाट मानवमनमा विभिन्न भावहरू उत्पन्न हुने गर्दछन् । तिनै मानवमनका भावनाहरू वा विचारहरूलाई काव्यत्व प्रदान गर्दा कविले व्यक्त गरेको अनुभूति नै भाव हो ।

सामाजिक परिवेशलाई विषयवस्तुको स्रोत मानी लेखिएको यस वीर रसप्रधान काव्यमा मानवतावादी चेतना जगाई स्वतन्त्र, सार्वभौम र सम्पन्न देश भएको देख्न चाहने देशभक्तिपूर्ण भाव व्यक्त भएको छ । सोही भावलाई शाश्वतता र स्थायित्व प्रदान गर्न कविले उत्साह स्थायी भाव र वीर रसलाई अङ्गी रसका रूपमा प्रयोग गरेका छन् । यसै रसको परिपोषणका लागि काव्यमा अन्य अङ्ग रसहरू पनि आएका छन् । काव्यमा आएका तलका यी पङ्क्तिहरूले देशको राजनीतिक विकृतिको वीभत्सता र जनताका यथार्थ जीवनपद्धतिको शब्दचित्र उतारेका छन् जसबाट बीभत्स रस प्रकट भएको छ ।

टोपी छ हाम्रो चिथरे घेरो भोटो छ झल्लरे ।
ढुङ्गा पो फोडी खानु छ फापर सास फेर्नु बल्लरे ॥

-श्लोक ४

मैला र धैला गन्हाउने थैला भटमासे जुम्रे झैं ।
संसारमा हामी बेकम्मा भयौं लुरे र लुम्रे झैं ॥

-श्लोक १४

माथिको पङ्क्तिमा फाटेर झुत्रे र झल्लरे बनेको भोटो, घेरो मात्र बाँकी रहेको टोपी त्यसमा पनि फोहर-मैला जमेर गन्हाउने, जुम्रा परेको जनताको पहिरनबाट वीभत्स रस प्रकट भई घृणा भाव व्यक्त भएको छ । त्यस्तै अन्यायका विरुद्ध आवाज झिक्नेलाई जेल, नेल, फाँसी र मुण्डनको सजायँ दिने राजनीतिक विकृतिको वीभत्सता पनि प्रकट भएको छ जुन कुरा तलको पङ्क्तिले देखाउँछः

गरिबको निम्ति आवाज झिक्ने झ्यालखानामा कुहिन्छन् ।
रुखमा फल्छन् गोली पो खान्छन् अथवा मुडिन्छन् ॥

-श्लोक २३

यसका अतिरिक्त माथिको यो तेइसौं श्लोकले जनता तर्साउन क्रुर राणाशासनको दवदवाले निरीह जनतामा भय, त्रासदी र छटपटी भाव उत्पन्न भएको छ ।

त्यसैगरी देशका अधिकांश जनता पुच्छर विनाका मान्छे नै भएर पनि पशु भन्दा निम्न स्तरको जीवन जिउन वाध्य हुनुपर्ने विवशता व्यक्त हुँदा अद्भुत रसका साथमा विस्मय स्थायी भाव प्रकट भएको छ जसलाई यी पङ्क्तिले प्रष्ट पार्दछन् ।

हौं हामी पनि मान्छे पो ठाकुर पुच्छर त छैन रे ।
हक हाम्रो पनि देशमा हुन्छ ईश्वरको ऐन रे ॥

-श्लोक ३२

न अन्न हामीलाई, न बस्त्र हामीलाई पेट फुट्छ ठूलाको ।
ठूलाको कुकुर दूध भात खान्छन् हामी जौ धुलाको ॥

-श्लोक ७

समग्र काव्य वीर रसप्रधान भएर पनि त्यसलाई चरमोत्कर्षमा पुऱ्याउनका लागि बिच बिचमा अङ्ग रसका रूपमा अन्य रसहरू पनि अभिव्यक्त भएका छन् । त्यसमध्ये तत्कालीन नेपाली जनताको आर्थिक, सामाजिक, मानसिक र राजनीतिक अवस्थाको यथार्थ चित्रणमा शोक स्थायी भाव र करुण रस प्रकट भएको छ जुन कुरा यी पङ्क्तिले देखाउँछन् ।

भेडा र बाखा सरिका हामी हक आफ्नो देख्दैनौं ।
भेडा त बिक्छ रूपैया पाँचमा हामी त बिक्दैनौं ॥

-श्लोक ३

स्वास्नीलाई हाम्रो न बरको एउटा मजेत्रो केही छैन ।
दिउरी छ रित्तो दिंडो छ निस्तो तिहुन हुँदैन ॥

-श्लोक ११

हामीलाई छैन अस्पताल कहीं ओखति गर्नलाई ।
रोगाउने मान्छे सित्तैमा मर्छ आहार नपाई ॥

-श्लोक १५

यस प्रकार काव्यका बिच बिचमा वीभत्स, भयानक, अदभुत आदि रसको थेरथोर अभिव्यञ्जना देखा परे तापनि अघिल्ला अठ्ठाइस श्लोकहरूले देशको विकराल स्थिति, नारकीय जीवन बाँच्न विवश जनता, क्रुर राणाशासनको शोषण, दमनको जीवन्त चित्रणमा करुण रस अभिव्यक्त गरिएको छ । बाँकी नौ श्लोकमा दिल खोलेर अब अन्यायका विरुद्ध बलिदान दिन आह्वान गर्दै उत्साह स्थायी भाव र वीर रसको अभिव्यक्ति दिइएको छ । ती नौ श्लोकहरू मध्ये पनि अघिल्ला छ श्लोकहरूमा याचनापूर्ण आग्रह गरिएको छ भने अन्त्यका तिन श्लोकहरूमा वीर रस परिपाकावस्थामा पुगेको छ । जस्तैः

सुत्दैनौं हामी, उठ्ने छौं सारा ईश्वरका नाममा ।
अन्न र बस्त्र घर लिइ छोड्छौं इन्साफका नाममा ॥

-श्लोक ३५

ज्यानै पो जाओस, प्राणै पो जाओस् पर्वाह गर्देनौं ।
मानिसलाई चाहिने हक न लिइ छोड्दैनौं ॥

-श्लोक ३६

मर्नु त एक दिन अवश्यै पर्छ पशु झै न जिउँ ।
मानिस हुँ भने मानिस झैं जिउँ मानिसको हक लेउँ ॥

-श्लोक ३७

यी माथिका पङ्क्ति मार्फत् देवकोटाले अब निर्णायक जनक्रान्ति भएरै छाड्ने र त्यही हेपिएको, दबिएको, मैलो-धैलो भएको जनता नै युग निर्माण गर्ने शक्ति बनेर छाड्ने दृढता प्रकट गरेका छन् । अब हुने क्रान्तिले कुनै सर्त/सम्झौता नगरी नागरिकले पाउने पुरापुर जनअधिकार लिएरै छाड्ने  दृढ अठोट व्यक्त गर्दै बरु एक दिन मरेरै जाने

जिन्दगीलाई यसैका लागि उपयोग गर्न सबैलाई आह्वान गर्दै वीर रसलाई चरमोत्कर्षमा पुऱ्याएका छन् ।

यस काव्य लेखनका क्रममा देवकोटाले लक्षित समूहलाई अगाडि राखेर मनभित्रका आक्रोश, जलन, असन्तुष्टि र जिजीविषालाई केन्द्रमा राखेका छन् । नेपाली जनताका भाग्यमा जन्मदै दुःखको ज्वालो दन्किएको नभई राणाशासन तथा सामन्त वर्गका शोषण र अत्याचारबाट उत्पन्न भएको तथ्य उजागर गर्दै निरक्षर जनतालाई समेत जनक्रान्तिमा होमिन बलियो उर्जा सहित आह्वान गरिएको छ ।

देशको विकराल स्थितिबाट स्वयम् देवकोटा पनि अनुभवी र भुक्तभोगी रहेको कुरा उनको जीवनी पढ्दा अवगत हुन्छ । त्यस्तै देशमा रहँदा अन्यायका विरुद्ध आवाज उठाउनु भनेको आफ्नो जीवनलाई नै हत्केलामा राख्नु हो भन्ने बुझेका देवकोटाले वनारस प्रवासमा रहँदा धक फुकाएर नेपालीहरूको मनभित्र सल्की रहेको पिर-अपमान, घृणा, क्रोध र वेदना अनि त्यसबाट मुक्तिका लागि देखाएको अदम्य आकाङ्क्षा र दृढ अठोट व्यक्त गर्नु नै यस काव्यको मूल भाव हो । यस प्रकार 'पहाडी पुकार' काव्यमा एकताको सन्देश दिंदै आधारभूत हक लिएरै छाड्ने सम्झौताहीन विद्रोही क्रान्तिचेतना जगाउनु नै यसको भावविधानगत वैशिष्ट्य मान्न सकिन्छ ।

## ४.६ संरचना

वि.सं. २००५ मा प्रकाशित 'पहाडी पुकार' काव्य आयामका दृष्टिले देवकोटाको सबभन्दा सानो पुस्तकाकार कृति हो (लुइटेल २०६६: ३१) । यसको प्रथम प्रकाशन २००५ साल भदौमा 'जन प्रकाशनालय' रक्सौलबाट भएको, तेस्रो संस्करण देवकोटा जयन्ती आयोजक समितिबाट २०३८ सालमा र चौथो वा पछिल्लो संस्करण मित्र वाचनालयबाट २०४० साल कार्तिकमा प्रकाशन भएको कृतिलाई यस शोधकार्यमा पनि प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

जेबी आकारका १२ पृष्ठमा आवद्ध यस कृतिमा मुद्रित रूपमा चार हरफे ढाँचा देखिए तापनि दुई/दुई पङ्क्तिका सोह्र अक्षर लोकछन्द झ्याउरेका भाकामा सैंतिस श्लोक रहेका छन् । यही नै यस काव्यको चौडाइ एवम् लम्बाइको आयाम हो ।

सम्पूर्ण काव्यको विचार वा भावलाई विश्लेषण गरेर हेर्दा यस सैंतिस श्लोकहरूभित्र भावको तिन भिन्न शृङ्खला भेट्न सकिन्छ । पहिलो शृङ्खलाका रूपमा सम्पूर्ण दीनहीन नेपाली जनतालाई भाइ बहिनी सम्बोधन गर्दै त्यसका विरुद्ध उठ्न र जुट्न आह्वान गर्ने शैलीमा काव्यको थालनी भएको छ । यसरी थालनी भएको काव्यको अठारौं श्लोकसम्म तत्कालीन शोषित, पीडित, गरिब जनताको शरीर, जीउ-डाल, रूप-रङ्ग, खान-पान, विवशता-वाध्यता र पीडाको यथार्थ शब्दचित्र प्रस्तुत भएको छ । त्यसपछि दोस्रो शृङ्खलाका रूपमा उन्नाइसौं श्लोकमा आफ्नो हक अधिकार के हो ? त्यसका लागि किन र कसरी आवाज उठाउने ? पुच्छर विनाका मान्छे भएर जन्मे पनि किन पशुतुल्य जीवन बाँच्नु पर्ने, सफा, सुग्घर, रातो-पिरो हामी किन नभएको ? आदिका विषयमा प्रतिरोधको चेतना वा संचेतनाको अभिव्यक्ति गरिएको छ । त्यस्तै काव्यका पछिल्ला तिन श्लोकमा अब यस्तो कहालीलाग्दो जीवनको अन्त्य हुनैपर्छ । देशका सबै जनता समान छन्, राष्ट्रिय ढुकुटी सबैको साझा हो सबैले समान अवसर पाउनै पर्छ र त्यो लिएरै छाड्छौं । बरु त्यसका लागि आफ्नो जीवन नै बलिदान दिन पनि तयार छौं भन्ने कठोर हुङ्कार तेस्रो शृङ्खलाका रूपमा प्रकट भएको छ ।

यसरी यस काव्यमा भाव वा विचार प्रवाहको तिन भिन्न संरचनागत संयोजन देख्न सकिन्छ । यस काव्यमा कुनै खण्डविधानको प्रयोग गरिएको छैन । भाषिक सरलताभित्र कलात्मकता, वैचारिकताभित्र स्पष्टता र काव्यात्मकता तथा भावगत गम्भीरता नै खास पहिचान भएको यस 'पहाडी पुकार' काव्य आख्यान निरपेक्ष कृति हो । त्यसैले यसलाई स्पष्टसँग खण्डकाव्य भन्न सङ्कोच मानेको देखिन्छ  तर पनि पुष्ट वा सूक्ष्म आख्यानको प्रयोग नभएका काव्यमा भावको एकान्विति, विचारप्रधान, पूर्णता, स्वायत्तता र सशक्तता मात्र पनि रहन सक्छ भन्ने महादेव अवस्थीको भनाइलाई आधार मान्दा यसलाई लघुतर खण्डकाव्य मान्न सकिन्छ । यस काव्यमा तत्कालीन समयमा देखिएको मुलुक, मुलुकका

जनता, तिनको यथार्थ जीवनपद्धति, त्यसो हुनुको कारण, जनहकको खोजी, मुक्तिको लडाइँमा ईश्वरको साथ, हक प्राप्त गरेरै छाड्ने दृढ अठोट आदिको क्रमिक शृङ्खला वा भावको एकान्विति भेट्न सकिन्छ ।

सिङ्गो काव्य विभिन्न भाग वा अध्यायमा बाँडिएको छैन भने संरचनात्मक विभाजन पनि स्पष्ट रूपमा देखिँदैन । यस काव्यमा सैंतिस श्लोकहरूका माध्यमबाट सिङ्गो संरचनात्मक स्वरूप तयार भए पनि ती श्लोकहरूले नेपाली समाजका विभिन्न अवस्थालाई प्रस्तुत गरेका छन् ।

## ४.७ कथन पद्धति

'पहाडी पुकार' काव्यमा कविले कुनै पात्र खडा नगरी कविप्रौढोक्ति कथनपद्धति ढाँचा प्रस्तुत गरेका छन् । स्वयम् स्रष्टा देवकोटा यस काव्यमा सम्बोधकका रूपमा आएका छन् भने सम्बोधितका रूपमा तमाम दीनहीन नेपाली जनता आएका छन् । कवि नै समाख्याता भएर प्रथम पुरुष सर्वज्ञ दृष्टिविन्दुमा संरचित यस काव्यमा युगीन वेथिति र क्रान्तिचेत सम्बन्धी एउटै मूलभाव केन्द्रित रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको यस 'पहाडी पुकार' काव्यमा काव्य नायकसँग स्रष्टा पनि समाहित भई 'हामी' का रूपमा देखा परेका छन् । सोही 'हामी' का रूपमा प्रस्तुत भएको काव्य नायकको एकालापीय कथन पद्धति यस काव्यमा भेट्न सकिन्छ । सरल अभिव्यक्तिमा खँदिला विचारहरू प्रकट गरिएको काव्यको प्रारम्भमा संवादात्मक र सम्बोधात्मक शैली अपनाइएको छ भने पछि पछि कतै प्रश्नोत्तर, कतै आत्मकथनात्मक एवम् आह्वानमूलक शैली अपनाइएको छ । यसरी काव्यमा लेखक र काव्यनायक सँगै अभिव्यक्त हुनाले पनि काव्य सुरुचिपूर्ण बन्न पुगेको छ ।

## ४.८ लय विधान

प्रस्तुत 'पहाडी पुकार' काव्यमा नेपाली लोक जीवनमा लोकलयका रूपमा प्रचलित रहेको झ्याउरे लयको प्रयोग गरिएको छ । यो सैंतिस श्लोक झ्याउरे छन्दको औपचारिक द्विपद्वी ढाँचामा रचिएको (मुद्रित रूप हरफे ढाँचाको भए पनि) कविता काव्य हो (अवस्थी,

२०६१: ३७०) । यो झ्याउरे लय निश्चित वर्ण सङ्ख्याका यति विधानमा आधारित छ । यस काव्यमा प्रयुक्त झ्याउरे लयका प्रत्येक पङ्क्तिमा सोह्र अक्षर हुनुपर्ने लयविधान देखिन्छ ( अवस्थी, २०६१: १४२) । जस्तै-

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| ने | पा | ली | भा | इ | ने | पा | ली | बहि | नी | स | बै | को | गु | हार | छ |
| अ | धे | री | आ | ज | यी | हा | म्री | आ | मा | दे | श | को | मु | हार | छ |

-श्लोक १

माथिको पङ्क्तिमा नेपाली झ्याउरे लोकलयको मूल ढाँचा प्रत्येक हरफमा सोह्र अक्षर हुनुपर्ने लयविधानमा आधारित भए पनि कविले एकातर्फ नेपाली भाषाका शब्दको लेख्य मानक रूपकै प्रयोग गरेका छन् भने अर्कातर्फ लय मिलाउनका लागि तिनको उच्चारण कतै कथ्य रूपमा त, कतै लेख्य रूपमा गरेका छन् । यस पङ्क्तिमा पनि लेख्य रूपमा 'बहिनी', 'गुहार', 'मुहार' भए तापनि उच्चारणमा 'बैनी', 'गुहार्', 'मुहार्', भएको छ । साथै यस काव्यका पङ्क्तिहरूमा वर्ण वा ध्वनिहरूको आवृति र पुनरावृत्तिको वितरणले गर्दा श्लोकहरूको अन्तर्लय र बाह्य लय शक्तिशाली बनेको छ । उदाहरणका लागि यही माथिकै श्लोकमा पहिलो पङ्क्तिमा 'न' वर्णको तिन पटक, 'आ' कार ध्वनिको तिन पटक र 'ए' र 'ऐ' कार ध्वनि दुई/दुई पटक पुनरावृत्ति भएका छन् भने दोस्रो पङ्क्तिमा 'अ' वर्ण तिन पटक, 'ई' कार ध्वनि तिन पटक र 'ए' कार ध्वनि दुई पटक पुनरावृति भएका छन् जसले श्लोकको लयविधानमा श्रुतिमधुरता थपिनुका साथै साङ्गीतिक तरङ्ग पनि शक्तिशाली बन्न पुगेको छ ।

यसरी काव्यका पङ्क्तिहरूमा वर्ण, शब्द, ध्वनि आदिको आवृतिले शब्दसौन्दर्य प्रदान गरेको छ । त्यस्तै कतिपय पङ्क्तिमा लेख्य रूपमा अङ्कित शब्दहरूको अक्षर गणना गर्दा तिनको सङ्ख्या सत्र, अठार, उन्नाइस, बिस, एक्काइस र कतै बाइस सम्म पनि पुगेको देखिन्छ । तर यहाँ लयविधानका लागि कथ्य रूपमा उच्चारण गर्नुपर्ने हुन्छ । जस्तै-

के छ र हाम्रो ठीक बस्दोबस्त सब कुरा गडबड छ ।

बिस अक्षर भएको यस पङ्क्तिमा लेख्य मानक रूप यस्तो भए तापनि उच्चारणमा 'ठीक्', 'सब्', 'गड्बड्' जस्तो हलन्त हुने गर्दछ । त्यस्तै बाइस अक्षर भएको यस पङ्क्तिमा शब्दहरूलाई पनि कथ्य रूपमा उच्चारण गर्नुपर्ने हुन्छ । जस्तै-

ढिंडोको भरमा पसीना तरमा गीत गाउनु मनसार छ ।

त्यस्तै कतिपय स्थानमा लेख्य रूप अकारान्त भएपनि उच्चारणमा हलन्त गर्नुपर्ने हुन्छ । जस्तै-

मानिसलाई चाहिले हक न लिइ छोड्दैनौं ।

यहाँ 'मानिस', 'हक' लाई सामान्य अवस्थामा हलन्तका रूपमा उच्चारण गर्नुपर्ने हो तर यी दुई शब्द 'मानिस्' र 'हक्' हलन्त नगरी अकारान्त नै पढिन्छ अनि मात्र लयविधान मिल्न जान्छ ।

यसरी प्रस्तुत काव्यमा नेपाली भाषाका शब्दहरूलाई नेपाली भाषाकै लेख्य नियमानुसार नै ढालिएको छ र यसो गर्दा कतिपय पङ्क्तिमा सोह्र अक्षरे नेपाली झ्याउरे लोकलयका हरफमा अपेक्षितभन्दा बढी अक्षर सङ्ख्या पनि देखिन्छ, त्यस्ता ठाउँमा उक्त लयको विरामविधानलाई ध्यानमा राखी आवश्यकतानुसार हलन्त उच्चारण गरी लय मिलाउनुपर्दछ ।

त्यसैगरी सोह्र अक्षरे लोकलयका प्रत्येक हरफमा प्रथम पाँच अक्षरपछि पहिलो विराम वा अडान, त्यसपछिका अरु पाँच अक्षर (दशौं अक्षर) मा दोस्रो विराम र अन्त्यको सोह्रौं अक्षरमा अन्तिम विरामको लयगत नियम देखिन्छ । जस्तै-

भेडा र बाखा + सरिका हामी + हक् आफ्नो देख्दैनौं ।
भेडा त बिक्छ +रूपैया पाँचमा +हामी त बिक्दैनौं ॥

-श्लोक ३

यसरी यस काव्यमा लयढाँचामा प्रवाहमयता छ र अन्त्यानुप्रासीयताको योजनाले यसको लयविधानमा साङ्गीतिक तरङ्गहरू पैदा गरेको छ। नेपाली लोकलयका रूपमा प्रचलित झ्याउरे लयलाई कवितात्मक स्वरूप प्रदान गरिएको यस काव्यमा देवकोटाले नेपाली जनबोली र लोक जीवनलाई आत्मसात् हुने गरी लयको सिर्जना गरेका छन्।

## ४.९ बिम्ब, प्रतीक र अलङ्कार विधान

अलङ्कार काव्यको गहना हो। अलङ्कारले काव्यको सौन्दर्य बढाउँछ। त्यसैगरी काव्यमा भाषाशैलीलाई आकर्षक बनाउन, अभिव्यक्तिलाई सुन्दर तरिकाले व्यक्त गर्न, भावलाई उत्कर्षमा पुऱ्याउन र कुनै कुरालाई व्यञ्जनात्मक रूपले प्रस्तुत गर्न काव्यमा अलङ्कारको महत्वपूर्ण भूमिका हुन्छ (वोस्ती, २०६५: ५८)। यस 'पहाडी पुकार' काव्यमा पनि कविले जनाधिकार र मानवमूल्य प्राप्तिका लागि सबै नेपाली जनतासँग एकतावद्ध भई क्रान्तिमा होमिन आग्रह गर्ने भावलाई उत्कर्षमा पुऱ्याउन र अभिव्यक्तिलाई सुन्दर तथा प्रभावकारी ढङ्गमा प्रस्तुत गर्न शब्दालङ्कार र अर्थालङ्कारको स्वाभाविक प्रयोग गरेका छन्। शब्दालङ्कारमा समध्वनि, वर्ण तथा पदहरूको आवृतिद्वारा श्रुति सौन्दर्य थपिएको छ। काव्यका सबै सैंतिसै श्लोकका अन्त्यमा पद, वर्ण र ध्वनिको नियमित आवृति भएकाले लयविधानमा प्रवाहमयता र साङ्गीतिकता उत्पन्न भएको छ।

'पहाडी पुकार' काव्यमा नेपाली समाज, खानपान र स्थानीय परिवेशसँग सम्वन्धित भोटो, टोपी, ढिंडो, दुध-भात, स्याउले झुप्रा, गोरू, जाँड, माखा, धामी, बर्को, मजेत्रो, दिउरी, तिहुन, पशुपति-गुहेश्वरी आदि जस्ता ठेट नेपाली मौलिक शब्दहरूको प्रयोग गरेर अभिव्यक्तिलाई सहज, सरल र जीवन्तता प्रदान गरेका छन्। यी शब्दहरूले नेपाली साँस्कृतिक बिम्बका रूपमा पनि कार्य गरेका छन्। काव्यमा वैचारिक भावलाई पनि सरल तथा तद्भव शब्दमा, सजिलो लोकलयमा र मन तान्ने भाकामा प्रस्तुत गरिएको छ।

नेपाल देशलाई एक स्त्रीलिङ्गी सजीव रूप 'आमा' मान्दै आफ्नो देश र जनताको अवस्था देखी अँध्यारो र मलीन अनुहार भएको कल्पना गर्दै काव्य लेखनको थालनीमा नै देवकोटाले यो अभिव्यक्ति प्रस्तुत गरेका छन्:

नेपाली भाइ, नेपाली बहिनी सबैको गुहार छ ।
अधेरी आज यी हाम्री आमा देशको मुहार छ ॥

-श्लोक १

सामन्त वर्गका कारण नै सम्पूर्ण नेपाली जनताको जीवन नारकीय बन्न पुगेको हो भन्ने विचार व्यक्त गर्दै उनी भन्दछन्:

हामीलाई थिच्ने हामीलाई मिच्ने जो धुर्त छली हुन् ।
उनैका निम्ति लड्ने र मर्ने सन्तान हाम्रै हुन् ॥

-श्लोक २५

इन्साफ हामीलाई देखिन्न राम्रो पैसाले जित्दछ ।
घुस्याहाहरू छाला पो काढ्छन् बलले जित्दछ ॥

-श्लोक १९

देवकोटाले सामन्त वर्गलाई बलिया, ठुला, ठालु, सरकार, घुस्याहा, ब्वाँसो, धूर्त, छली, राणा, धनी आदि विभिन्न विशेषण वा उपनामले चिनाएका छन् ।

शोषित, पीडित नेपाली जनतालाई गरिब, भेडा-बाख्रा, जाँडका माखा, पशु, मैला-धैला, गन्हाउने थैला, भटमासे, जुम्रे, बेकम्मा, लुरे, लुम्रे, दरबान, ढोकाका कुत्ता, दुःखका साधु, धैर्यका जादु, अबुझ, देशभक्त, सोझा, रोगी आदि जस्ता विशेषण प्रयोग गरेका छन् । यी विशेषणहरू काव्यमा अलङ्कारका रूपमा प्रयोग भएका छन् । जस्तैः

भेडा र बाख्रा सरिका हामी हक आफ्नो देख्दैनौं ।
भेडा त बिक्छ रूपैया पाँचमा हामी त बिक्दैनौं ॥

-श्लोक ३

मैला र धैला गहाउने थैला भटमासे जुम्रे झै ।
संसारमा हामी बेकम्मा भयौं लुरे र लुम्रे झैं ॥

-श्लोक १४

पैसाको नाउँमा एक कौडी छैन जाँडका माखा छौं ।

-श्लोक ९

परदेश लाग्छन् बैसालु केटा ढिंडोले नपुगी ।
दरवान बन्छन् ढोकाका कुत्ता यस्तै छ जिन्दगी

-श्लोक १६

डरले हामी सहेर बस्यौं दु:खका साधु झैं ।
न खान पाई, न लाउन पाई धैर्यका जादू झैं ॥

-श्लोक २१

यसरी 'पहाडी पुकार' काव्यमा उपमा अलङ्कारको प्रशस्त प्रयोग भएको छ । काव्यको बाइसौं श्लोकमा आएको 'ब्वाँसो' र चौबिसौं श्लोकमा आएको 'राणा' शब्द यहाँ प्रतीकको अर्थमा प्रयोग भएको छ । 'राणा' शब्द स्वेच्छाचारी शासकको प्रतीकका रूपमा र 'ब्वाँसो' शब्द धूर्त, छली र कपटी व्यवस्थाको प्रतीकको रूपमा प्रयोग भएको छ । यसकारण काव्यमा उचित प्रतीक प्रयोगले भावाभिव्यक्तिलाई व्यञ्जनात्मक बनाएको छ । उदाहरणका रूपमा तलका पङ्क्तिलाई लिन सकिन्छ:

सफा र सुघर राम्रो र दरो खाएको, पिएको ।
कमाउँदो, जिउँदो, रातो र पीरो खै हामी भएको ॥

-श्लोक ३४

माथिको श्लोकमा प्रयोग भएको 'रातो' र 'पिरो' शब्दले उचित सन्तुलित आहार पाई तन्दुरुस्त, मोटो-घाटो भन्ने बिम्बात्मक अर्थ सङ्केत गरेको छ । साथै सोह्रौं श्लोकमा आएका 'ढोकाका कुत्ता' शब्दले पनि पाले, ढोके, चौकीदार भन्ने व्यङ्ग्यात्मक अर्थ प्रदान गरेको छ ।

तत्कालीन राज्य व्यवस्थाको यथार्थ उजागर गर्ने क्रममा कवि भन्दछन्:

आकाशे खेती अनिकाल पर्छ सरकारले कुत लिन्छ ।
मकैको चरी पासामा परी कमाइ भुत्लिन्छ ॥

-श्लोक १७

यस पङ्क्तिमा एकातिर मकै पाक्ला र पेट भरौंला भन्ने चरी वा जनताहरू व्याधारूपी सरकारका पासामा परी कुत तिर्दैमा आफ्नो जीवन भुत्लिने तथ्य उजागर भएको छ । अर्कोतिर 'मकैको खेती' नामक पुस्तक लेखेर जनतामा कृषि चेतना ल्याउन खोज्ने कृष्णप्रसाद अधिकारीको अत्याचारी राणाशासनको पासोमा परी जीवन नै तहसनहस भएको सन्दर्भ पनि ध्वनित भएको छ ।

देवकोटाको यस सानो काव्यले तत्कालीन विपन्न निरीह नेपाली जनताको यथास्थितिको चित्रण मात्र गरेको छैन, त्यसका विरुद्ध आत्मबलिदान समेत दिएर भए पनि आफ्नो हक-अधिकार र जनताको शासन पद्धति सहितको समृद्ध नेपालको परिकल्पना समेत गरेको छ । राणाशासनको ज्यादतिका विरुद्ध मुक्तिको खोजी गर्ने क्रममा राणा र जनता बिचको सम्बन्ध शत्रुतापूर्ण रहेको तथ्यलाई यी तलका पङ्क्तिले स्पष्ट पार्दछन्:

गरिबको निम्ति आवाज झिक्ने झ्यालखानामा कुहिन्छन् ।
रुखमा फल्छन् गोली पो खान्छन् अथवा मुडिन्छन् ॥

-श्लोक २३

यसरी अन्याय र अत्याचारको जातोमा पिल्सिएका जनता र उनीहरूको निसास्सिदो आवाजका पक्षमा धेरथोर राहत दिनुका सट्टा उल्टो उनीहरूको प्राणै समेत लिन उद्धत हुने राणा शासनको दमन चरम चुलिएको छ । यस किसिमको द्वन्द्वग्रस्त कठिन परिस्थितिको अन्त्य अब चाँडै हुने र समानता सहितको नयाँ नेपालको स्थापना हुने सङ्केत समेत यस काव्यमा ध्वन्यार्थका रूपमा प्रकट भएको छ ।

यसरी ध्वनार्थका दृष्टिले पनि काव्य सबल देखिन्छ । त्यसैगरी काव्यमा आएका छाला काढ्नु, मुख बाउनु, पेट फुट्नु, काम पटाउनु, रुखमा फल्नु, खुट्टा समात्नु आदि जस्ता नेपाली टुक्कायुक्त पदावलीले काव्यलाई रागात्मक वा हृदयसंवेद्य बनाउनुका साथै अर्थ सौन्दर्य पनि प्रदान गरेका छन् । त्यसकारण भावाभिव्यक्तिलाई मूर्त रूप दिने सिलसिलामा शब्दालङ्कार र अर्थालङ्कारको स्वाभाविक प्रयोगले 'पुहाडी पुकार' काव्य बिम्ब, प्रतीक र अलङ्कार विधानका दृष्टिले पनि उच्च र कलात्मक रहेको छ ।

## ४.१० वैचारिक चिन्तन

आर्थिक, सामाजिक, राजनीतिक न्यायको स्वर उठाइएको यस काव्य लेखनको पृष्ठभूमि स्रष्टाको मनभित्रका आक्रोश, जलन, असन्तुष्टि र जिजीविषा नै हुन् । तत्कालीन समयमा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा सल्बलाइ रहेका परिवर्तनका लहरहरू र त्यसबाट उत्पन्न राजनीतिक संचेतनाले वौद्धिक व्यक्ति देवकोटामा मानवतावादी र लोकतन्त्रवादी प्रगतिशील चेतना निर्माण भएको थियो । देवकोटाले यस काव्यमार्फत् त्यही मानवतावादी, लोकतन्त्रवादी र प्रगतिशील चेतना प्रस्तुत गरेका छन् । राजनीतिक वेथितिका कारण सिर्जित विसङ्गति र अव्यवस्थाका कारण मुलुकको शासन व्यवस्था जर्जर र अत्यासमय देखिएको छ । सोही सामन्तवादी शासनका विरुद्ध मर्नै परे पनि बलिदान दिन अग्रसर गराउने लक्ष्य र आशयका साथ यस कृतिको रचना भएको देखिन्छ ।

यस काव्यमा कविले अब हामी डर, त्रास र भयमा पनि सुस्ताउने साधु र खान-लगाउन नपाउँदा पनि मज्जा मान्दै जादु हेरेर रमाउने चेतनाहीन भएर बस्न नहुने तर्फ सङ्केत गरेका छन् । कवि भन्छन्:

डरले हामी सहेर बस्यौं दुःखका साधु झैं ।
न खान पाई, न लाउन पाई धैर्यका जादु झैं ॥

-श्लोक २१

काव्यमा प्रकट भएको वैचारिक चिन्तनलाई निम्न उपशीर्षकहरू दिएर प्रस्तुत गरिएको छ ।

### ४.१०.१ तत्कालीन अवस्थाको यथार्थ चित्रण

यस काव्यमा कविले देशका जनताहरूमा दुई वर्ग रहेको चित्रण गर्दै एउटा वर्ग मैला-धैला, बेकम्मा, लुरे-लुम्रे, गरिब, शोषित पशुभन्दा पनि नीच जीवन जिउन बाध्य छ भने अर्को वर्ग तिनै गरिब जनतालाई चुसेर भोग विलास र ऐस आराममा मग्न छ । उसका कुकुरले समेत दुध-भात खाइरहेका छन् भने गरिब जनता ढिंडो निल्ने तिहुन सम्म पनि

नपाएर व्याकुल अवस्थामा छन् । आकासे खेतीको भरमा रहेका वर्ग अनिकाल परे पनि कुत तिर्न बाध्य छन् । बालबच्चालाई समेत आङ छोप्ने एकसरो लुगा छैन । पढ्नु-लेख्नु त परै जाओस् एक गाँस खान, लाउन र विरामी पर्दा ओखतीमूलो सम्म पनि नपाएर जनता भुतुभुतु मरिरहेका छन् । बेरोजगार भएर बैसाँलु युवाहरू परदेशमा दरवान वा चौकीदार बन्न विवश छन् । अर्को वर्ग भने आफ्नो थिचोमिचोका विरुद्ध आवाज उठाउनेलाई मृत्युदण्ड दिन, चार पाटा मुडेर डाँडा कटाउन र भ्यालखानामा कुहिन बाध्य पार्दछ । यही देशका समान जनता भएर पनि तिनीहरूको अवस्था आकाश र धर्ती जस्तै असमान छ । यस्तो किन हुन्छ ? कति दिन सहेर बस्ने ? आवाज उठाउने बेला भएको छ भन्दै कवि भन्दछन्:

अब त साह्रै गलामा पुग्यो गुम्सेको जिन्दगी ।
नउठाउँ भने हृदयको बोली को होला पारखी ॥

-श्लोक २९

यसरी कविले ठालु वर्ग र शोषित वर्गको यथार्थ वस्तुस्थितिको आलोचनात्मक चित्रण गरेका छन् ।

## ४.१०.२ मानवतावाद

काव्यको बत्तिसौं श्लोकमा कविले हामी पनि पुच्छर बिनाका मान्छे नै हौं भन्ने विचार व्यक्त गरेका छन् । यदि मान्छे नै हौं भने हामीलाई पनि गाँस, बास र कपास जस्ता न्यूनतम आवश्यकताको पूर्ति गरिनु पर्दछ भन्ने मान्यता उनको छ । कोही धन कमाउन र ऐस आराममा जीवन बिताउन मस्त छ भने कोही पशुको भन्दा पनि निकृष्ट जीवन बाँच्न विवश छ । देशले गरिब जनताबाट कर उठाउँछ भने त्यसको पारितोषिक जनताले पनि पाउनुपर्छ । देश र देशको ढुकुटी सबैको साझा हो । सबैले समान अवसर र न्याय-निसाफ पाउनुपर्छ भन्ने मानवतावादी स्वर यस काव्यमा सशक्त रूपमा उठाइएको छ । अर्को तर्फ आजभन्दा ६२/६३ वर्ष अगाडि लेखिएको काव्य भए तापनि यसमा नारी वर्गलाई समेत दिदी-बहिनी सम्बोधन गर्दै क्रान्तिमा होमिन पहिलो श्लोक मार्फत् आह्वान गरेका छन्:

नेपाली भाइ नेपाली बहिनी सबैको गुहार छ ।
अधेरी आज यी हाम्री आमा देशको मुहार छ ॥

-श्लोक १

यस आधारमा हेर्दा देवकोटाले तत्कालीन समयमा पनि नारीलाई चूला-चौकामा मात्र सीमित नरही आफ्नो हक अधिकारका लागि रणभूमिमा उत्रन आग्रह गरेका छन् । यसरी मानव भएर जन्मेपछि मानव जस्तो जीवन जिउन र सो प्राप्तिका लागि जस्तोसुकै बलिदान गर्नु परे पनि पछि नहट्ने आग्रह समस्त नेपाली दिदी-बहिनी, दाजुभाइलाई गरेका छन् ।

## ४.१०.३ क्रान्ति चेत

क्रान्तिमूलक चेतनाले भरिपूर्ण यस कृतिमा अब आफ्नो हक अधिकार मागेर होइन खोसेर लिन सक्नु पर्छ । आखिर हाम्रो जीवन पनि एक पटक त अवश्य मर्नैपर्दछ भने आफ्नै हक अधिकारका लागि लडौं, मरौं, अनिमात्र हामी मानिस हुनुको अस्तित्व रहन्छ भन्दछन् । गुम्सेको जिन्दगीबाट ब्युँझनै पर्ने युगको दायित्वबोध गराउँदै राणा विरोधी अभियानमा एकतावद्ध हुन आग्रह गर्दै भन्दछन्:

ज्यानै पो जाओस्, प्राणै पो जाओस् पर्वाह गर्दैनौं ।
मानिसलाई चाहिंने हक न लिइ छोड्दैनौं ॥

-श्लोक ३६

नेपाली जनता र उनीहरूको जीवन शैलीमा घाउ नै घाउका पुञ्ज देख्ने देवकोटाले यसबाट छुटकारा पाउनका लागि ज्यानकै बलिदान दिनु परेपनि पछि नहट्ने प्रण गर्दै उनी भन्दछन्:

मर्नु त एक दिन अवश्यै पर्छ पशु झैं न जिउँ ।
मानिस हुँ भने मानिस झैं जिउँ मानिसको हक लेउँ ॥

-श्लोक ३७

यसप्रकार देवकोटाले अब जसरी हुन्छ आफ्नो हक लिएरै छाड्ने दृढ प्रतिज्ञा व्यक्त गर्दै सबैलाई बलिदान दिनु परेपनि तयार रहन आग्रह गर्दछन् । यस 'पहाडी पुकार' काव्यमा व्यक्त विद्रोही चेतना यस्तै गति र प्रवाहका साथ उनका अन्य खण्डकाव्यहरूमा अभिव्यक्त भएको पाइदैन (पाण्डेय, २०५५/५६: २५) । त्यसैले सामाजिक क्रान्ति चेतनाका धरातलबाट हेर्दा यो काव्य अब्बल दर्जाको देखिन्छ । त्यस्तै 'भृकुटी' पत्रिकामा मोहन विक्रम सिंहले पनि

'लक्ष्मी प्रसाद देवकोटाः वैचारिक पक्षको अध्ययन' शीर्षक लेखमा 'पहाडी पुकार' मार्फत् देवकोटाको साहित्यमा राजनीतिले प्रवेश गर्दछ भन्दछन् । यिनै भनाइलाई आधार मान्दा पनि प्रस्तुत काव्यमा क्रान्तिकारी चेतना प्रबल रूपमा मुखरित भएको छ ।

### ४.१०.४ प्रगतिशीलता

गरिबको भाग्यमा जन्मदै दुःख लेखेको नभई शोषणको अत्याचारबाट देखा परेको तथ्य प्रस्तुत गर्दै आफ्नो हक अधिकारको लडाइँमा ईश्वरको साथ खोजेको देखिन्छ । सोही हेपिएको, दबिएको लुरे-लुम्रे जनता नै युग निर्माण गर्ने शक्ति हो भन्दै देवकोटाले क्रान्ति नै एक मात्र मुक्ति मार्ग भएको विश्वास गर्दछन् । प्रजातन्त्रवादी तथा लोकतन्त्रवादी विचार राख्ने सचेत देवकोटाले देशको जति आन्दानी हुन्छ सोही अनुपातमा सबै जनतालाई न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति समान रूपमा वितरण गरिनु पर्दछ भन्दै उनी काव्यको तेत्तिसौं श्लोकमा भन्दछन्:

देशको जति आम्दानी हुन्छ खै खर्च हामीमा ।
लाउन र खान बोल्नको हक छ मानिस नामीमा ॥

-श्लोक ३३

यसरी प्रगतिशील विचार व्यक्त गर्ने देवकोटाले सार्थक जीवनका लागि सशक्त विद्रोह नै एक मात्र उपाय देख्दछन् । जनता भेडा-बाखा भन्दा पनि निम्न स्तरका बन्न जानुमा निरङ्कुश राणाशासन एक मात्र कारक तत्व मान्ने देवकोटाले फेरि हक प्राप्तिको लडाइँमा ईश्वरको साथ खोजेको देखिन्छ । यस आधारमा हेर्दा उनको चिन्तनमा केही विरोधाभास पनि देख्न सकिन्छ ।

देवकोटाका बारेमा धेरै चिन्तन-मनन र अध्ययन विश्लेषण गर्ने समालोचकहरूले उनलाई विविधता र विरोधाभासको विशाल भण्डार मानेका छन् (ज्ञवाली, २०६५/६६: १२९) । यस कुरालाई यो काव्यमा पनि अनुभूति गर्न सकिन्छ तर आफ्नो असल लक्ष्य हुँदाहुँदै पनि तत्कालीन समाजले मानिआएको ईश्वरीय सद्भावलाई साथमा लिएर मात्र अत्याचारीलाई सजिलै परास्त गर्न सकिन्छ भन्ने भाव उनमा रहेको छ । यसलाई उनको चिन्तनमा विरोधाभास छ भन्नु भन्दा अफ्ट्यारा परिस्थितिमा एक मात्र साहारा ईश्वरलाई मान्ने

परम्परित संस्कारजन्य मानसिकताको प्रस्तुति भन्नु उपयुक्त देखिन्छ (लुइटेल, २०६६: ६४) । काव्य नायक सत्य र न्यायको पक्षमा रहेकाले त्यस्ता वर्गलाई देवताले पनि साथ दिन्छन् भन्ने दृष्टिकोण उनमा रहेको छ । ईश्वरसँगको यो सानिध्यलाई हेर्दा हामी देवकोटालाई साम्यवादी विचार ग्रहण गरिसकेको तर पूर्ण भौतिकवादी बन्न नसकेको सन्दर्भमा पनि अर्थ्याउँन सक्छौं (अधिकारी, २०६६: ३८६) ।

सुत्दैनौं हामी, उठ्ने छौं सारा ईश्वरका नाममा ।
अन्न र बस्त्र घर लिई छोड्छौं इन्साफका नाममा ॥

-श्लोक ३५

माथिको पङ्क्तिलाई गहिरिएर हेर्दा नेपाली गरिब जनता फेरि ईश्वरका नाममा ठगिन सक्छन् भन्ने तर्फ सङ्केत गर्दै उनले ईश्वरलाई साँच्चिकै न्यायदाताका रूपमा पुनर्परिभाषित गरेका छन् । उनका विचारमा ईश्वर भनेको न्यायको प्रतिमूर्ति हो । समानता, स्वतन्त्रता र भ्रातृत्वको रक्षक हो । यसै आधारमा रहेर नै उनले महान् उद्देश्य प्राप्तिका लागि ईश्वरीय सद्भावलाई स्वीकारेको देखिन्छ ।

यसप्रकार 'पहाडी पुकार' काव्यका श्लोकहरूलाई हेर्दा एउटै मूल भावमा केन्द्रित निरङ्कुश राणातन्त्र र तिनकै आडमा मौलाएको सामन्त वर्गको शोषण दमनको जीवन्त चित्रण र आधारभूत हक लिएरै छाड्ने सम्झौताहीन क्रान्ति चेतनाको उत्कृष्ठ नमुनाका रूपमा यस काव्यलाई लिन सकिन्छ ।

## ४.११ भाषाशैली

प्रस्तुत खण्डकाव्य भाषा प्रयोगका दृष्टिले पनि उत्कृष्ट रहेको छ । प्रत्येक श्लोकमा अन्त्यानुप्रासीयताको विधानले श्रुतिरम्यता र मधुरता प्रदान गरेको छ । उच्चारणका आधारमा हेर्दा यसमा प्रायः दुई-तिन र चार अक्षरको संरचना भएका छोटाछोटा तत्भव शब्दहरूको प्रयोग पाइन्छ । त्यस्तै यस काव्यमा समासरहित शब्द र नेपाली लोक भाषाको प्रचुरता देख्न सकिन्छ ।

मुट्ठीभरका सामन्त वर्गले बहुसङ्ख्यक विपन्न, दीन-हीन सर्वसाधारणमाथि राज गरिरहेको अवस्था एकातिर थियो भने अर्कातिर त्यसका विरुद्ध राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशमा चेतनाको लहर सल्बलाइ रहेको थियो । यसै पृष्ठभूमिमा चेतनशील देवकोटाले आन्दोलनलाई बौद्धिक र हार्दिक समर्थन गर्ने हेतुले प्रवासमा बसेर धक फुकाएर अन्यायका विरुद्ध आवाज बुलन्द गर्नुको परिणाम स्वरूप यस कृतिको जन्म भएको हो । त्यसैले यस काव्यमा निरक्षर सर्वसाधारण नेपाली जनताले समेत बुझ्न सकून् र दिल खोलेर क्रान्तिमा होमिन तयार होऊन् भन्ने उद्देश्यले नै यस कृतिको रचना भएको हो ।

त्यसकारण पनि यस काव्यमा प्रयोग भएका शब्दहरू अत्यन्त सरल, सहज र स्वाभाविक छन् । नेपाली जनतालाई सम्बोधन गरी लेखिएको यस कृतिमा कतै पनि भाषिक जटिलता, दुर्वोधता र कृत्रिमताको झझल्कोसम्म पनि भेटिंदैन (लुइटेल, २०६६: ६५) । झ्याउरे छन्दमा संरचित यस काव्यमा अन्त्यानुप्रासको सहज आयोजना र तुकबन्दीयुक्त भाषिक विन्यासका कारण काव्य तीव्र लयात्मक र गेयात्मक बन्न पुगेको छ ।

राजनीतिक सन्दर्भबाट हेर्दा, यसमा अभिव्यञ्जित अभिव्यक्ति कठोर, खरो, ओजपूर्ण हुङ्कार भए पनि त्यो नाराबाजी नभई कलात्मक हुनाका साथै सबै तहका पाठकका लागि उत्तिकै सहज र सुबोध छ । भाषिक सरलता, मानवमूल्य र जागृतिको त्रिवेणी प्रवाहित गरेको यस काव्यलाई जनसाधारणका माझमा लोकप्रिय र सान्दर्भिक काव्य मान्न सकिन्छ । हुन पनि यो कृति छाप्दाछाप्दै ५००० प्रति हारालुछ गरी बिक्री भएको थियो भन्ने जानकारी पाइन्छ (भट्ट, २०२५: ३४६) ।

आत्मकथनात्मक र आह्वानात्मक शैलीमा लेखिएको यो काव्य जनताको स्वाभिमानको गायन र सङ्घर्षचेतको शीर्ष अभिव्यक्ति हो । मानवमूल्य र महत्वको बोध गराइएको यस काव्यमा सरल अभिव्यक्तिमा खँदिला विचारहरू प्रकट भएका छन् ।

'पहाडी पुकार' काव्यमा तत्सम, तत्भव र आगन्तुक तिनै स्रोतबाट आएका शब्दहरू प्रयोग भएका छन् । जस्तै-देवता, वस्त्र, बालक, लोकनाथ, हृदय, पाठशाला, पुस्तक आदि जस्ता तत्सम शब्दहरू; दुध-भात, ओखती, रातो-पिरो, भेडा-बाखा, माखा आदि जस्ता

नेपाली तत्भव शब्दहरू त्यस्तै आगन्तुक शब्दहरूमा-अरबी भाषाबाट गरिब, हक, फारसी भाषाबाट जागिर, जिन्दगी, पैसा, सरकार आदि जस्ता विभिन्न भाषाबाट नेपाली भाषामा आएका आगन्तुक शब्दहरू पनि काव्यमा प्रयोग भएका छन् । यसरी विभिन्न भाषाबाट आएका शब्दहरू काव्यमा प्रयोग भए तापनि ती नेपाली जनजिब्रोमा र लोकजीवनमा सहज र प्रचलित अवस्थामा रहेका छन् ।

त्यस्तै दुःखका साधु, धैर्यका जादु, झल्लरे भोटो, धुलाका जौ, रित्तो दिउरी, गन्हाउने, थैला, भट्टमासे, जुम्रे आदि पदावलीगत र नेपाली झर्रा शब्दहरूले 'पहाडी पुकार' मा काव्यात्मकता थपेको छ । त्यस्तै छाला काढ्नु, रुखमा फल्नु, पेट फुट्नु, मुख बाउनु आदि जस्ता टुक्कायुक्त पदावलीहरूले पाठकमा रागात्मकता र हृदय संवेद्यता प्रदान गरेका छन् ।

यसरी भाषाशैलीका दृष्टिले 'नौनी' का रूपमा रहेको यस काव्यमा भाषिक सरलताभित्र कलात्मकता, वैचारिकताभित्र स्पष्टता र काव्यात्मकता देख्न सकिने हुनाले यही नै यसका मूल पहिचान हुन् भन्न सकिन्छ ।

## ४.१२ निष्कर्ष वा उपसंहार

काव्यकार लक्ष्मी प्रसाद देवकोटा तानाशाही निरङ्कुश राणाहरूको दमनबाट आहत बनी क्रान्तिको महान् उद्देश्य लिएर वनारस प्रवासमा गएका बखतमा लेखिएको कृति 'पहाडी पुकार' हो । यस काव्यकृतिमा देवकोटाले नेपाली सर्वसाधारण निरक्षर जनताले पनि सजिलैसित बुझ्न सकून् र क्रान्तिमा होमिन तयार होऊन् भन्ने उद्देश्यले सरल नेपाली शब्दहरूको प्रयोग गरेका छन् । स्वच्छन्द शैली, झ्याउरे लय र सरल बोधगम्य भाषाशैलीमा रचित यो कृति चेतनामूलक जागरण गीतका रूपमा पनि त्यतिकै सशक्त छ ।

यसमा प्रखर प्रगतिशील स्वर प्रकट भए तापनि काव्यको उत्तरार्द्धमा ईश्वरको साथलाई अपरिहार्य मानिएकाले उनमा केही विरोधाभासी चिन्तन पनि देख्न सकिन्छ तर त्यसलाई संस्कारजन्य मानसिकता मात्र पनि मान्न सकिने आधार प्रशस्त रहेका छन् ( लुइटेल, २०६६, ६४) । मानव जीवन के हो ? कस्तो हुनुपर्ने ? बुझ्न आग्रह गर्दै सार्थक

जीवन बाँच्नका लागि मानिसहरूलाई उर्जा र उत्प्रेरणा यस कृतिमार्फत् कविले दिन खोजेका छन् ।

आख्यान निरपेक्ष हुँदाहुँदै पनि भावको एकान्विति,विचार प्रधान, पूर्ण र सशक्त कृति हुनाले 'पहाडी पुकार' लाई लघु आकारको खण्डकाव्य मान्न सकिन्छ ।

यसरी देवकोटाको विद्रोह चेतको सशक्त नमुना 'पहाडी पुकार' को समग्र पक्षको कृतिगत विश्लेषण गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य हो ।

## परिच्छेद - पाँच

# ५. शोधनिष्कर्ष र मूल्याङ्कन

प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा विभाजित गरिएको छ । यस परिच्छेदमा चारैवटा परिच्छेदमा के कस्ता विषयहरू रहेका छन् तिनीहरूको निष्कर्ष र मूल्याङ्कन गर्ने काम गरिन्छ ।

## ५.१ परिच्छेद एकको निष्कर्ष

पहिलो परिच्छेदमा शोध कार्य के विषयमा किन र कसरी गर्ने भन्ने मार्ग निर्देशका लागि शोध परिचय राखिएको छ । यस अन्तर्गत समस्या, उद्देश्य, औचित्य, सीमाङ्कन, विधि र रूपरेखा आदि जस्ता विषयमा परिचय दिइएको छ ।

## ५.२ परिच्छेद दुईको निष्कर्ष

यस शोधकार्यको दोस्रो परिच्छेदको शीर्षक 'खण्डकाव्यको सैद्धान्तिक स्वरूप' रहेको छ । यस परिच्छेदमा खण्डकाव्यको सिद्धान्तका बारेमा चर्चा गरिएको छ । यस खण्डमा साहित्यको एक विधा र कविताको एक उपविधामा रूपमा खण्डकाव्यलाई चिनाइएको छ ।

कविताको मझौला रूपमा रहेको खण्डकाव्यलाई चिनाउने पहिलो विद्वान् संस्कृत साहित्यशास्त्री आचार्य विश्वनाथ हुन् । उनले खण्डकाव्यलाई काव्यको एक देशका रूपमा चिनाएका छन् । काव्यको एक देश वा जीवनको एक खण्डको मात्र अभिव्यक्ति नै खण्डकाव्य हो भन्ने विश्वनाथको मान्यता नै खण्डकाव्यलाई चिनाउने मुख्य आधार हो । संस्कृत साहित्य शास्त्रीय चिन्तनका साथै नेपाली साहित्यका समीक्षकहरूले कविताको मझौला आयामका रूपमा खण्डकाव्यलाई चिनाएका छन् ।

विश्वनाथदेखि वर्तमानसम्मका खण्डकाव्यसम्बन्धी परिभाषाले अपेक्षा गरेका विषयहरूका आधारमा खण्डकाव्यका सिद्धान्तभित्र निम्न तत्वहरू रहेका छन्: शीर्षकीकरण,

कथावस्तु, पात्रविधान, परिवेशविधान, भावविधान, बिम्ब-प्रतीकविधान, कथनपद्धति र भाषाशैली । यिनै तत्वहरूका आधारमा कुनै पनि खण्डकाव्यको विवेचना गर्न सकिन्छ । यस परिच्छेदमा खण्डकाव्यका तत्वहरूको सामान्य परिचय दिइएको छ ।

## ५.३ परिच्छेद तिनको निष्कर्ष

तेस्रो परिच्छेदको शीर्षक 'खण्डकाव्यकार देवकोटा र उनको खण्डकाव्ययात्रा' रहेको छ । पण्डित तिलमाधव देवकोटा र अमरराज्य लक्ष्मीका साँहिला पुत्रका रूपमा लक्ष्मी प्रसाद देवकोटाको जन्म वि.सं. १९६६ कार्त्तिक २७ गते तिहारको लक्ष्मीपूजाका दिन भएको हो । उनले वी.ए., वी.एल. सम्मको औचारिक शिक्षा हासिल गरेका छन् ।

अङ्ग्रेजी साहित्यको पनि अध्ययन गरेका देवकोटामा पाश्चात्य स्वच्छन्दतावादी प्रवृत्ति प्रबल हुँदाहुँदै पनि त्यसलाई नेपालीकरण गरेर प्रशस्त मौलिकता दिने खुवी थियो । दश वर्षकै उमेरमा 'घनघोर दुःख सागर......' भन्ने कविताबाट कविता लेखन प्रारम्भ गरेका देवकोटाले आफ्नो जम्मा पचास वर्से जीवन अवधिमा झन्डै चालिस वर्ष साहित्य साधनामा लगाएको पाइन्छ ।

कविता विधाका विभिन्न उपविधा अन्तर्गत लगभग छ सय जति फुटकर कविता, झन्डै तिन दर्जन जति खण्डकाव्य र आधा दर्जन महाकाव्य लेखेर नेपाली साहित्यको इतिहासमा अविजित र अतुलनीय योगदान दिन देवकोटा सफल भएका छन् ।

परिष्कारवादी परम्पराभन्दा भिन्न प्रवृत्ति लिएर वि.सं. १९९२ मा 'मुनामदन' खण्डकाव्य लेखेर स्वच्छन्दतावादी धारा भित्र्याउने देवकोटाले आफ्नो जीवन अवधिमा प्रशस्त खण्डकाव्य रचना गरेका छन् । उनका खण्डकाव्यहरूलाई धारागत र ढाँचागत प्रवृत्तिका आधारमा निम्न चार चरणमा विभाजन गरिएको छ ।

पहिलो चरण वि.सं. -१९९२-१९९९

दोस्रो चरण वि.सं.-२०००-२००३ मङ्सिर

तेस्रो चरण वि.सं. -२००३ पुष-२००९

चौथो चरण वि.सं. -२०१०-२०१५

देवकोटाको खण्डकाव्य परम्परामा 'मुनामदन' र 'राजकुमार प्रभाकर' दुईवटा मात्र खण्डकाव्य देखा पर्ने पहिलो चरणमा आख्यानात्मक खण्डकाव्य ढाँचा सुगठित र पुष्ट रूपमा प्रयोग गर्नुका साथै कविताको उत्कृष्ट सन्तुलन भएको देखिन्छ । त्यसैले 'मुनामदन' को असाधारण लोकप्रियताले उनको यस चरण विशेष प्राप्तिपूर्ण ठहर्दछ ।

त्यस्तै उनको खण्डकाव्ययात्रामा ७ वटा खण्डकाव्यकृतिहरू रचना गरिएको दोस्रो चरणमा संरचना कुशलता र सङ्गठन पक्षमा केही कमजोरी देखिए पनि परिमाणात्मक र खण्डकाव्यीय उत्कर्षता भेटिने हुनाले यो चरण पनि प्राप्तिपूर्ण देखिन्छ ।

देवकोटाको खण्डकाव्ययात्रामा तेइसवटा खण्डकाव्य रचना भएको तेस्रो चरण आशुकवित्व, प्रशस्त रचना, विषयवस्तु, ढाँचागत विविधता, लयगत विविधता, स्रोतगत विविधता, स्वच्छन्दतावादभित्र प्रगतिवादको प्रवेश, गद्य कविताको रचना आदि कारणले महत्वपूर्ण रहेको छ ।

उनको खण्डकाव्ययात्राको चौथो चरणमा 'परिवर्द्धित मुनामदन' बाहेक चारवटा नयाँ खण्डकाव्य देखा पर्दछन् । यस चरणमा स्वच्छन्दतावादी प्रगतिवादी समीकरणका साथै परिष्कारतर्फको उन्मुखता र हास्यव्यङ्ग्यधर्मी खण्डकाव्य रचनाका दृष्टिले उल्लेख्य रहेको छ ।

## ५.४ परिच्छेद चारको निष्कर्ष

यस परिच्छेदको शीर्षक 'पहाडी पुकारको कृतिगत विश्लेषण' रहेको छ । यस खण्डमा 'पहाडी पुकार' कृतिलाई खण्डकाव्यका तत्वका आधारमा र यसमा अभिव्यक्त वैचारिक चिन्तनका विषयमा विश्लेषण गरिएको छ ।

वनारस प्रवासकालमा रहेर देशको सामाजिक, आर्थिक, राजनीतिक अवस्थाको यथार्थ चित्रण गरी निरङ्कुश राणाशासनका विरुद्ध प्रजातान्त्रिक क्रान्ति सफल पार्ने महान् ध्येयले यस कृतिको रचना भएको हो ।

प्राकृतिक रूपमा पहाडी भूगोल र त्यहाँका विपन्न निरीह जनताको अन्तर्आत्माको अभिव्यक्ति नै 'पहाडी पुकार' हो । यसमा पहाडी देश नेपाल र यहाँका पछौटे विपन्न वर्गसँग स्वयम् देवकोटा आफूपनि एकाकार भई 'हामी' का रूपमा प्रस्तुत हुन्छन् र त्यही 'हामी' का रूपमा आएको काव्य नायकका अनुहार, रूपाकृति, पहिरन, खान-पिन, जीवनशैली, मानसिक, सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, न्यायिक अवस्थाको एक/एक शब्दचित्र नै काव्यका अघिल्ला अठ्ठाइस श्लोकमा भएको छ भने बाँकी पछिल्ला नौ श्लोकमा अब यस्तो अत्यासमय जिन्दगीको अन्त हुनुपर्नेमा जोड दिइएको छ ।

सरल, सरस, बोधगम्य भाषाशैलीमा लेखिएको यस काव्यमा तत्कालीन अवस्थाको मुलुक, मुलुकका जनता, तिनको यथार्थ जीवनपद्धति, त्यसो हुनुको कारण, जनहकको खोजी, मुक्तिको लडाइँमा ईश्वरको साथ, हक प्राप्त गरेरै छाड्ने दृढ अठोट आदिको क्रमिक शृङ्खला भेट्न सकिन्छ ।

वीररस प्रधान यस काव्यमा आफ्नो ज्यानको पर्वाह नगरी देश र जनहकका लागि बलिदान दिन तीब्र स्वरमा आह्वान गरिएको छ । बलिया, ठालु, ठुला, घुस्याहा, सरकार, ब्वाँसा, धूर्त-छली, धनी आदि विभिन्न उपनामले चिनाइएको शोषक वा सामन्त वर्गलाई काव्यको चौबिसौं श्लोकमा स्पष्टसँग राणा भनेर किटान गरिएको छ । सोही वर्गका कारण नेपाल देश र नेपाली जनता बेकम्मा, लुरे, लुम्रे, पछौटे वर्गको देश भनी संसारमा चिनिएको छ भन्दै न्यूनतम आधारभूत हक अधिकार सबैले पाउनै पर्छ भन्ने मानवतावादी चेतना यस काव्यमा प्रकट भएको छ ।

कवि नै समाख्याता भएर प्रथम पुरुष सर्वज्ञ दृष्टिविन्दुमा संरचित यस काव्यमा युगीन वेथिति र क्रान्तिचेत सम्बन्धी एउटै मूलभाव केन्द्रित रहेको छ । भाषिक सरलता,

मानवमूल्य र जनजागरणको त्रिवेणी प्रवाहित गरेको यस काव्यमा स्वतन्त्र, सार्वभौम र सम्पन्न देश भएको देख्न चाहने देशभक्तिपूर्ण भाव व्यक्त भएको छ ।

यस काव्यमा सोह्र अक्षरे झ्याउरे लोकलय देख्न सकिन्छ । काव्यमा नेपाली भाषाका शब्दको लेख्य मानक रूपकै प्रयोग गरे तापनि लय मिलाउनका लागि तिनको उच्चारण कतै कथ्य रूपमा र कतै लेख्य रूपमा गर्नुपर्ने देखिन्छ ।

कुनै खण्डविधानको प्रयोग नगरिएको यस काव्यमा भाषिक सरलताभित्र कलात्मकता, वैचारिकताभित्र स्पष्टता र काव्यात्मकता प्रबल रूपमा देख्न सकिन्छ । 'पहाडी पुकार' काव्य आख्यान निरपेक्ष कृति हो । त्यसैले यसलाई स्पष्टसँग खण्डकाव्य भन्ने नगरिएको भए तापनि पुष्ट वा सूक्ष्म आख्यानको प्रयोग नभएका खण्डकाव्यमा भावको एकान्विति, विचारप्रधान, पूर्णता, स्वायत्तता, सशक्ततामात्र पनि रहन सक्छ भन्ने मान्यताका आधारमा यस काव्यलाई लघु आयामको खण्डकाव्य मान्न सकिन्छ ।

भाषाशैलीका दृष्टिले 'नौनी' का रूपमा रहेको यस काव्यमा छाला काढनु, रुखमा फल्नु, पेट फुट्नु, मुख बाउनु आदि जस्ता टुक्कायुक्त पदावलीहरूले पाठकमा रागात्मकता र हृदयसंवेद्यता प्रदान गरेका छन् ।

काव्यमा प्रगतिशील स्वर प्रकट भए तापनि काव्यको उत्तरार्द्धमा ईश्वरको साथलाई अपरिहार्य मानिएकाले उनमा केही विरोधाभासी चिन्तन पनि देख्न सकिन्छ तर यसलाई संस्कारजन्य मानसिकता मान्न सकिन्छ ।

यसरी आत्मकथनात्मक र आह्वानात्मक शैलीमा लेखिएको यो काव्य जनताको स्वाभिमानको गायन र सङ्घर्षचेतको शीर्ष अभिव्यक्ति हो ।

## ५.५ मूल्याङ्कन

'पहाडी पुकार' को कृतिगत विश्लेषणबाट निम्न लिखित निष्कर्ष निकाल्न सकिन्छ ।

१. 'पहाडी पुकार' काव्यको रचना लक्ष्मी प्रसाद देवकोटाद्वारा वि.सं. २००५ सालमा वनारस प्रवास कालमा भएको हो ।

२. यस काव्यको विषयवस्तुको प्रेरणास्रोत देशको सामाजिक, आर्थिक, राजनीतिक अवस्था हो ।

३. पहाडी जनता र उनीहरूको अन्तर्आत्माको अभिव्यक्तिका आधारमा नै यस काव्यको नामकरण गरिएको हो ।

४. यस काव्यमा अप्रत्यक्ष रूपमा वर्गीय चरित्र शोषक वर्ग र शोषित वर्ग आएका छन् ।

५. यो आख्यान निरपेक्ष काव्य हो ।

६. पुष्ट आख्यानको प्रयोग नभए तापनि भावको एकान्विति, विचार प्रधान, पूर्णता, सशक्तता र स्वायत्तता यस काव्यमा देख्न सकिन्छ ।

७. 'पहाडी पुकार' काव्यमा व्यक्त विद्रोही चेतना जनक्रान्तिका धरातलबाट हेर्दा अब्बल दर्जाको देखिन्छ ।

८. राणाशासनको चर्को ज्यादतिका विरुद्ध मुक्तिका लागि आवाज बुलन्द हुँदै गरेको द्वन्द्वग्रस्त कठिन परिस्थिति नै यस काव्यको परिवेश हो ।

९. यस काव्यमा अन्य भावको संयोजन गरिएको भए पनि उत्साह भाव नै केन्द्रीय भावका रूपमा आएको छ र वीर रसलाई चरमोत्कर्षमा पुऱ्याइएको छ ।

१०. जम्मा ३७ श्लोक भएको यस काव्यमा खण्डविधानको संयोजन गरिएको छैन ।

११. नेपाली लोक लय झ्याउरे छन्दको प्रयोग गरिएको यस काव्यमा अन्त्यानुप्रासीयताको विधानले प्रवाहमयता र साङ्गीतिकता प्रदान गरेको छ ।

१२. यस काव्यमा बिम्ब, प्रतीक र अलङ्कारको सफल प्रयोग भएको छ ।

१३. सम्बोधकका रूपमा स्वयम् स्रष्टा र सम्बोधितका रूपमा तमाम दीनहीन नेपाली जनता आएका छन् ।

१४. वर्णनात्मक शैलीमा लेखिएको यस काव्यमा कवि नै समाख्याता भएर प्रथम पुरुष सर्वज्ञ दृष्टिविन्दुमा आएका छन् ।

१५. सरल अभिव्यक्तिमा खँदिला विचारहरू अभिव्यक्त भएको काव्य हो ।

१६. छोटा छोटा तत्भव नेपाली लोक भाषाका शब्दहरूको प्रयोग गरी निरक्षर नेपाली जनतालाई पनि क्रान्तिमा होमिन आह्वान गरिएको यो काव्य वैचारिक चेतनाका दृष्टिले पनि उत्कृष्ट काव्य हो ।

१७. प्रस्तुत 'पहाडी पुकार' खण्डकाव्य नेपाली प्रगतिशील विचारधारा र क्रान्तिकारी विद्रोही चेतनाका दृष्टिले प्रथम सशक्त काव्य हुनाले यसको ऐतिहासिक महŒव रहेको छ ।

उपर्युक्त तथ्यहरूका आधारमा हेर्दा देवकोटाको लघु आयामको यस खण्डकाव्यलाई जनताको स्वाभिमान र सङ्घर्ष चेतको शीर्ष अभिव्यक्ति भएको काव्य कृति मान्न सकिन्छ ।

प्रस्तुत शोधपत्रमा लक्ष्मी प्रसाद देवकोटाद्वारा रचित 'पहाडी पुकार' खण्डकाव्यको समग्र पक्षमा कृतिगत विश्लेषण गरिएको छ । मूल रूपमा खण्डकाव्य तत्वलाई आधार मानेर त्यसैका सापेक्षतामा यस काव्यलाई पनि विवेचना र विश्लेषण गर्ने काम यो शोधकार्यमा भएको छ । त्यसका अतिरिक्त 'पहाडी पुकार' काव्यका सम्बन्धमा आगामी शोधार्थीहरूका लागि निम्न शीर्षकहरू पनि उपयुक्त हुने देखिन्छ ।

## सम्भावित शोध शीर्षकहरू:

१. प्रगतिशीलताका आधारमा 'पहाडी पुकार' को विश्लेषण

२. 'पहाडी पुकार' मा अभिव्यक्त देवकोटाको वैचारिकता

३. 'पहाडी पुकार' को सामाजिक, सांस्कृतिक विश्लेषण

# सन्दर्भग्रन्थ सूची

अवस्थी, महादेव (२०६१), **लक्ष्मी प्रसाद देवकोटाको खण्डकाव्यकारिता** काठमाडौँ: एकता बुक्स ।

”　　” (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौँ: इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

”　　” (२०६५), **देवकोटा र सृजामाता खण्डकाव्य**, काठमाडौँ: एकता बुक्स ।

उपाध्याय, केशवप्रसाद (२०३०), **साहित्य प्रकाश**, काठमाडौँ: साझा प्रकाशन ।

गुप्त, अभिनव (२०२१), लोचनटीका **ध्वन्यालोक**, वाराणसी: चौखम्बा विद्या भवन ।

जोशी, कुमारबहादुर (२०५७), **देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन** (दो.सं.) काठमाडौँ: साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-१,** (ते.सं.) काठमाडौँ: साझा प्रकाशन ।

”　　” (२०४९), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-२,** (ते.सं.) काठमाडौँ: साझा प्रकाशन ।

”　　” र अन्य (२०६५), **नेपाली कविता भाग-४** (पाँ.सं.), काठमाडौँ: साझा प्रकाशन ।

देवकोटा, लक्ष्मी प्रसाद (२०३८), ‘भूमिका’ (ते.सं.) **पहाडी पुकार** लेखक पद्मप्रसाद देवकोटा चावहिल: देवकोटा जयन्ती आयोजक समिति ।

पाण्डे, नित्यराज (२०१७), **महाकवि देवकोटा**, ललितपुरः मदन पुरस्कार गुठी ।

पोखरेल, भानुभक्त (२०४०), **सिद्धान्त र साहित्य** विराटनगर ।

बन्धु, चूडामणि (२०३६), **देवकोटा**, काठमाडौँः साझा प्रकाशन ।

विश्वनाथ (सन् १९०९), **साहित्यदर्पण**, (पाँ.सं.) वाराणसीः चौखम्बा विद्या भवन ।

भामह, (२०१९), **काव्यालङ्कार**, विहारः राष्ट्रभाषा परिषद् ।

रुद्रट, (सन् १९६५), **काव्यालङ्कार**, दिल्लीः वासुदेव प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०२८), **साहित्यप्रदीप**, (दो.सं.) काठमाडौँः नेपाल एकेडेमी ।

## अप्रकाशित शोधप्रबन्ध

न्यौपाने, नेत्रप्रसाद (२०६४) **देवकोटाका काव्यकृतिमा मानवतावाद** विद्यावारिधि अप्रकाशित शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग, त्रि.वि.वि. कीर्तिपुर पृ.२१३-२१७ ।

न्यौपाने, मधुविलास (२०५८), **मायाविनी सर्सीको कृतिपरक अध्ययन**, स्नातकोत्तर अप्रकाशित शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि.वि. कीर्तिपुर पृ. १३ ।

वोस्ती, भोजराज (२०६५), **सौरी खण्डकाव्यको कृतिपरक अध्ययन**, स्नातकोत्तर अप्रकाशित शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि.वि. कीर्तिपुर पृ.५८ ।

## पत्रपत्रिकाको सूची

अधिकारी, वासुदेव (२०६६), 'पहाडी पुकार जनमर्मको म्युजियम' '**भृकुटी**'; देवकाटा शतवार्षिकी विशोषाङ्क, पूर्णाङ्क ५ (पृ.३८४-३८८) ।

ज्ञवाली, रामप्रसाद (२०६५/६६), महाकवि देवकोटाका रचनाहरूमा वर्गीय पक्षधरता र प्रगतिशीलता '**कुञ्जिनी**', १६:१३ नेपाली केन्द्रीय विभाग, त्रि.वि.वि. कीर्तिपुर (पृ.१२९-१४३) ।

पाण्डेय, ताराकान्त (२०५५/५६), 'देवकोटाको खण्डकाव्यकारिता प्राप्ति र सीमाका परिप्रेक्ष्यमा' '**वाङ्मय**'; १५:८ नेपाली केन्द्रीय विभाग त्रि.वि.वि. कीर्तिपुर (पृ.२१-३१) ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४३), 'नेपाली साहित्यमा स्वच्छन्दतावादः अङ्ग्रेजी प्रभाव र महाकवि देवकोटा' '**गरिमा**'; ४:११ (पृ.९६-१०१) ।

बराल, ऋषिराज (२०६६), 'देवकोटामा विद्रोह चेतनाः मूल्य निरूपणको प्रयास' '**भृकुटी**'; देवकोटा शतवार्षिकी विशेषाङ्क पूर्णाङ्क ५ (पृ.९-२१) ।

भट्ट, गोविन्द (२०२५), 'लक्ष्मी प्रसाद देवकोटामा क्रान्तिकारी प्रवृत्ति ' '**भानु**', ५:१२ (पृ.३३९-३७९) ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६६), 'पहाडी पुकारमा प्रगतिवादी क्रान्ति चेत' '**गरिमा**', २७:११ पूर्णाङ्क ३२३ (पृ.६१-६५) ।

शर्मा, सुकुम (२०६७), 'पहाडी पुकारमा देवकोटाको क्रान्तिचेत' '**कौशिकी**', १०:२ पूर्णाङ्क ४४ (पृ.२९२-३०३) ।

सिंह, मोहनबिक्रम (२०६६), 'लक्ष्मी प्रसाद देवकोटाः वैचारिक पक्षको अध्ययन' '**भृकुटी**', देवकोटा शतवार्षिकी विशेषाङ्क पूर्णाङ्क ५ (पृ.३१३- ३४०) ।